मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ६८ कार्तिक-मंसिर ०६५



मूल्य : रु. २०/-

# बन्द गर महिला हिंसा

RESEARCHERS

STUDENTS

ACADEMICS

ACTIVISTS




# Visit INSEC Library to have access to

## Human Righs Resources and Information

### Books on Human Rights Including :

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages





### Facilities :

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

इन्सेक insec

**Informal Sector Service Centre (INSEC)**

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १६, पूर्णाङ्क ६८, कार्तिक-मंसिर २०६५

## बन्द गर महिला हिंसा

- महिलामाथि हुने हिंसा र यसको अन्त्यका लागि चालिनुपर्ने कदमहरु : एक चर्चा ७
- नेपालको सन्दर्भमा महिला अधिकारको कानुनी संरक्षण १०




**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
प्रतिवेदन वैद्य

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

**व्यवस्थापन**
शैलेश शर्मा

- शान्ति प्रक्रियामा महिला सहभागिताका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव १३२५ को सान्दर्भिकता १३
- बोक्सी प्रथा : एक सामाजिक कलङ्क १५
- सेना समायोजनको बहस र नेपालको शान्ति प्रक्रिया २६
- फिचर : महिलामाथि हुने हिंसाको अवस्था : एक चर्चा ३०
- मानवअधिकार विश्वव्यापी घोषणापत्र र महिलाका सवालहरु ३२
- महिला हिंसा अन्त्यका लागि महिला सभासदको भूमिका ३५
- एक दशक लामो सशस्त्र द्वन्द्वको जीवन्त दस्तावेज :"मैना" चलचित्र ३७
- प्रतिवेदन : महिला हिंसाको अवस्था ३८

**नियमित स्तम्भहरु**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- सामयिक ६
- जनमत १७
- अन्तर्वार्ता ५

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौँ
फोन : ४७७१४४८



बन्दै गरेको नयाँ संविधान देशका तमाम महिलाहरूको शीर सँधै ठाडो पार्ने अधिकार सम्पन्न र उन्नत संविधान हुनेछ तर त्यसको निमित्त सबै जाति, भाषा, धर्म, क्षेत्र, वर्ग र आस्थाका महिलाहरू यही समयमा जागरुक हुनु पर्छ।

**सुवासचन्द्र नेम्वाङ्**
अध्यक्ष, संविधानसभा



महिला हिंसा सबैको साझा समस्या भएकाले परापूर्वदेखि चल्दै आएको पुरुषप्रधान देशको सामन्ती संस्कारलाई चिर्दै राजनीतिक दृष्टिकोण, आर्थिक, सामाजिक, लैङ्गिक असमानतालाई अन्त्य गरी महिलालाई हर क्षेत्रमा समानता सक्रियतापूर्वक लाग्न सक्ने वातावरण सिर्जना गर्नका लागि सबै क्षेत्रका महिला एक हुनु पर्छ।

**पूर्णकुमारी सुवेदी**
उपाध्यक्ष, संविधानसभा



नेपालको कानुनले महिलामाथि हुने हिंसालाई केवल महिला र परिवारको समस्याको रूपमा हेरेको छ। पीडितमुखी न्यायप्रणालीको अभावका कारण आफूमाथि भएको हिंसाको उजुरीदेखि न्यायप्रणालीका लागि गरिने हरेक पहलमा महिला झन बढी पीडित हुने गरेका छन् ।

**डा. रेणुराज भण्डारी**
अध्यक्ष,ओरेक



हरेक ठाउँमा महिला सहभागिता गराउने निर्णय सबै ठाउँबाट गर्ने तर सहभागिता नगराउने प्रवृति हावी हुँदै गएको बर्तमानको तीतो यथार्थता हो।

**शर्मिला कार्की**
महिला अधिकारकर्मी

## कार्टून



**साभार**
प्राची संचेतना द्वैमासिक
२०५४,पूर्णाङ्क २०

प्रिय पाठक !

**तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आउन् भन्ने तपाइँको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# बन्द गर महिला हिंसा

देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ । लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात् राजनीति तथा अन्य क्षेत्रमा महिलाको सहभागितामा केही हदसम्म वृद्धि भए पनि महिलामाथि हुने हिंसामा भने कमी आउन सकेको छैन । महिलामाथि गरिने सबै प्रकारका हिंसा उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र-१९९३ अनुसार महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवम् हिंसात्मक व्यवहारहरू हो । यस्तो खाले व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिकाउपर गरिने यौन शोषण, दाइजोका कारणले गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्र बलात्कार, यौनोच्छेदनका साथै विभिन्न किसिमका घातक सामाजिक, सांस्कृतिक परम्पराहरू पर्छन् तर हिंसाको परिभाषा यिनीहरूमा मात्रै सीमित भने हुँदैनन् । नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न प्रतिबद्धताहरू जनाइसकेको छ तर व्यवहार भने त्यस अनुरूपको हुनसकेको छैन ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि-१९७९ लाई नेपाल सरकारले २२ अप्रिल १९९१ मा अनुमोदन गरिसकेको छ भने नेपालको अन्तरिम संविधानमा पनि लिङ्गका आधारमा विभेद नहुने कुरा उल्लेख छ । तर, व्यावहारिक रूपमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आउनसकेको छैन । नेपालमा महिलाविरुद्ध हुने विभिन्न हिंसाहरू यौन दुर्व्यवहार, यातना, बेचविखन, हाडनाता करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल, महिलामाथि हातपात, कुटपिट, वैवाहिक बलात्कार, भ्रुणहत्या, बहुविवाह, बालविवाह, बोक्सीको आरोप, देउकी प्रथा, कुमारी प्रथा, लैङ्गिक विभेदजस्ता प्रमुख रूपमा रहेका छन् । जस्तो नेपालगन्जकी हाश्रुन इद्रिसीलाई दाइजो नल्याएको निहुमा उनकै परिवारका सदस्यले जलाएर मार्ने प्रयास गरेका थिए । इन्सेक अनलाइनका अनुसार, यस वर्ष जनवरीदेखि अक्टोबर महिनासम्म १ सय ३४ ओटा बलात्कार र बलात्कार प्रयासका घटना प्रकाशमा आए । जसमा, एक बालकसहित १ सय ३७ जना बालिका तथा महिलाहरू पीडित भएका छन् । पाँच घटनामा पीडितको बलात्कारपछि हत्या भयो । जसमध्ये एक घटनामा बलात्कार प्रयासको प्रतिकार गर्दा एक युवतीको हत्या गरियो । बलात्कारका घटनामा ३३ महिना उमेर समूहदेखि ६३ वर्ष समूहका वृद्धासमेत बलात्कृत भएका छन् । यसैगरी यस अवधिमा २१ ओटा बलात्कार प्रयास र २६ ओटा सामूहिक बलात्कारका घटना भए । यो प्रतिवेदनले नेपालमा महिलामाथि हुने हिंसाको व्यापकता देखाउँछ । महिलाविरुद्ध हुने विभिन्न हिंसाहरूमा जनचेतनाको कमी तथा पितृसत्तात्मक समाजका कारण महिलाहरू हिंसाका घटनालाई लुकाएर बस्न बाध्य भएका छन् । त्यस्तै, नेपालको प्रहरी प्रशासनको अनुसन्धान र न्याय प्रदान गर्ने प्रक्रियामा देखिएको कमजोरीका कारणसमेत विभिन्न किसिमका हिंसाबाट पीडित महिलाहरूले न्याय प्राप्तिका लागि कुनै पहल गर्न नसकेका हुन् । जस्तो, सुनसरी जिल्लामा दुई महिनाको अवधिमा सातओटा बलात्कारका घटना सार्वजनिक भए पनि एक जनालाई मात्र पक्राउ गर्नु र अन्यको किटानी जाहेरीसमेत पर्दा अपराधीहरूलाई पक्राउ नगरी उनीहरूलाई प्रोत्साहन गरेको पीडितहरूको गुनासो छ । प्रहरी प्रशासनले आफूहरूलाई न्याय गर्छ भन्ने विश्वास पीडितहरूलाई नहुँदा उनीहरू न्यायप्राप्तिका लागि पहल गर्नबाट पछाडि हटेका हुन् । महिलामाथिको हिंसाको अन्त्यका लागि स्वतन्त्र आयोगको माग तथा कञ्चनपुरकी महिला मानवअधिकार रक्षक लक्ष्मी बोहराको हत्यासम्बन्धमा स्वतन्त्र आयोग गठनको मागको सुनुवाइ नभएपछि महिला अधिकारकर्मीहरूले माइतीघर मण्डलामा धर्ना बस्नुका साथै अर्धनग्न जुलुससमेत गर्नुपऱ्यो । यो घटनाले के देखाउँछ भने महिलाहरूको अधिकारको सम्मानका लागि हाम्रो समाज अझै पनि पूर्ण रूपमा तयार भइसकेको छैन ।

केवल मानवअधिकार र महिला अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गर्ने र संविधान र कानुनमा संशोधन गरेर मात्रै यस्ता हिंसामा कमी आउने छैन । अन्तर्राष्ट्रिय प्रतबद्धता जाहेर गर्दै निर्माण भएका कानुनहरू पूर्ण रूपमा लागू गर्नैपर्छ । महिला हिंसाको अन्त्यका लागि नियम र कानुन बनाएर मात्र नभई सर्वप्रथम महिलाहरू दोस्रो दर्जाका नागरिक हुन् भन्ने मानसिकतामा परिवर्तन आउन जरुरी छ । यसका अतिरिक्त भएका नीति तथा नियमहरूको प्रभावकारी कार्यान्वयनको समेत खाँचो रहेको छ । महिला हिंसा कुनै वर्ग वा समुदायका मानिसको एकल प्रयासबाट अन्त्य हुने होइन, यसका लागि मानवअधिकारकर्मी, सञ्चारकर्मी, प्रहरी प्रशासन, राज्य र गैरराज्य पक्ष सबै एकजुट भएर महिला हिंसालाई निरुत्साहित गर्नुपर्छ । महिला हिंसाको अन्त्यका लागि नीति निर्माणको तहमा महिलाहरूको समानुपातिक तथा प्रभावकारी सहभागिता अपरिहार्य हो । महिला हिंसाको अन्त्य गर्नका लागि महिलाहरूलाई आर्थिक र सामाजिक रूपले सशक्त बनाउनुपर्छ ।

अहिले देश संविधानसभामार्फत नयाँ संविधान निर्माणको चरणमा छ । यदि नयाा बन्ने संविधानमा महिलाका सवालहरू समावेश नभएमा त्यसले समाजमा विभिन्न किसिमका द्वन्द्वलाई निम्त्याउनेछ तसर्थ, महिला समावेशीकरण र महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने कुरालाई आगामी संविधानमा प्राथमिकताका साथ समावेश गरिनुपर्छ । महिलामाथि हुने सबै प्रकारमा हिंसा अन्त्य भई समावेशी नेपालको निर्माण नभएसम्म नेपाली जनताको नयाँ नेपालको चाहना पूरा हुन सक्दैन । तसर्थ, सबै जना यसतर्फ सचेत हुनु जरुरी छ ।



# संवेदना शून्य शासन व्यवस्था

- सुबोधराज प्याकुरेल

**नेपालको राजनीति भन्नु नै सडक जाम गर्नु हो भन्ने भएको छ। जहाँ पुग्यो त्यसलाई बन्द गर्नु र बलजफ्ती गर्नु नै राजनीति हो भन्ने व्यवहार स्थापित हुन थालेको छ। यस्तै बलजफ्ती नहुञ्जेल सरकार ब्युँतिदैन। नेपालको शासन संवेदनाशून्य छ। च्यापुमा धक्का नलागुञ्जेल उसले वास्तै गर्दैन।**

०६२ मंसिरमा सात दल र माओवादीबीच भएको समझदारी यता थुप्रै सम्झौता भए। उक्त सम्झौतापछि ०६३ जेठमा भएको युद्धविराम आचारसंहिता, ०६३ कार्तिकको निर्णय, ०६३ मंसिर ५ को विस्तृत शान्ति सम्झौता, ०६३ चैतको प्रतिबद्धता, ०६४ पुसको सहमति र ०६५ असारको सहमतिका दस्तावेजहरू सबैमा माओवादीद्वारा कब्जा गरिएका निजी र सरकारी सम्पत्ति फिर्ता गर्ने कुरा उल्लेख छ। ०६३ मंसिरको शान्ति सम्झौतामा कब्जा गरिएका सम्पत्ति तत्काल फिर्ता गर्ने भनिएको छ भने चैत १६ को प्रतिबद्धतापत्रमा सम्पत्ति फिर्ताको विषयमा अनुगमन समिति बनाउने र फिर्ता नगरे प्रशासनिक कारबाही गर्ने भनिएको छ। ०६५ असारको सहमतिले १५ दिनभित्र माओवादीद्वारा कब्जा गरिएका सम्पूर्ण सम्पत्ति फिर्ता गर्ने भनेको छ। यही विषयमा कांग्रेसले तत्काल कार्यान्वयनको विषयमा माग राखेर अहिले संविधानसभाको बैठक अवरुद्ध पारेको छ। दलितहरूका लागि शिक्षा क्षेत्रमा विगतमा छुट्याइएको १५ प्रतिशतको कोटा १ प्रतिशतमा झारिएको विरोधमा साना दलहरूले पनि बैठक अवरुद्ध पारेका छन्। मधेशी पार्टीहरूले विगतमा गरिएका सहमतिको परिपालना भएन भन्दै संसदको बैठक अवरुद्ध पार्ने गरिरहेका छन्। २०१३ सालमा अधिग्रहण गरिएको जग्गाको आजको मूल्यमा मुआब्जा पाउनैपर्ने र कीर्तिपुरबासीले उपचार र जागिरमा ६० प्रतिशतको आरक्षण, शुल्क छुट पाउनुपर्ने मागसहित त्रिभूवन विश्वविद्यालय र बल्खुचोक घेरेका छन्। दैनिक सरदर २० देखि ३० ठाउँमा सडक जाम हुन्छ। पशुपतिका भट्टदेखि घरजग्गाको विवादसम्म हरेक विषयमा सडक जाम गराइन्छ। हरेक सडक जामको अगुवाइ राजनीतिक दलका मान्छेहरूले गर्ने गर्छन्।

नेपालको राजनीति भन्नुनै सडक जाम गर्नु हो भन्ने भएको छ। जहाँ पुग्यो त्यसलाई बन्द गर्नु र बलजफ्ती गर्नु नै राजनीति हो भन्ने व्यवहार स्थापित हुन थालेको छ। यस्तै बलजफ्ती नहुञ्जेल सरकार ब्युँतिदैन। नेपालको शासन संवेदनाशून्य छ। च्यापुमा धक्का नलागुञ्जेल उसले वास्तै गर्दैन।

यस्तो बलजफ्तीको कारण बिना सरोकारका सर्वसाधारण सबभन्दा बढी मर्कामा पर्छन्। जनता मानवअधिकारकर्मीहरूसँग यस्ता समस्याबाट मुक्तिका लागि पहल गरिदिन आग्रह गर्न आइपुग्छन्। बजार बन्द, बाटो बन्द, हड्ताल, शान्ति सुरक्षा र सेवामा लापरवाही जस्ता विषयले अधिकारकर्मीहरूको अधिकांश समय लिने गरेको छ। हामी अधिकारकर्मीहरू जनताको दैनिकीउपरको यो बलजफ्तीलाई बेवास्ता गर्न पनि सक्दैनौं। अहिलेको मुख्य काम भनेको आमनागरिकको स्वतन्त्रता र सुरक्षाको जगेर्ना गर्नु र विरोधको नाममा जबर्जस्ती गर्नु अराजनीतिक, गैरकानुनी कुरा हो भन्ने चेतनाको विकास गर्नु हो। कतिपय अवस्थामा आपसी सम्वादको कमी र बुझाइमा फरक पर्नाले पनि विवादले उग्र रूप लिने गर्छ। यस्तो सम्वादको समस्यालाई अधिकारकर्मीहरूले समाधान गरेका छन्। तर, संवेदना र तत्परतामा कमी भएको अवस्थामा भने हामीलाई समस्या पर्ने गर्छ। सङ्क्रमणकालको अन्यौल र अति उत्साहको कारणले अधिकारकर्मीहरूको दैनिकी अनेक प्रकारका अप्रत्यासित घटनाहरूमा अलमलिने गरेको छ। राज्य र चेतनशील राजनीतिकर्मीहरूले गर्नुपर्ने समाधानका विषयमा पनि अधिकारकर्मीहरूले संलग्न हुनु परिरहेको छ। यस्तो विषयमा हामी समस्याहरूको समाधानमा सहजीकरणसम्म गर्न सक्छौं। यो सहजीकरणको प्रकृयामा आपसी सम्वादको संस्कृति निर्माण गर्न प्रयत्नरत रहन्छौं। हामी चाहन्छौं कि राज्यका सरोकारवाला निकायहरूले तत्परताका साथ आफ्नो भूमिका निर्वाह गरून। जनताका दैनन्दिन विषयमा कतैबाट पनि हस्तक्षेप नहोस्। कानुन परिपालनाको विषयमा सरकार प्रभावशाली बनोस्। समस्याहरूको समाधान गर्ने काममा प्रत्यक्ष संलग्न हुनुपर्ने अवस्थाबाट मुक्त भएर अधिकारकर्मीहरू अनुगमन, संचेतना र मानवअधिकार शिक्षाको काममा दत्तचित्त हुन पाऊन। नयाँ वर्ष २००९ मा हाम्रो अपेक्षा यही छ।

# राजनीतिक दलहरू जानेर वा नजानेर महिला हिंसालाई प्रश्रय दिन उन्मुख छन् : प्याकुरेल



**महिला हिंसा विरूद्ध १६ दिने अभियान सञ्चालन भइरहेकै बेला नेपालमा महिलाअधिकारको क्षेत्रमा कार्यरत विभिन्न मानवअधिकार संस्था एवम् मानवअधिकार आन्दोलनका नेताहरू नेपालमा महिला विरूद्ध हुने हिंसामा कमी नआएको धारणा सार्वजनिक गरिरहेका छन्। यसै सन्दर्भमा मानवअधिकार आयोगका पूर्वआयुक्त एवम् इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलसँग नेपालमा महिला हिंसाको अवस्था र यसको अन्तको लागि चालिनुपर्ने कदमको बारेमा इन्सेकका सहायक प्रमुख अधिकृत बालकृष्ण बस्नेतले गर्नु भएको कुराकानी प्रस्तुत गरिएको छ ।**

**नेपालमा यति धेरै परिवर्तन भइसक्दा समेत महिलाअधिकार हननका घटनामा कमी नहुनु कारण के होला ? यसमा सुधार ल्याउन के गर्नुपर्ला ?**

नेपालमा महिलाअधिकार हनन्को घटनामा कमी नहुनुको कारण प्रथमत: समाजमा महिला हिंसालाई मानवअधिकार हनन्को रूपमा आत्मसात गर्न नसक्नु हो। महिला हिंसालाई नेपालका राजनीतिक पार्टीहरूले सस्तो राजनीतिक नाराको रूपमा उपयोग गर्ने, संवेदनशील नहुने प्रवृतिको निरन्तरता अर्को कारण हो। यसका अलावा हाम्रो सामाजिक आदर्श, मूल्य-मान्यताहरू पनि महिलाअधिकार हनन्का कारणहरू हुन्। देशमा जुन तन्त्र आए पनि हाम्रो समाज अझै पनि परम्परावादी सोचबाट नै निर्देशित छ। महिलाअधिकारको सन्दर्भमा कुरा गर्दा के बिर्सनु हुन्न भने महिलाहरू सम्मानका लागि मात्र होइनन् शक्ति र अधिकारका लागि पनि हुन् ।

नेपालमा महिलाअधिकार हनन्का घटनामा कमी नआएको वा महिला हिंसाका घटना बढदै गएको विषयलाई निरपेक्ष रूपमा बुझ्नुहुन्न भन्ने मलाई लाग्छ। विगतमा महिला हिंसा कम हुन्थे, पछिल्लो समयमा हिंसाको मात्रा बढेको हो भन्ने सवालमा मेरो बुझाई अलिक पृथक छ। मलाई लाग्छ समाजमा हिजो पनि प्रशस्तै महिला हिंसा र महिलाअधिकार हननका घटना हुन्थे तर, पछिल्लो समयमा सञ्चारमाध्यमको पहुँच तथा विभिन्न सामाजिक संस्थाहरूको प्रयास र समयमा परिवर्तनको लागि भएका आन्दोलनहरूमा महिलाको सहभागिताले गर्दा पनि हिंसाका घटनाहरूको उजागर पनि बाक्लो हुन थालेको हो। अझै पनि विकट र ग्रामीण क्षेत्रको भन्दा शहरी, शिक्षित र सञ्चारको पहुँच पुगेको क्षेत्रमा भएका अधिकार हनन् र हिंसाका घटनाहरू हामी माझ बढी आउँछन्। यसको अर्थ दुर्गम गाउँमा हिंसाका घटना कम हुन्छन् वा हुँदैनन् भन्ने होइन। अर्को यथार्थ के पनि हो भने विशेष गरी पहाडी क्षेत्रहरू हिजो माओवादीले सशस्त्र युद्ध गर्दै गर्दाको समयमा उनीहरूले आफ्नो नियन्त्रणमा रहेको भन्ने गरेको क्षेत्रमा भए गरेका महिला हिंसाका घटनाहरू उनीहरू सार्वजनिक हुन दिँदैनथे। यसको साथै माओवादी नेतृत्व बलात्कार जस्तो हिंसालाई पनि नियन्त्रण गर्ने प्रयास गर्थे।

पछिल्लो समयमा तराई क्षेत्रका महिला हिंसाका घटनामा बृद्धि भएको पाइन्छ। यसको लागि सशस्त्र समूहहरू पनि धेरै हदसम्म जिम्मेवार छन्। एकाध सङ्गठनबाहेक त्यस क्षेत्रमा हाल सशस्त्र आन्दोलन गर्दै गरेका समूहहरू गैरराजनीतिक र अपराधिक चरित्रका छन्। राजनीतिको नाममा अराजनीतिक व्यक्ति र समूहहरूको हातमा बन्दुक छ। त्यस्ता समूहहरू जातीय र साम्प्रदायिक हिंसा फैलाउन चाहान्छन्। अर्कोतिर राज्यको सुरक्षा संयन्त्रको कमजोर स्थिति तथा हिंसाको राजनीतिकरण गर्ने प्रकृतिले पनि उनीहरूलाई महिला हिंसा र बलात्कार सामान्य जस्तै भएको छ। परिणाम मधेसमा दिनानुदिन महिला हिंसा र बलात्कारका घटनाहरूमा बृद्धि भइरहेको छ।

महिलाअधिकारको संरक्षण गर्न महिला विरूद्धको हिंसालाई गम्भीर अपराधको श्रेणीमा राखिनु पर्छ। संयुक्त राष्ट्रसङ्घले महिला हिंसालाई मानवता विरूद्धको अपराधअन्तर्गत राखेको छ। तसर्थ नेपालमा पनि यसलाई मानवता विरूद्धको अपराध मानिनु पर्छ।

**महिला हिंसाको अन्त्यका लागि सबैभन्दा जुझारू भएर लाग्नु पर्ने निकाय राजनीतिक दलहरु नै हुन्। राजनीतिक प्रतिबद्धताबिना महिलाअधिकार संरक्षणको विषय फगत बहस मात्र हुन्छ। नेपालका राजनीतिक दल र तिनका भातृ सङ्गठनहरु केवल राजनीतिमुखी मात्र बनेका छन्। दलका महिलासम्बन्धी भातृसङ्गठन पनि महिलाका राजनीतिक मुद्दाको सेरोफेरो भन्दा बाहिर जान सकिरहेका छैनन्।**

---

**नेपालमा महिला हिंसाको अन्त्यका लागि भएका कानुनी प्रावधानहरू पर्याप्त छन्, वा के-कस्ता कानुनी प्रावधान भए अझ राम्रो हुन्थ्यो ?**

मलाई लाग्छ, महिला हिंसा कानुनद्वारा मात्र समाप्त पार्न सकिन्छ। कानुन एउटा आधार मात्र हो। हाल अस्तित्वमा रहेका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन सक्ने हो भने पूर्णरूपमा नभए पनि धेरै हदसम्म महिलाअधिकारको संरक्षण गर्न र महिला हिंसाका घटनामा कमी ल्याउन सकिन्छ। अझै यी कानुनहरू परिष्कृत हुन सक्यो भने अवश्य नै बढी प्रभावकारी हुन सक्छ।

**महिलाअधिकार संरक्षणको निमित्त नेपालमा कुनचाहिं निकाय बढी प्रभावकारी हुनुपर्थ्यो र हुन सकिरहेको छैन् ?**

के लाई प्रभावकारी भन्ने वा के गऱ्यो भने प्रभावकारी हुने भन्ने विषयलाई सहजै अन्दाज गर्न नमिल्ला। निकायकै मात्र कुरा गर्ने हो भने पुलिसमा पनि महिला सेल भनेर खडा गरिएकै छ। अन्य क्षेत्रमा पनि केही न केही संयन्त्र निर्माण गरिएकै छ। राष्ट्रिय मानवअधिकार आयोग र महिला आयोग जस्ता राष्ट्रिय संयन्त्र पनि निर्माण गरिएका छन्। तर राज्यको संयन्त्रले महिलाअधिकारको कुरालाई गम्भीर मुद्दा नठान्नु सबैभन्दा दुःखद पक्ष हो। आमरूपमा कसैलाई गोली लाग्यो भने त्यसलाई हिंसाको रूपमा हेरिन्छ तर महिला बलात्कृत भएको विषय भने ओझेलमा पर्छ। घण्टा-घण्टामा महिलाहरू बलात्कृत भएर जिउँदै मर्नु परेको पीडा आजसम्म कसैको नारा वा विरोधको विषय बनेको छैन्। महिला हिंसाको अन्त्यका लागि सबैभन्दा जुझारु भएर लाग्नु पर्ने निकाय राजनीतिक दलहरू नै हुन्। राजनीतिक प्रतिबद्धताबिना महिलाअधिकार संरक्षणको विषय फगत बहस मात्र हुन्छ। नेपालका राजनीतिक दल र तिनका भातृ सङ्गठनहरू केवल राजनीतिमुखी मात्र बनेका छन्। दलका महिलासम्बन्धी भातृसङ्गठन पनि महिलाका राजनीतिक मुद्दाको सेरोफेरो भन्दा बाहिर जान सकिरहेका छैनन्। कुनै पनि दलका त्यस्ता सङ्गठनहरूले महिला हिंसाका मुद्दालाई आफ्नो अभियानमा समावेश गर्न सकेका छैनन्। सबैभन्दा दुःखद कुरो त के हो भने राजनीतिक दलहरू जानेर नजानेर महिला हिंसालाई प्रश्रय दिनमा उन्मुख छन्। पछिल्लो उदाहरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ होला। सरकारले राजनीतिक मुद्दाको बहानामा कतिपय बलात्कारीहरूको पनि मुद्दा फिर्ता लियो। म प्रश्न गर्न चाहान्छु के बलात्कार पनि राजनीतिक मुद्दा हो ? कसरी मन्त्रिपरिषद्ले यस्तो विषयलाई स्वीकार्न सक्यो ? कसरी यस्तो विषयमा राजनीतिक सहमति बन्यो ? नेपालको न्यायलयले यसलाई किन स्वीकाऱ्यो ? राजनीतिक दलका भातृसङ्गठनलाई किन यो विरोधको विषय बनेन ? मैले भन्न खोजेको जबसम्म यसरी राजनीतिक सहमतिमा महिला हिंसाका अपराधीहरूलाई क्षमादान भइरहन्छ तबसम्म महिला हिंसाको अन्त्य कोरा गफ मात्र हुन्छ। तपाईले निकायको बारेमा प्रश्न गर्नु भएको थियो, मलाई लाग्छ राजनीतिक दलहरू मुख्य निकाय हुन जसको इच्छाशक्तिको अभावमा हिंसामा अपेक्षित कमी आउन सक्दैन।

**महिलाअधिकार संरक्षणमा नागरिक समाज र गैरसरकारी संस्थाहरूले कस्तो भूमिका निभाउन सक्छन् ?**

राज्य र सम्बन्धित निकायलाई जवाफदेही र उत्तरदायी बनाउन नागरिक समाज र गैरसरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निभाउन सक्छन् र निभाइरहेका पनि छन्। इन्सेकले पनि महिलाअधिकारको विषयमा लामो समयदेखि वकालत गर्दै आएको छ। विभिन्न महिलाअधिकारका लागि कार्यरत संस्थाहरू तथा महिलावादीहरू पनि महिलाको अधिकार स्थापित गर्नमा प्रभावकारी भूमिकाको प्रयास निरन्तर रहिरहन्छ ।

**अन्तमा प्राचीका पाठकहरूलाई महिलाअधिकार संरक्षणको बारेमा के सन्देश दिनुहुन्छ ?**

महिलाअधिकार संरक्षणको सवालमा मैले सँधै दोहोऱ्याउदै आएको र यहाँ पनि दोहोऱ्याउन चाहेको के हो भने, महिलाहरूलाई सहानुभूति होइन शक्ति र अधिकार चाहिन्छ । महिला हिंसाको अन्त्यलाई प्रमुख राजनीतिक मुद्दा बनाउनु पर्छ। क्यान्टोनमेन्टमा रहेका माओवादी लडाकुहरू र ब्यारेकमा रहेका नेपाली सेनाको विषयमा व्यापक चर्चा र चिन्ता सर्वत्र पाइन्छ। तर त्यो भन्दा ठूलो सङ्ख्यामा भारतको कोठीहरूमा नारकीय जीवन बिताउँदै गरेका नेपाली चेलीहरूको पीडा सहानुभूतिको विषय मात्र पनि बन्न सकेको छैन्। जसरी गैरकानुनी रूपमा तेश्रो मुलुकमा पुऱ्याइएका कामदारहरू बेलाबेलामा चर्चाको विषय बनिरहन्छन् तर भारतमा बेचिएका नेपाली चेलीको समस्याप्रति त्यति चासो नदिएको स्थिति छ। के भारतको कोठीमा नारकीय जीवन व्यतित गर्दै आएका चेलीहरुको अवस्था चाहीं कानुनसङ्गत हो त ? हो, यस्तै ओझेलमा परेका गम्भीर सवालहरू सार्वजनिक मुद्दा बनाइनु पऱ्यो। हाम्रो सामाजिक सोचमा परिवर्तन भनेको अन्ततः राजनीति नै भएकाले समाजलाई राजनीतिक दलहरूले सही मार्गनिर्देशन गर्न सक्नु पर्छ । यस अर्थमा महिला हिंसाप्रति राजनीतिक दलहरू जवाफदेही नबनुन्जेल या समस्याको निराकरण गर्न सकिन्न।

# महिलामाथि हुने हिंसा र यसको अन्त्यका लागि चालिनु पर्ने कदमहरू : एक चर्चा

प्रेक्षा ओझा

**महिला हिंसा नेपालमा नौलो विषय होइन। सदियौँदेखि महिलाहरूलाई दासका रूपमा हेर्ने परिपाटी रही रह्यो। वर्तमान अवस्थामा पनि महिलाहरूलाई आश्रितका रूपमा हेर्ने दृष्टिकोण विद्यमान छ। हिंसाका विरूद्ध सैद्धान्तिक प्रतिबद्धता त देखिन्छ। तर, घरघरमा आज पनि नेपाली महिलाले मानसिक वा शारीरिक हिंसाको सिकार हुनु परेको छ।**

नेपालले महिलामाथि हुने हिंसा अन्त्यका लागि विभिन्न कानुन तथा सम्झौताहरूको निर्माण त गरेको छ तर परम्परागत चिन्तनमा कमी नआएका कारण अझै पनि महिलाहरू हिंसाको सिकार बनिरहेका छन्। महिलामाथि हुने हिंसा अन्त्यका लागि कानुनी संयन्त्र मात्रै नभएर मानिसको मानसिकतामै परिवर्तन हुनु जरुरी छ।

शताब्दीयौँदेखि महिलामाथि हिंसा भइरहेको छ। दुई-दुईवटा विश्वयुद्धले गरेको विनाशपछि अधिकार र शान्तिलाई प्रत्याभूति गर्नैपर्ने भावना विकसित भएको आजको समाजमा पनि महिला भएकै कारण कैयन् आमा, दिदीबहिनी र छोरीले हिंसाको सिकार हुनुपरेको छ। महिला भनेरै गरिने विभिन्न भेदभाव र हिंसाविरुद्ध विभिन्न कानुनहरू निर्माण गरिएका छन्। तर, अन्तर्राष्ट्रिय रूपमै स्वीकारिएको यस सत्यलाई अतीतमा परिणत गर्न कुनै राष्ट्रले सकेको छैन। निर्माण गरिएका विभिन्न कानुन तथा सम्झौताहरूको पूर्ण पालना नभएका कारणले महिलाहरू दिनहुँ हिंसा भोग्न बाध्य भइरहेका छन्। कानुनले मात्रै हिंसा रोक्न सक्दैन भन्ने अब प्रस्ट भइसकेको छ। महिलामाथि हुने हिंसामा कमी ल्याउनका लागि सबैभन्दा पहिला सङ्कीर्ण चिन्तनलाई बदल्न आवश्यक छ। जबसम्म महिलालाइ दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने हाम्रो मानसिकता रहिरहन्छ, तबसम्म जतिसुकै कानुनहरू निर्माण गरिए पनि महिलामाथिको अत्याचार रोकिने छैन।

महिला हिंसा नेपालमा नौलो विषय होइन। सदियौँदेखि महिलाहरूलाई दासका रूपमा हेर्ने परिपाटी रही रह्यो। वर्तमान अवस्थामा पनि महिलाहरूलाई आश्रितका रूपमा हेर्ने दृष्टिकोण विद्यमान छ। हिंसाका विरुद्ध सैद्धान्तिक प्रतिबद्धता त देखिन्छ। तर, घरघरमा आज पनि नेपाली महिलाले मानसिक वा शारीरिक हिंसाको सिकार हुनु परेको छ।

परिभाषाहरू परिवर्तनशील छन्। वर्तमानमा गरिएका परिभाषाहरू भविष्यमा फरक हुन सक्छन्। नेपाली समाजमा कुनै बेला महिलामाथिको हिंसा स्वीकार्य पनि थियो। तर, आज महिलामाथि हुने हिंसा एक अपराध हो। तैपनि, स्पष्ट कानुनको अभावमा यसको परिभाषा गर्न कठिन भएको छ। महिलामाथि गरिने हिंसालाई अपराधका रूपमा स्वीकार गरी कानुन निर्माण गरिनु पर्छ। संविधानसभामा विचाराधीन रहेको घरेलु हिंसासम्बन्धी विधेयकले यस कुरालाई समेटेको छ। उक्त विधेयकमाथि रहेका टिप्पणी र सुझावलाई ग्रहण गरी ऐन पारित गरिनु जरुरी छ।

**नेपालमा यसको प्रवृत्ति**

विभिन्न रूपमा हिंसा प्रत्येक घरमा भइरहेको छ। यसका मुख्य दुई रूपहरू छन्, मानसिक र शारीरिक। तर, यस्ता खालका घटनाहरूमध्ये थोरै मात्र प्रकाशमा आउने गर्छन्। पीडितहरूले आफूमाथि भएको हिंसालाई सम्बन्धित निकायमा उजुरी नगरेका कारण पनि धेरै घटना सार्वजनिक भएका छैनन्। यस्ता अमानवीय क्रियाकलापहरू स्वाभाविक हुन् भन्ने मानसिकता पनि यसको जिम्मेवार हुन सक्छ। धेरै महिलाहरू जो दैनिक रूपमा हिंसा खेप्न बाध्य छन्, उनीहरू आर्थिक रूपमा अरूप्रति बढी निर्भर छन्। आफूमाथि हुने यस्ता हिंसाको विरोध गर्दा आफू घरबाट अलग हुनुपर्छ र आफ्नो भविष्य अन्धकार हुन्छ भन्ने मानसिकताले गर्दा पनि महिलाहरू दिनहुँ पीडित भइरहेका छन्। धेरैजसो महिलाहरूले आफूमाथि भइरहेको हिंसालाई एक नियमित प्रक्रियाका रूपमा पनि हेर्ने गर्छन्। आफ्नो

भाग्यलाई दोष दिने, आफ्नो भाग्यको खेल वा बाहिर ल्याउँदा बदनाम भइन्छ कि भन्ने सोचाइ विद्यमान रहेको पाइएको छ। जसले गर्दा घटनाहरू बाहिर उजागर हुँदैनन्। मैले दिनहुँ उत्पीडन खपेर पनि कुनै कुरा बाहिर ल्याउन नचाहने कैयन् महिलासँग कुरा गरेकी छु। यस्ता घटना अनगिन्ती होलान्। सभ्य भनिने परिवारमा पनि यस्ता घटनाहरू अत्यन्त बढी मात्रामा हुने गर्छन्।

**हिंसाका प्रकार**

हिंसाका स्वरूपहरू फेरिएका मात्र छन्, घटनामा कुनै कमी आएको छैन। कुटपिटका घटना अत्यधिक हुने गरेका छन्। शारीरिक रूपमा क्षति पुऱ्याउने, यौन हिंसा, घरनिकाला गर्ने, रिसको झोकमा निर्मम रूपमा गरिएको कुटपिटबाट महिलाहरू गम्भीर घाइते भइरहेका छन्। यसैगरी, जीउँदै आगो लगाएर जलाउने प्रवृत्ति रहेको छ। कसैलाई दाइजो नल्याएको निहुँमा त कसैलाई छोरा नजन्माएको निहुँमा अझै महिलाहरू शारीरिक कष्ट भोग्न बाध्य छन्। छोरा नभएको भन्दै तेस्रो विवाहसमेत गरेका छन् बझाङमा कार्यरत बैतडीका एक प्रहरीले। बझाङमा कार्यरत ४० वर्षीय प्रसनि रघुवीर नाथले एकै घरका दुई दिदीबहिनीलाई विवाह गरेका थिए। ती दुवैबाट छोरा नभएपछि उनले फेरि अर्को विवाह गरे। सासूका साथै घर बिदामा आएका बेला रघुवीरले छोरा नपाएको भन्दै यातना दिएको र गरगहना पनि लगेको उनकी दोस्री श्रीमतीले बताएको कुरा पत्रपत्रिकामार्फत सार्वजनिक भएको थियो। यसैगरी, स्याङ्जा जिल्लाको वालिङ गाविस-२ निवासी ५४ वर्षीय मुक्तिबहादुर श्रेष्ठले पनि छोरो नपाएको आरोप लगाउँदै कान्छी पत्नी २५ वर्षीया खुमकला श्रेष्ठलाई कुटपिट गरी घरबाट निकालिदिएका थिए। खुमकला पटकपटक वडा प्रहरी कार्यालयमा न्यायका लागि पुगेकी थिइन्। तर, प्रहरीबाट केही नलागेपछि खुमकला वालिङ नगरपालिकको कार्यालयमा समेत कारबाहीका लागि पुगेकी थिइन्। पतिमाथि निर्भर खुमकलालाई गाँस, बास र कपास तथा स्वास्थ्यलगायतका आधारभूत आवश्यकताको खाँचो परिरहेको अवस्थामा उक्त अधिकार खोज्न कहाँ जाने ? समस्या परिरहेको छ। ग्रामीण भेगको मात्र के कुरा गर्ने राजधानीमै त महिलाहरू यस्ता हिंसाको सिकार भइरहेका छन्। शिक्षित परिवारमा पनि छोरा नजन्माएको भनेर आफ्नी श्रीमतीलाई जीउँदै जलाउनेहरूको कमी छैन। अम्बिका धमलालाई के थाहा, छोरीहरू क्याम्पस पढ्ने भइसकेपछि पनि छोरा नपाएको निहुँमा जीउँदै जलाएर मारिइन्छ भन्ने। चाबहिल गङ्गाहिटीका मुरारी धमलाले आफ्नी जेठी श्रीमती अम्बिका धमलालाई छोरा नपाएको निहुँमा गत जेठ ९ गते राती मट्टीतेल खन्याएर जीउँदै जलाएर मारेका थिए। राजधानीस्थित आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का अधिकृत मुरारीले सात वर्षअघि कान्छी पत्नी ल्याएर गट्ठाघरमा राख्दै आएका थिए।

दाइजो नल्याएको निहुँमा निर्मम कुटपिट गर्ने प्रवृत्तिले महिलाहरूले आत्महत्या गर्ने प्रयाससमेत गर्ने अवस्था देखिएको छ। रूपन्देही जिल्ला केरवानी गाविस घर भएकी २६ वर्षीया लक्ष्मी भनिने नमिता सुनुवारलाई दाइजो नल्याएको आरोपमा आफ्नै पति भरत सुनुवारले कुटपिट गरेकाले उनले ०६४ पुस ३० गते आफ्नै शरीरमा आगो लगाएर आत्महत्या गर्ने प्रयास गरेको घटना इन्सेक अनलाइनमा छापिएको थियो। यसैगरी, विवाहमा भनेजति दाइजो नल्याएको भन्दै केटापक्ष बेपत्ता भएपछि रौतहट सङ्ग्रामपुर गाविस-८ की १६ वर्षीया रीतादेवी साहलाई उनका परिवारले अलपत्र रूपमा छाडे।

बारा जिल्ला मुर्ली पकिया गाविस-२ माइती घर भएकी रीताको ०६१ सालमा रौतहट जिल्ला सङ्ग्रामपुर गाविस-८ का बिगु साहका छोरा गजेन्द्र साहसँग विवाह भएको थियो। विवाहपश्चात् एक वर्षसम्म माइतीमा नै बस्नुपर्ने सामाजिक परम्परा अनुसार रीता पनि माइतीमा नै बसेकी र केटा पक्षकाले लिन आएपछि "दोङ्गा गरेर जानुपर्नेमा केटा पक्ष लिन आएका थिएनन्। त्यसपश्चात् उनी गत कात्तिकमा छठ पर्वको अवसर पारेर आफ्नो घर आएकी थिइन्। घरमा आउने बित्तिकै रीतालाई उनका पति र ससुराको इसारामा उनकी नन्द र जेठानीले निर्मम तरिकाले कुटपिट गरे पनि दुई-चार दिनमा राम्रो हुने आशामा छिमेकीका घरमा बसेकी थिइन्। आफूलाई घरपरिवारले कुनै वास्ता नगरेपछि ०६४ पुस २५ गते पुनः घर प्रवेश गर्न लागेकी उनलाई ससुरा, लोग्नेलगायत घरका सबैले कुटपिट गरी बेहोस बनाएका थिए र त्यसपछि घरमा ताल्चा लगाएर परिवार नै बेपत्ता भए।

चित्त नबुझेपछि घरपरिवारले विभिन्न लान्छना लगाएर यातना दिने क्रम पनि अझै जारी छ। गेटा गाविस-६ वसन्तपुर निवासी शिक्षिका २२ वर्षीया मीना खत्री (बलायर)लाई आफ्नो छोरा तेजबहादुरलाई बोक्सी लगाएको आरोपमा ०६४ माघ २ गतेदेखि ४ गते बिहानसम्म उनका ससुरा खडक बलायर (माझी), सासू धर्मा बलायर, देवर धर्म बलायर र आमाजु शकुन्तला बलायर (साउद)ले निर्घात कुटपिट गरेका थिए। घरेलु हिंसाका कारण प्रताडित हुँदै आएकी खत्री ०६४ माघ ४ गते मात्र घरबाट भागेर धनगढीस्थित माइती नेपालको कार्यालयमा शरण लिन पुगेकी थिइन्।

पीडित मीनाले राजीखुसीबाट विवाह भएको डेढ वर्षसम्म श्रीमान् र घरपरिवारसँग राम्रो सम्बन्ध रहेको तर त्यसपछि दिनरात बोक्सीलगायतका आरोपहरू लगाउँदै सासू, ससुरा, देवर र आमाजूले शारीरिक र मानसिक यातना दिँदै आएको एक प्रेस सम्मेलनमा बताएकी थिइन्। आफूले श्रीमान्, सासू, ससुरा र घरपरिवारबाट पटकपटक शारीरिक र मानसिक यातना पाउँदै आए पनि एक दिन त सम्बन्ध अवश्य राम्रो होला भन्ने आशामा सबै सहँदै आएको तर हातखुट्टामा डोरीले बाँधेर बोक्सी भन्दै हातहरू आगोमा डढाउनेलगायत खपिनसक्नु गरी यातना दिन थालेपछि बाध्य भएर न्यायका लागि घरबाहिर निस्किएको पीडित खत्रीले बताएकी थिइन्। उनका हातका औँलाहरू आगोले पोलेका छन् भने टाउकोभरि डामहरू छन्। शिक्षिकाजस्तो सचेत पेसामा लागेका महिलाहरूसमेत दिनहुँजस्तो यस्तो घटनाको सिकार भइरहेका छन्। कैलाली जिल्लामा कार्यरत महिला मानवअधिकार रक्षक लक्ष्मी बोहरालाई पनि उनका

## इन्सेक अनलाइनमा छापिएका समाचारहरूलाई अध्ययन गर्दा ७९ वर्षका बयोवृद्ध हजुरबुबा नाता पर्नेले तीन वर्षकी अबोध बालिकालाई बलात्कार गरेको पाइएको छ। आफ्नै घरभित्र दूधे बालिकासमेत यस्तो अमानवीय कार्यको सिकार भइरहेका छन्। आफ्नै परिवार नै यस्ता घटनामा संलग्न भएपछि यस्ता अबोधहरूको संरक्षण गर्ने को होला ?

श्रीमान्ले हत्या गरेको घटना हाम्रो मानसपटलमा ताजै छ।

घर व्यवहारका सामान्य विषयवस्तुमा पनि महिलाहरूलाई मानसिक यातना दिने प्रचलन अत्यधिक रहेको छ। विवाहपछि भनेजति दाइजो नल्याएको तथा विवाहमा गरिने व्यवहार तथा चलनहरू नगरिएको भन्दै अझै पनि महिलाहरूलाई यातना दिने गरिएको पाइन्छ।

यसबाहेक नेपालमा दिनहुँ महिला तथा बालिका यौन हिंसाको सिकार भइरहेका छन्। इन्सेकले बलात्कारका घटनासम्बन्धी गरेको एक अध्ययनले यस वर्ष जनवरीदेखि अक्टोबर महिनासम्म १ सय ३३ ओटा बलात्कार र बलात्कार प्रयासका घटना भए। जसमा १ सय ३६ जना बालिका तथा महिलाहरू पीडित भएको बताएको छ। यसमध्ये तीनजनाको बलात्कारपछि हत्या भएको प्रतिवेदनमा उल्लेख गरिएको छ। बलात्कारका घटनामा ३३ महिनाकी अबोध बालिका देखि ६३ वर्षकी बृद्धासमेत बलात्कृत भएका छन्। यस्तो घृणित तथा अमानवीय कार्यमा आफ्नै बाबुसमेत संलग्न रहेको पाइएको छ। आफ्नै छोरीलाई बलात्कार गर्ने धेरैजसो नरपिचास बाबुहरू, जसलाई घटनाको रत्तिभर पनि सङ्कोच लागेको पाइएन। इन्सेक अनलाइनमा छापिएका समाचारहरूलाई अध्ययन गर्दा ७९ वर्षका बयोवृद्ध हजुरबुबा नाता पर्नेले तीन वर्षकी अबोध बालिकालाई बलात्कार गरेको पाइएको छ। आफ्नै घरभित्र दूधे बालिकासमेत यस्तो अमानवीय कार्यको सिकार भइरहेका छन्। आफ्नै परिवार नै यस्ता घटनामा संलग्न भएपछि यस्ता अबोधहरूको संरक्षण गर्ने को होला ? यति घृणित र लज्जास्पद कार्यमा संलग्न आफ्ना नजिकका नातेदारहरूलाई न्यायको कठघरामा उभ्याई कडा कारबाही नगरुन्जेलसम्म यस्तो घटना दिन प्रतिदिन बढेर जान्छ।

हिंसा विशेष गरेर घरभित्र र बाहिर दुवैतिर भइरहेको छ। महिलामाथि भएका विभिन्न प्रकारका हिंसाको अध्ययन गर्दा महिलाहरू बढी घरपरिवारबाटै प्रताडित भएका छन्। आफ्ना घरका नजिकका नातेदारहरू नै महिला हिंसामा बढी सक्रिय छन्। इन्सेक अनलाइन र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका समाचारको अध्ययन गर्दा महिलाहरू बढी आफ्नै परिवारबाट असुरक्षित छन्। र, त्यसलाई कारबाही नगरेर मलजल गर्ने कार्य प्रहरी प्रशासनबाट भइरहेको पाइएको छ। इन्सेकले प्रकाशित गरेको प्रतिवेदननमा केही घटनाहरूमा बलात्कारको अभियोग स्वीकार नगरिए तापनि प्रायःजसो घटनाहरू औपचारिक न्यायिक संयन्त्रको प्रयोग नगरी समुदायस्तरमा नै सुल्झाउने प्रचलन बढी रहेको उल्लेख गरिएको छ। प्रहरीद्वारा अपराधीलाई सजाय दिलाउनेतर्फ भन्दा मिलापत्र गराउनेतर्फ बढी प्रोत्साहित गर्ने गरिएको देखिन्छ। उजुरी लिए तापनि प्रहरी प्रशासनले पीडकलाई गिरफ्तार गर्न पहल गर्ने गरेको पाइँदैन। यसरी समुदायमा हुने मिलापत्रले गर्दा पीडितले न्यून आर्थिक क्षतिपूर्ति र पीडक उम्कने गरेका छन्। बाबु, श्रीमान्, सासू, ससुरा, देवर, नन्द, आमाजूलगायतका घरका नजिकका सदस्यहरू तथा छिमेकीहरूसमेत यस्ता घटनामा बढी संलग्न छन्।

**न्यायिक उपचारको बाटो**

महिलामाथि हुने हिंसाका घटनाहरू एक त सार्वजनिक हुँदैनन् भने भएका घटनाहरू पनि बढी मिलापत्रमा नै केन्द्रित हुने हुनाले पीडितले न्याय पाउन सकिरहेको अवस्था छैन। यसले एकातिर पीडकहरूलाई उम्कन मद्दत गरिरहेको छ भने अर्कातिर यस्ता घटना दिनप्रतिदिन बढाउन सघाउ पुऱ्याइरहेको छ।

महिलामाथि भइरहेका विभिन्न प्रकारका हिंसामा संलग्न केही पीडकहरूलाई प्रहरीले कारबाहीको प्रक्रिया अगाडि बढाएको पाइए तापनि अनुसन्धान तथा न्याय प्रणालीमा देखिएको ढिलासुस्तीले पीडितले उचित न्याय पाउन सकेको देखिँदैन। मुलुकी ऐनको एघारौँ संशोधनले जबरजस्ती करणीको महलमा पनि संशोधन गरी पीडितको उमेरअनुसार ५ देखि १५ वर्ष कैद सजायको हद बढाएको छ। तर, प्रभावकारी अनुसन्धान र कारबाही प्रक्रियाको अभावले दैनिक रूपमा बलात्कारबाट पीडित हुनेहरूले न्याय पाउन सकिरहेका छैनन्। कानुन भएरै पनि कार्यान्वयन नगरिनु राज्य संयन्त्रको ठूलो गैरजिम्मेवारी हो।

महिलामाथि हुने अन्य हिंसाका घटनामा संलग्न दोषीहरूलाई कारबाही गर्ने कडा कानुन नभएका कारण पनि पीडकहरू उम्कने गरेका छन्। नेपालको बिडम्वना मान्नुपर्छ भएकै कानुन अनुसार पनि कारबाही प्रक्रिया फितलो भएका कारणले पनि पीडितहरूले न्याय पाउन सकिरहेको अवस्था छैन। महिलामाथि हुने गरेका हिंसालाई अपराधका रूपमा परिभाषित नगरिएको तथा स्पष्ट कानुनको अभावमा पनि महिलाहरू दिनहुँ प्रताडित भइरहनु परेको अवस्था छ। यसको प्रमुख जिम्मेवार राज्य हो। राज्यको नियन्त्रण नभएका कारण महिलामाथि हिंसा बढिरहेको अवस्था छ। घरभित्र हुने गरेका हिंसालाई अपराधका रूपमा राज्यले स्वीकार गरी सोही अनुरूप कारबाही प्रक्रिया सशक्त नबनाएका कारण पनि महिलाहरू दिनहुँ निर्मम प्रकारका यातना भोग्न बाध्य भइरहेका छन्।

# नेपालको सन्दर्भमा महिलाअधिकारको कानुनी संरक्षण

कृष्ण गौतम

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६० वर्ष पूरा भएको छ। सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा उक्त घोषणापत्र जारी भएको थियो। अहिले मानवअधिकारको समग्र स्थितिको लेखाजोखा गरिँदैछ। यस सन्दर्भमा अहिले महिलाअधिकारको संरक्षण गर्न नेपालमा के कस्ता कानुनी व्यवस्था गरिएको छ भन्नेबारेमा सङ्क्षिप्त अध्ययन गर्ने प्रयास प्रस्तुत लेखमा गर्न खोजिएको छ।

राष्ट्रको समग्र विकासका लागि महिला र पुरुषको समान सहभागिता अपरिहार्य हुन्छ। यस अपरिहार्यताको अपवाद बनेर विकसित देशको दाँजोमा पुग्न सकिँदैन। तर, यहाँका धार्मिक तथा सामाजिक प्रचलनका आधारमा पुरुषको तुलनामा महिलालाई भेदभाव गर्ने चलन अझै कायम छ। प्रचलित कानुनद्वारा केही धार्मिक तथा सामाजिक परम्परालाई संरक्षण प्रदान गरिएकाले महिलाहरू कानुनी रूपमा पनि भेदभावपूर्ण व्यवहारबाट पीडित छन्। नेपालले मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरी प्रत्येक नेपालीलाई आधारभूत मानवअधिकारको प्रत्याभूति गर्ने प्रतिबद्धता गर्दै आइरहेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिमा बिनासर्त हस्ताक्षरसमेत गरी महिलाविरुद्ध कुनै पनि भेदभाव नगरिने प्रतिबद्धता गरिसकेको छ।

**राष्ट्रिय कानुन**

नेपालको अन्तरिम संविधान-२०६३ ले लिङ्गका आधारमा भेदभाव नगर्ने मौलिक हकको व्यवस्था गरेको छ। संविधानको धारा २० मा महिला हकसम्बन्धी व्यवस्था गरी महिला भएको कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने व्यवस्था गरेको छ। प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हकको व्यवथा गरेको छ। कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसा गर्ने कार्य नगरिने, गरिएमा दण्डनीय बनाउने व्यवस्था गरिएको छ। प्रथा, परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाइने हकको संरक्षण संविधानले गरेको छ। यसका साथै राज्यको दायित्वमा विभेदपूर्ण कानुनको अन्त्य गर्ने व्यवस्था धारा ३३(ध) मा गरेको छ। नागरिक अधिकार ऐन-२०१२ ले कानुनको अगाडि समानताको व्यवस्था गरेको छ। वैदेशिक रोजगारसम्बन्धी ऐन-२०६४ को दफा ७ ले वैदेशिक रोजगारमा लैङ्गिक विभेद गर्न नपाउने व्यवस्था गरेको छ।

**महिलाका लागि संरक्षणात्मक व्यवस्थाहरू**

मुलुकी ऐनको धेरैजसो व्यवस्थाहरू सामाजिक र धार्मिक परम्परा तथा रीतिरिवाजबाट प्रभावित छन्। यसले गर्दा महिलालाई कमजोर वर्गका रूपमा लिई आर्थिक र सामाजिक भेदभाव गरेको छ। त्यति हुँदाहुँदै पनि यस ऐनले महिलाका लागि केही सुविधा र सहुलियतहरू पनि प्रदान गरेको छ।

**अदातली बन्दोवस्तको महल**

स्वास्नीमानिस वादी वा पुनरावेदक भएको, न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दालाई थुनुवा, नाबालक र ७५ वर्षमाथिका बूढाबूढीको मुद्दा पछि अदालतले प्राथमिकता दिई हेर्नुपर्ने गरी प्राथमिकता निर्धारण गरेको छ। सुत्केरी भएको कारणले म्याद तारिख नगुज्रोस् भन्ने उद्देश्यले सुत्केरी भएको मितिले बाटाको म्यादबाहेक ३५ दिनभित्र हाजिर भए तारिख थापिदिनुपर्ने व्यवस्था ६२ नम्बरमा गरिएको छ। कुनै अभियोग लागेको स्वास्नीमानिसलाई सोधपुछ वा बयान गराउँदा जिस्क्याउन वा ठट्टा मस्करी गर्न नपाउने गरी १३४ नम्बरले संरक्षण प्रदान गरेको छ।

कुनै घरको तलासी लिनुपर्ने भएमा सो घरका स्वस्नीमानिसहरूलाई सो घरबाट निस्कने सूचना र मौका दिएर मात्र प्रवेश गर्नुपर्ने र स्वास्नीमानिसको जीउको तलासी लिनु पर्‍यो भने बेइज्जत नहुने गरी अर्की स्वास्नीमानिसबाट तलासी लिन लगाउनु पर्ने गरी संरक्षणात्मक व्याख्या १७२ नम्बरले गरेको छ।

**दण्डसजायको महल**

कैद जरिवानाबापत जायजात गर्दा र सर्वस्व गर्दा विवाह नभएको छोरीको विवाह खर्च र स्वास्नी, छोरी, बुहारीको दाइजो त्यस्तो जायजात वा सर्वस्वभित्र नपारी छुट्याइदिनुपर्ने व्यवस्था दण्डसजायको २६ र २७ नम्बरमा गरिएको छ।

**गरिब कङ्गालको महल**

गरिब कङ्गालको महल को ८ नम्बरले कमाई खेती केही नभएका स्वास्नीमानिसले नेपाल सरकारका तर्फबाट दिइने सदाव्रत सिधा पाउनसक्ने व्यवस्था गरिएको छ।

**लोग्नेस्वानीको महल**

निश्चित कारणबिना लोग्ने र स्वास्नीको सम्बन्धविच्छेद हुन नसक्ने गरी संरक्षणात्मक व्यवस्था लोग्नेस्वास्नीको १ नम्बरमा गरिएको छ। साथै, लोग्नेले अर्की

स्वास्नी ल्याएमा वा लोग्नेले शारीरिक वा मानसिक दु:ख दिएको कारणबाट स्वास्नीमानिसले लोग्नेसँग सम्बन्धविच्छेद गराउन चाहेमा त्यस्तो सम्बन्धविच्छेद गराउन सक्ने अधिकार स्वास्नीमानिसलाई प्रदान गरेको छ।

लोग्नेमानिसले सम्बन्धविच्छेद गर्न चाहेमा सम्बन्धित गाविस वा नपामा निवेदन दिनुपर्ने र त्यस्तो गाविस वा नपाले पनि दुवैथरीलाई भरसक सम्झाइबुझाई मेलमिलाप गराउनुपर्ने व्यवस्था छ। तर, स्वास्नीमानिसले सम्बन्धविच्छेद गराउन चाहेमा सीधै अदालतमा निवेदन दिन पाउने गरी अधिकारको संरक्षण गरिएको छ।

यसै महलको ३ नम्बरमा सम्बन्धविच्छेद भएको २ सय ७२ दिनभित्र जन्मेको सन्तान सो सम्बन्धविच्छेद भएको लोग्नेको सन्तान ठहर्ने गरी लोग्नेको मृत्युपछि महिलालाई झूटो बात नलागोस् भनी संरक्षण प्रदान गरिएको छ। यस अतिरिक्त यसै नम्बरले आमालाई आफ्नो नाबालक सन्तानलाई पाल्ने तथा भेटघाट गर्ने अधिकारको संरक्षणात्मक व्यवस्थासमेत गरेको छ।

यसै महलको ४ नम्बर अनुसार लोग्नेका परिवारले दु:ख दिएका कारण वा लोग्नेले कुटपिट गरी निकालेको अवस्थामा त्यस्ती स्वास्नीलाई अंश वा खानलाउने खर्च दिनुपर्ने व्यवस्था गरिएको छ।

सम्बन्धविच्छेद भइसकेपछि पनि आफ्नो आयस्ता नभएकी स्वास्नीमानिसले सम्बन्धविच्छेद भएको लोग्नेबाट खानेलाउने खर्च भराउन चाहेमा सम्बन्धविच्छेद भएको वर्ष वा स्वास्नीमानिसले अर्को विवाह नगरेसम्म जुन अघि हुन्छ, त्यो समयसम्म भराइ लिन पाउँछे।

स्वास्नीमानिसले एकासगोलमा रहँदा आफ्नो दाइजो पेवा मास्न दिँदा एकाघरका अंशीयारको मञ्जुरीको लिखत गराएर मात्र दिनुपर्ने व्यवस्था गरेको छ। सो लिखतको अभावमा स्वास्नीमानिसले दाइजो पेवाबाट वञ्चित हुनुपर्ने पनि हुनसक्छ। अत: आफ्नो सुरक्षाका निमित्त स्वास्नीमानिसले दाइजो पेवा मास्न दिँदा कागज गराई राख्नुपर्ने व्यवस्था यसै महलको ५ नम्बरमा गरिएको छ।

**अंशबन्डाको महल**

छोरीले छोरासरह अंश पाउन सक्ने व्यवस्था नगरिएको भए तापनि छोरासँग भिन्दै भई छोरीसँग बाबुआमा बसेमा त्यस्ता बाबुआमाको लालनपालन छोरीले गर्नुपर्ने जिम्मेवारी दिइएको छ। त्यसरी बाबुआमाको स्याहार गर्ने छोरीले त्यस्ता बाबुआमाको अपुताली पाउँछन् तर सो कुरा लेखिन पर्ने व्यवस्था यस महलको १० ख. नम्बरमा उल्लेख छ।

स्वास्नीमनिसले एकपटक अंश पाउने फैसला भएपछि पुन: मुद्दा गर्न नपरोस् भनी त्यस्तो अंश दिने फैसला भएपछि अंश दिन पर्ने व्यक्तिले अंश नदिएमा निवेदन मात्र दिएमा अदालतले कारबाही गरी अंश दिलाइदिने व्यवस्था गरिएको छ। आफ्नो सीप वा श्रमबाट आर्जित सम्पत्ति वा कसैबाट दान, बक्स पाएको सम्पत्ति आफूखुसी गर्न पाउने संरक्षण यसै महलको १८ नम्बरमा गरिएको छ। तर, सगोलमा बसिरहेको अवस्थामा आर्जित आयलाई सगोलको नै भन्ने मान्यता रहँदै आएको र निजी आर्जन हो भन्ने प्रमाण पुऱ्याउन छुट्टै बसेको अवस्थामा बाहेक सम्भव नहुने भएकाले यस व्यवस्थाले महिलालाई खासै संरक्षण प्रदान गर्न सकेको छैन।

**स्त्री अंश धनको महल**

यस महलमा स्वास्नीमानिसलाई आफ्नो आर्जन सबै आफूखुसी गर्न पाउने अधिकार प्रदान गरिएको छ। विशेषत: स्वास्नीमानिसले दाइजो र पेवाबाट पनि सम्पत्ति प्राप्त गर्न सक्ने कुरालाई विचार गरी ४ नम्बरमा दाइजो र पेवालाई परिभाषित पनि गरिएको छ। लोग्नेतर्फबाट प्राप्त अंश धनको बेचबिखनमा केही बन्देज लगाइएको भए तापनि अरू सम्पत्ति आफूखुसी गर्न सक्ने अधिकार प्रदान गरिएको छ। महिलालाई फकाइफुक्याई सबै सम्पत्ति लिन नसकून् भनी स्वास्नीमानिसले अधाभन्दा बढी अचल सम्पत्ति बिक्री गर्नुपर्दा कन्या भए बाबुको र छोरी (विवाहित/विधुवा भए) छोराको मन्जुरी लिनुपर्ने व्यवस्था गरिएको हुनसक्छ। तर, वर्तमान अवस्थामा यस व्यवस्थाले संरक्षणभन्दा नकारात्मक प्रभाव पारी प्राप्त अधिकारको संरक्षण नभएको महसुस भइसकेको छ।

**धर्मपुत्र महल**

यस महलको ७ नम्बरदेखि ९ नम्बरसम्म धर्मपुत्रीको छोरीसरह हक स्थापित गर्नेसम्बन्धी व्यवस्था गरी धर्मपुत्रीको संरक्षणसम्बन्धी व्यवस्था गरिएको छ।

**अपुतालीको महल**

यस महलमा सामान्यत: छोरालाई र छोरा नभएको छोराको छोरालाई नै अपुतालीको हकदार मानिएको छ। तर, छोराले बाबुआमा नपाली छोरीले बाबुआमा पालेको रहेछ भने त्यस्ता बाबुआमाको अपुताली भने छोरीले नै पाउनसक्ने व्यवस्था यस महलको ३ नम्बरमा गरिएको छ। छोरा नभई छोरीले अपुताली पाउने भएमा छोरीहरूबीच अपुतालीको बाँडफाँटसम्बन्धी व्यवस्था ४ नम्बर र ५ नम्बरमा गरिएको छ। त्यस्तै छोराछोरीले हेरचाह नगरेको कारणले दिदीबहिनी वा अरू हकवालाले हेरचाह गरेमा त्यसरी हेरचाह गर्नेले अपुताली खान पाउने गरी ७ र ११ नम्बरमा व्यवस्था गरिएको छ। अपुताली खाने नियतले कसैले कसैको हत्या गरेमा त्यस्तो हत्या गर्ने व्यक्तिले हकदाबी नै भए पनि अपुताली पाउन नसक्ने गरी १९ नम्बरले संरक्षण प्रदान गरेको छ।

**बेरितसाग थुन्दाको महल**

यस महलको ३ र ४ मा कसैले स्वास्नीमानिसलाई गरैकानुनी रूपमा थुनामा राखेमा वा नेल, ठिङ्गुरा ठोकी थुनेमा लोग्नेमानिसलाई त्यसरी थुनेमा हुने सजायको दोब्बर सजाय गर्ने व्यवस्था गरी विशेष संरक्षण प्रदान गरिएको छ।

**बिहेवारीको महल**

यस महलमा बालविवाह र अनमेल विवाहलाई निषेध गरिएको छ। १६ वर्ष पूरा नगरेकी स्वास्नीमानिसको विवाह गर्न र २० वर्षभन्दा बढी उमेर फरक पर्ने गरी विवाह गर्न/गराउन निषेध गरिएको छ। त्यस्तै लोग्नेमानिस र स्वास्नीमानिसको मञ्जुरीबिना विवाह गरी दिन नहुने,

गराएमा त्यस्तो विवाह बदर हुने व्यवस्था छ। झुक्यानमा पारी विवाह गराएमा पनि त्यस्तो विवाह बदर हुने व्यवस्था उक्त महलको ४ र ८ नम्बरमा गरिएको छ। केटातर्फबाट कुनै दस्तुर वा दाइजो माग्न वा लिन नहुने र लिएमा त्यस्तो सम्पत्ति जफत गरी सजायसमेत हुने व्यवस्था उक्त महलको ६ नम्बरमा गरिएको छ।

**अनुचित करणीबाट संरक्षण गर्ने सम्बन्धमा भएका व्यवस्थाहरू**

करणीको आशयले स्वास्नीमानिसलाई हेर्न नहुने र र गैरकानुनी करणीका लागि स्वास्नीमानिसलाई फकाउने वा वेश्यागमनको व्यवस्था मिलाउने कार्य गरेमा समेत सजायको व्यवस्था गरी आशय कारणीको महलमा स्वानीमानिसको संरक्षणको व्यवस्था गरिएको छ।

स्वास्नीमानिसलाई जबरजस्ती करणी गर्ने कार्य अपराध मानिने र सजाय हुने व्यवस्था जबरजस्ती करणीको महलमा गरिएको छ। १६ वर्ष पूरा नगरेकी स्वास्नीमानिसलाई निजको मञ्जुरी लिई करणी गरेमा पनि जबरजस्ती करणी मानिने र सजाय हुने व्यवस्था गरिएको छ। यस अतिरिक्त नाबालकलाई जबरजस्ती करणी गरेमा पीडितको उमेरका आधारमा समेत सजायको व्यवस्था गरिएको छ। तर, यस महलमा नाबालक छँदै विवाह भएकामा र लोग्नेबाट भएको जबरजस्ती करणी सम्बन्धमा भने कुनै व्यवस्था गरिएको छैन। थुनामा रहेका स्वास्नीमानिसको सरकारी कर्मचारीले करणी गरेमा एक वर्ष कैद हुने व्यवस्था ( अरू ऐनले हुने सजायमा थप) अदलको ५ नम्बरमा गरिएको छ। अर्काकी स्वास्नीलाई भगाई वा अन्य कार्य गरी करणी गर्ने वा लानेलाई सजाय गरिने व्यवस्था जारीको महलमा गरिएको छ।

भेदभावपूर्ण कानुनी व्यवस्थाको खारेजी गर्ने गरी सर्वोच्च अदालतद्वारा सार्वजनीक मुद्दाहरूमा भएको निर्णयबाट पनि महिला अधिकार स्थापित गर्न सहयोग पुगेको छ। ती मध्ये केही तल उल्लेख गरिएको छ।

१. पुन्यवती पाठकसमेत अन्य विरुद्ध नेपाल सरकार, रिट नं. ३३५५।२०६०, निर्णय मिति २०६०।८।१३ पासपोर्ट लिंदा अभिभावकको स्वीकृति लिनुपर्ने फारमलाई खारेज गरेको
२. लिलि थापा विरुद्ध नेपाल सरकार, रिट नं. ३४।२०६१, स्त्री अंशधन हक हस्तान्तरण गर्दा स्वीकृति लिनुपर्ने स्त्री अंशधनको २ नं. खारेज गरेको।
३. महिला, कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुंगानाविरुद्ध नेपाल सरकार, रिट नं. ११४।२०६२, महिलाले स्त्री अंशधनको हस्तान्तरण गरेको व्यक्तिसँग विवाह गरेमा सम्पत्ती हस्तान्तरण अमान्य हुने स्त्री अंशधनको ७ नं.को व्यवस्था खारेज गरेको।
४. महिला, कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुंगानाविरुद्ध नेपाल सरकार, रिट नं. ११०।२०५९, अविवाहित छोरीले पाएको अपुताली सम्पत्ती फर्काउनु पर्ने अंशवण्डाको दफा १२(क) खारेज गरेको
५. महिला, कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुंगानाविरुद्ध नेपाल सरकार, रिट नं. ५५।२००२, वैवाहिक बलात्कारको परिभाभित्र राख्ने गरी जबरजस्ती करणीको १ नं. को व्याख्या गरेको।
६. महिला, कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुंगानाविरुद्ध नेपाल सरकार, रिट नं. १७६।२०६३ सैनिक नियमको नियम १० मा छोरीलाई छात्रवृत्ति दिंदा विभेद गरेको व्यवस्था खारेज गरेको।
७. महिला, कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुंगानाविरुद्ध नेपाल सरकार, रिट नं. ६४।२०६१, सन्तान नभएमा सम्बन्ध विच्छेद गर्न पाउने लोग्ने स्वास्नकिो महलको १ नं. को व्यवस्था खारेज गरेको
८. जनहित संरक्षण मञ्चको तर्फबाट टेक ताम्राकारविरुद्ध नेपाल सरकार, रिट नं. १२१।०६०, निर्णय मिति ०६२।५।३०, आमाले जन्मदर्ता गर्न रोक लगाउने, जन्म, मृत्यु तथा व्यक्ति घटना ऐन, २०३३ को दफा ४(१) खारेज गरेको

**कानुन संशोधन गर्नुपर्ने क्षेत्रहरू**

अझैपनि प्रतलित कानुनका विभिन्न क्षेत्रहरू जस्तै नागरिकता, सम्पत्तीमा, यौन शोषणमा, शिक्षा, स्वास्थ्यमा, अदालतमा, कार्यविधिमा, रोजगरीमा भएका विभेदपूर्ण कानुनहरूको संशोधन अवश्यकता छ भने यौन जन्य दुर्व्यवहार घरेलु हिंसा विरुद्धको कानुनको निर्माण अति आवश्यक देखिन्छ। छाउपडी प्रथा, बोक्सीको आरोप जस्ता सांस्कृतिक सामाजिक अपराधमा कानुनको खाँचो छ।

अहिले संविधानसभा मार्फत नयाँ संविधान निर्माणको प्रक्रियामा मुलुक अगाडि बढिरहेको छ। अब बन्ने संविधान मानवअधिकारमैत्री बन्नुपर्छ। अझ खास गरी लिङ्गको आधारमा मात्र नभई लैङ्गिक वैवाहिस्थिति गर्भाअवस्था, यौन जन्य व्यवहार तथा अन्य कुनै पनि आधारमा गरिने विभेदनहरू पूर्ण निषेध गरिने व्यवस्था टड्कारो आवश्यकता रहेको छ।

जुनसुकै क्षेत्रमा हुने विभेद विरुद्धको अधिकारको सुनिश्चिता गरिनुपर्छ। र, विद्यमान संविधान, कानुनमा भएका महिला अधिकार सम्बन्धी राम्रा पक्षलाई व्यवहारमा उतार्नु पर्छ। अनिमात्र महिला अधिकार मानवअधिकार नाराको सार्थकता हुने छ।

**महिलालाई विभेद गर्ने विद्यमान कानुनी प्रावधानहरू**

महिला, कानुन र विकास मञ्चले २०६४ मा गरेको महिलाविरुद्ध विभेदपूर्ण कानुनको अध्ययनको दौरानमा संविधान, २८८ ऐन तथा २८० नियमहरूको समिक्षा गरिएको थियो। उक्त अध्ययनले ६२ कानुनहरूको ९६ प्रावधानहरू र ९२ अनुसूचिहरू महिलाविरुद्ध विभेदित रहेको देखाएको छ। विभेदित कानुनहरू २ संवैधानीक धारा, ४३ दफा तथा ५१ नियमहरूमा छरिएर रहेको तथ्य औंल्याएको छ। सारभूत विभेद गर्ने कानुनी प्रावधानहरू नगारिकतासम्बन्धी व्यवस्थाका ५ प्रावधान तथा ३ अनुसूची, विवाह तथा पारिवारिक सम्बन्ध सम्बन्धी कानुको २६ प्रावधान, आर्थिक अधिकार(सम्पत्ती) सम्बन्धी कानुनको ३५ प्रावधानहरू, यौन अपराधसम्बन्धी ३ कानुनी प्रावधानहरू, रोजगारीमा २ , पहिचान गराउने सम्बन्धी १ कानुनी प्रावधान र ८२ अनुसूचि तथा अदालती कार्यविधिमा प्रयोग हुने ९ प्रावधान र १ अनुसूचि अझ विभेदपूर्ण रहेको छ।

# शान्ति प्रक्रियामा महिला सहभागिताका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव १३२५ को सान्दर्भिकता

सम्झना श्रेष्ठ

**संयुक्त राष्ट्रसङ्घबाट पारित कुनैपनि प्रस्ताव कार्यान्वयन गर्ने दायित्व सरकारमा रहेको छ। यस सन्दर्भमा शान्ति प्रक्रियामा महिला सहभागिता संयुक्त राष्ट्रसङ्घको सुरक्षापरिषद्द्वारा पारित प्रस्ताव १३२५ को भावना अनुरूप भएको छैन। शान्ति स्थापनाका लागि गठनहुने हरेक समिति होस् या वार्ता तथा छलफल होस् महिलाको प्रतिनिधित्व अनिवार्य हुन्छ।**

### पृष्ठभूमि

तत्कालिन सात राजनैतिक दल र नेकपा (माओवादी) को १२ बुँदे सहमतिबाट सफल जनआन्दोलन २०६२/०६३ ले मुलुक लोकतान्त्रिक शासन व्यवस्थातर्फ उन्मुख भएको छ। २०६३ मंसिर ५ गते गरिएको बृहत शान्ति सम्झौताले देश दिर्घकालीन शान्ति स्थापना गर्न तर्फ मार्गनिर्देश गरिदिएको छ। दशकौं प्रतिक्षित संविधानसभाको चुनाव सम्पन्न भई नयाँ संविधान बन्ने क्रममा देश डोरिएको छ। यसैले नयाँ परिस्थितिमा मानवअधिकारको रक्षा र शान्ति प्रक्रियामा उल्लेखनीय सुधारका लागि मार्ग प्रशस्त गर्न सक्ने उत्साहप्रद अवस्था समेत देखिएको छ। नेपाल सरकारले लोकतन्त्रको प्राप्तिपछि महिला तथा पिछडिएका वर्गको उत्थानका लागि महत्वपूर्ण घोषणाहरू जारी गरिसकेको छ र कार्यान्वयन गर्न अग्रसर पनि भइरहेको छ। समाजमा आमूल परिवर्तन र शान्ति स्थापनाका लागि महिलाको उल्लेखनीय सहभागिताको स्वीकारोक्ति गरिएअनुसार पुनर्स्थापित प्रतिनिधिसभाले राज्यका हरेक संरचनामा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चितताका लागि पारित सङ्कल्प प्रस्ताव र नेपालको अन्तरिम संविधान २०६३ ले राज्यका नीति निर्माण तहमा महिलाको ३३ प्रतिशतको अनिवार्य सहभागिता गराउने नीति अनुरूप संविधानसभामा १९२ जना अर्थात् कूल सदस्य सङ्ख्याको ३३ प्रतिशतभन्दा बढी महिला सहभागिता भएको छ। यति हुँदाहुँदैपनि शान्ति स्थापनाकालागि गठन गरिएका महत्वपूर्ण आयोगहरूमा महिला सहभागिता न्यून वा शून्य सरहनै रहेको छ। नेपाल सरकारले मानवअधिकारका सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्डप्रति प्रतिबद्धता जनाउँदै आएको छ। शान्ति प्रक्रियामा रहेको मुलुकमा महिला सहभागिता र भूमिकालाई अभिबृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं १३२५ अनुसार नीति बनाउनुपर्ने नैतिक बन्धन रहेको छ। तर यो दिशामा सरकारले उल्लेखनीय कार्यभने गर्न सकेको देखिदैंन।

### शान्ति प्रक्रियामा महिला सहभागिताको अवस्था

शान्ति स्थापनाका लागि सरकारले गर्ने गरेका वार्ता तथा छलफलमा महिलालाई उल्लेख्यरूपमा सहभागि गराइएको पाइदैन। संविधानसभाको निर्वाचनपछिको नयाँ सरकारमा नेपालको इतिहासमै पहिलो पटक भएको राष्ट्रपति तथा उपराष्ट्रपति र प्रधानमन्त्रीको निर्वाचन तथा उपप्रधानमन्त्रीको चयनमा संविधानसभामा महिलाको उल्लेख्य सहभागिता हुँदाहुँदै पनि उनीहरूलाई सहभागी गराइएको छैन। त्यसैगरी शान्ति प्रक्रियाको महत्वपूर्ण कार्यको रूपमा रहेको माओवादी लडाकु व्यवस्थापनकालागि २०६५ कार्तिक १२ गते गठन गरेको पाँच सदस्यीय "माओवादी लडाकु रेखदेख, समायोजन तथा पुनर्स्थापना विशेष समितिमा" महिलाको प्रतिनिधित्व गराइएन। यसरी देशको आधा जनसङ्ख्या महिलाहरूलाई शान्ति प्रक्रियाको मूल कार्य वार्ता तथा छलफलमा सहभागी नगराइदा सरकार आफूले गरेको प्रतिबद्धता पालना गर्न क्रियाशील नरहेको प्रष्ट हुन्छ। सरकारले महिलाहरूलाई सहभागिता गराउँदा समेत निर्णय गर्ने तहमा भन्दापनि केवल सहभागिता जनाउनको लागि मात्र गर्ने गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघबाट पारित कुनैपनि प्रस्ताव कार्यान्वयन गर्ने दायित्व सरकारमा रहेको छ। यस सन्दर्भमा शान्ति प्रक्रियामा महिला सहभागिता संयुक्त राष्ट्रसङ्घको सुरक्षापरिषद्द्वारा पारित प्रस्ताव १३२५ को भावना अनुरूप भएको छैन। शान्ति स्थापनाकालागि गठनहुने हरेक समिति होस् या वार्ता तथा छलफल होस् महिलाको प्रतिनिधित्व अनिवार्य हुन्छ। यसो नभएको अवस्थामा महिलाका गम्भीर

प्रकृतिका मुद्दाहरू प्राथमिकतामा नपर्ने सम्भावना रहन्छ। अहिले सरकारले शान्ति स्थापनाका महत्वपूर्ण चरणहरूमा महिलाको उल्लेखनीय सहभागिता नहुँदा देशमा दिगो शान्ति स्थापनाको सवालमा समेत प्रश्नचिन्ह उत्पन्न भएको छ।

**संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव १३२५**

"संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् पारित प्रस्ताव १३२५ (२०००)" शान्ति प्रक्रियामा महिलाको सहभागिताका सन्दर्भमा लागू गराउन संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव हो। उक्त प्रस्तावमा शान्ति प्रक्रियाका विभिन्न वार्ता तथा छलफलको चरणमा महिला सहभागिता सम्बन्धी विभिन्न व्याख्या गरिएको छ। जस्तो: शान्ति सम्झौताको छलफल र कार्यान्वयन गर्दा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्नुपर्ने र जसअनुसार शान्ति सम्झौता कार्यान्वयन गर्दा महिलाको सहभागिता सुनिश्चित गर्ने तथा द्वन्द्व समाधानको निम्ति महिलाहरूद्वारा चालिएको शान्ति अभियान तथा स्थानीय प्रक्रियाहरूमा सहयोग गर्ने व्यवस्थाहरू कायम गर्नुपर्ने। त्यसैगरी प्रस्तावमा सशस्त्र द्वन्द्व पश्चात शान्ति प्रकृयामा रहेका मुलुकका संविधान, निर्वाचनप्रणाली, प्रहरी र न्यायिक परिधिसँग सम्बन्धित महिला र बालबालिकाको मानवअधिकारको सम्मान र संरक्षणको सुनिश्चितताको लागि आवश्यक व्यवस्था गरिनुपर्ने उल्लेख गरिएको छ। प्रस्तावमा सदस्य राष्ट्रहरूलाई द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामका लागि नीति निर्माणका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्र तथा निकायहरूमा महिला सहभागिताको बृद्धि गर्न आह्वानपनि गरिएको छ। अर्को महत्वपूर्ण तत्वको रूपमा उक्त प्रस्तावमा शान्ति सम्झौताको छलफल र कार्यान्वयन गर्दा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्नुपर्ने, शान्ति सम्झौता कार्यान्वयन गर्दा महिलाको सहभागिता सुनिश्चित गर्ने तथा द्वन्द्व समाधानको निम्ति महिलाहरूद्वारा चालिएको शान्ति अभियान तथा स्थानीय प्रक्रियाहरूमा सहयोग गर्ने व्यवस्थाहरू कायम गर्नुपर्ने, संविधान, निर्वाचनप्रणालीमा सक्रिय सहभागी गराईनुपर्ने नीति निर्माणका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्र तथा निकायहरूमा महिला सहभागिताको बृद्धि गर्नुपर्ने व्यवस्था गरिएको छ।

**नेपालमा यसको सान्र्दभिकता**

नेपाल सरकारले मानवअधिकारका सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्डप्रति प्रतिवद्धता जनाउँदै आएको छ र संयुक्त राष्ट्रसंघबाट पारित कुनैपनि सकारात्मक प्रस्ताव कार्यान्वयन गर्ने दायित्व सरकारमा रहेको छ। त्यसैगरी, शान्ति प्रक्रियामा रहेको मुलुकमा महिला सहभागिता र भूमिकालाई अभिबृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं १३२५ अनुसार नीति बनाउनुपर्ने नैतिक बन्धन रहेको छ। नेपाल शान्ति स्थापनाको अवस्थामा रहेको अवस्थामा यसकालागि गठन हुने कुनैपनि आयोगमा महिला सहभागिता गराउनकालागि संयुक्त राष्ट्रसङ्घको सुरक्षापरिषद्द्वारा पारित प्रस्ताव १३२५ को अत्यन्तै महत्वपूर्ण भूमिका रहन्छ। शान्ति प्रक्रियाबाट महिलालाई बाहिर गरिदा महिलाका गम्भीर प्रकृतिका मुद्दाहरू प्राथमिकतामा नपर्ने सम्भावनालाई मनन् गर्दै उक्त प्रस्ताव पारित भएकोले महिलाका विशिष्ट खालका मुद्दा सम्बोधन गर्न महिला सहभागितामा जोड दिने भएकोले यसले नेपालमा शुरु भएको शान्ति प्रक्रियामा महिलाको सहभागिता बढाउन जोड दिन्छ। नेपालको सम्बन्धमा हेर्दा यो प्रस्ताव केवल औपचारिकतामा मात्र सीमित रहेको देखिन्छ। शान्तिप्रक्रियाका कुनैपनि महत्वपूर्ण सवालहरूमा महिलाको सहभागिता सुनिश्चित गरिएको छैन। कानूनमा व्यवस्था गरिएअनुसारको क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व गराउँदा समेत उनीहरूलाई निर्णायक तहमा भन्दा केवल सहभागि बनाएर औपचारिकता पुरा गर्नको लागि मात्र सहभागिता गराइएको हुन्छ। जस्तो संविधानसभामा महिलाहरूको उल्लेख्य उपस्थिति भएपनि शान्ति प्रक्रियाका विभिन्न अङ्गहरूमा महिलाहरूको प्रभावकारी सहभागिता हुनसकेको छैन। शान्ति प्रक्रियामा महिलाहरूको उल्लेखनीय सहभागिता नभए शान्ति प्रक्रियाले तार्किक निष्कर्ष प्राप्त गर्न सक्दैन तसर्थ सरकारले आगामि दिनमा राज्यका हरेक नीति निर्माणका तहमा महिलाहरूको उल्लेखनीय सहभागिताको सुनिश्चितता गर्नुपर्दछ।

**शान्ति प्रकृयामा महिला सहभागिता बृद्धिका कालागि केहि सुझावरु**

१. राज्य सञ्चालनको महत्वपूर्ण पदहरूमा महिलाको सहभागिता सुनिश्चिता गरिनुपर्ने,
२. मानवअधिकार तथा महिला अधिकारको प्रत्याभुती गरिएको संविधान बनाउन संविधान मस्यौदा समितिमा महिलाको महत्वपूर्ण भूमिका सुनिश्चितता गरिनुपर्ने।
३. महिलाको प्रतिनिधित्व नभएको अवस्थामा महिलाका गम्भीर प्रकृतिका मुद्दाहरू प्राथमिकतामा नपर्ने भएकाले व्यवस्थापन तथा पुन:स्थापनाकागि गठन गरिने कुनै पनि तहको समितिहरूमा महिलाहरूको अनिवार्य सहभागिता गराइनु पर्दछ।
४. राज्यका प्रमुख निकायहरूमा महिलाको समानुपातिक सहभागिता गराई अब गठन हुन गइरहेको विभिन्न आयोगहरूमा मुख्य जिम्मेवारीको पदमा महिलालाई सहभागी गराउनु पर्ने,
५. बेपत्ता पारिएका नागरिकको खोजिका लागि गठन गरिने आयोग, पुन:निर्माण तथा पुन:स्थापितकालागि बनाईने आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा महिलाको महत्वपूर्ण भूमिका सुनिश्चत गनुपर्ने।

**सन्दर्भ सामग्री**


- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा पारित प्रस्ताब १३२५ को टिप्पणी, युनिफेम
- इन्सेकको प्रकासन प्राची, , २०६३ जेठ
- महिला सहभागिता सम्बन्धि २०६५ असोज २३ कार्तिक १५ इन्सेकका विज्ञप्तीहरू

# कथित बोक्सी प्रथा : एक सामाजिक अपराध

**प्रकाश खतिवडा, इन्सेक प्रतिनिधि, सप्तरी**



*बोक्सीको आरोपमा न्याय नपाएर प्रहरी कार्यालय धाउँदै आएकी सप्तरी ओद्राहा गाविस-६ की सरस्वती चौधरी*

बिहे भएको तीन वर्ष नबित्दै उनको पतिको मृत्यु भयो। पतिको मृत्युपछि परेको बज्रपातको पीडा त छँदै थियो, त्यसमाथि उनीमाथि थपियो पारिवारिक ज्यादती। पतिलाई बोक्सी लगाएर मारेको भन्दै सासू र देवर-जेठाजुले दैनिक यातना दिनथाले। पति मरेको दुई वर्षपछि जेठाजुको पनि मृत्यु भयो। त्यसपछि सासूले उनीमाथि सधैं आरोप लगाउन थालिन्, "तैंले पति खाइस्, जेठाजु खाइस्। अचेल देवरलाई पनि मुटुरोग लागेको छ र उनलाई पनि तलमाथि केही भंइहाल्यो भने...।" त्यसपछि आफूमाथि थपिने पीडाको सम्झनाले उनको आङ सिरिङ्ग हुन्छ। सधैंको यातना र ज्यादती खप्न नसकेर अचेल उनी माइती बस्न थालेकी छन्। यो कुनै काल्पनिक कथा नभएर सप्तरीको बभनगामाकट्टी गाविस-४ सडेपारकी २८ वर्षीया रेणु देवको व्यथा हो। ०५१ सालमा १५ वर्षको उमेरमा रेणुको प्रह्लादलाल देवसँग विवाह भयो। पेसाले शिक्षक प्रह्लादको ०५४ सालमा हृदयघातका कारण मृत्यु भयो। सासू अन्नपूर्णदेवी र देवर ओमप्रकाशले प्रह्लादलाई रेणुले बोक्सी लगाएर मारेको आरोप लगाए र रेणुमाथि परिवारबाटै शारीरिक तथा मानसिक यातना सुरु भयो। दुई वर्षपछि जेठाजुको मृत्यु भएपछि त झन् परिवारका सदस्यले उनलाई चरम यातना दिन थाले। आफन्तले दिएको यातना खप्न नसकेर आफ्ना एक छोरा र एक छोरी लिएर रेणु माइतीको शरणमा पुगिन्। अहिले उनी राजविराज नपा-९ स्थित माइतीको आश्रयमा गुजारा चलाइरहेकी छन्।

यता आद्राहा गाविस-६ की सरस्वती चौधरीको पीडा पनि खपिनसक्नुको छ। दुषित पानीबाट मारेर ल्याएको माछा खाएर गाउँका एक दर्जन बालबालिका बिरामी परे। गाउँलेले भने सरस्वतीले बोक्सी लगाएर बालबालिकालाई बिरामी पारेको आरोप लगाए। ०६५ असार १ गते गाउँमा ठूलो पञ्चायत बस्यो। सरस्वतीलाई पञ्चायतमा बोलाएर गाउँका अगुवा भनिएका लालदेव चौधरीलगायतका गाउँलले उनलाई हातखुट्टा बाँधेर बेस्सरी कुटे, मानिसको मलमूत्र खुवाए र गाउँका बालबालिकालाई मैले नै बोक्सी लगाएको हुँ भन्ने कागजमा सही गर्न लगाए। सरस्वती एक महिनासम्म न्याय माग्दै प्रहरी कार्यालयमा धाइन् तर प्रहरीको कानमा बतास नै लागेन। एक महिनापछि घटना स्थानीय पत्रपत्रिकामा सार्वजनिक भएपछि प्रहरीले दुवै पक्षलाई बोलाएर पीडकबाट सरस्वतीलाई २ हजार ५ सय रुपियाँ दिलाएर घटनालाई सामसुम पार्‍यो।

यी दुई घटना केवल प्रतिनिधिमूलक घटना हुन्, जसले बोक्सीको आरोपमा महिलामाथि कसरी ज्यादती गरिन्छ र उनीहरू कतिसम्म पीडा सहन विवश छन् भन्ने कुरा प्रस्ट हुन्छ। त्यति मात्र होइन, माथिका यी प्रसङ्गले सामाजिक न्याय पाउन नसकेका यस्ता महिलाहरूको मानवअधिकारको दयनीय अवस्थाको महसुस गर्न सकिन्छ। सप्तरीकी रेणु हुन् या सरस्वती या जीवछीदेवी वा महोत्तरीकी मरनीदेवी- यस्ता असङ्ख्य महिला छन्, जो बोक्सी भएको आरोपमा बर्सेनि कुटिने मात्र होइन, जलाइन्छन् पनि। बोक्सीका नाममा महिलाहरूलाई मानिसको अभक्ष कोचाइएको मात्र होइन, घर र गाउँबाटै निकाला गरिएका घटना पनि बर्सेनि सार्वजनिक हुने गरेका छन्।

### कथित बोक्सी प्रथा र पीडितहरू

यो प्रथा सामन्ती राज्य व्यवस्थाको अवशेष हो। आधुनिक विज्ञानको विकाससँगै नयाँ पुस्तामा आएको सचेतनताका कारण यसलाई थोरै चिर्न खोजिए पनि परम्परागत मान्यता र अन्धविश्वासका कारण हाम्रोजस्तो अल्पविकशित मुलुकमा शदियौंदेखि जरा गाडेर रहेको यो प्रथा समाजमा अद्यावधि कायमै छ। बोक्सीको आरोपमा महिलामाथि हुने ज्यादतीका घटना नेपालको मानवअधिकार आन्दोलनका लागि चुनौती बन्ने गरेको छ।

पितृसत्तात्मक राज्य व्यवस्थाका कारण शदियौंदेखि विभेदको सिकार हुँदै आएका नेपाली महिलाउपर हुने ज्यादतीको क्रममा प्रयोग हुने शब्द हो बोक्सी। केही अपवादबाहेक कुनै पनि पुरुषलाई बोक्सो भनिँदैन। बोक्सीको आरोप लाग्नेहरू प्राय: गरिब, दलित, असहाय, वृद्धहरू रहने गरेका छन्। त्यसमा पनि एकल महिलाहरू यसको बढी सिकार हुन्छन्। अर्थात्, आर्थिक रूपले विपन्न, त्यसमा पनि एकल महिलाहरू बोक्सीको आरोपमा नारकीय जीवन बिताउन बाध्य भएका छन्। रूपले सुन्दर, पढेलेखेका र सम्भ्रान्त परिवारका कुनै पनि महिलालाई बोक्सी भनिएको उदाहरण हालसम्म पाइएको छैन।

### बोक्सीको आरोपमा महिलामाथि भएका ज्यादतीका घटनाहरू

बिहे भएको छ महिना नबित्दै देवरको मृत्यु भएपछि बोक्सी लगाएर मारेको आरोपमा रायपुर गाविस-४ की उर्मिला साहलाई पति अनिल साहले ०६४

पुस १७ गते घरबाटै निकाला गरे। पीडितले प्रहरीमा उजुरी गरे पनि पीडकलाई कुनै कारबाही भएन। हाल उनी माइतीमै बस्दै आएकी छन्। पातो गाविस-२ की ५५ वर्षीया जीवछीदेवी साहलाई बोक्सी भएको आरोपमा छिमेकी अहमद मियालगायतका गाउँलेले ०६० असार १ गते कुटपिट गरी मानिसको मलमूत्र खुवाए। पीडितले उजुरी गरे पनि प्रहरीले कुनै कारबाही गरेन। देउरी गाविस-२ की तारादेवी तत्मालाई बोक्सी भएको आरोपमा छिमेकी शिवनारायण दासलगायतका गाउँलेले ०६५ जेठ २९ गते कुटपिट गरी घाइते बनाए। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो। प्रहरीले कुनै कारबाही नगरेपछि स्थानीय एक मानवअधिकारकर्मी संस्थाको पहलमा पीडितलाई १७ हजार रुपियाँ पीडकबाट तिराई मिलापत्र गरियो। माथिका यी घटना बोक्सीको आरोपमा विगत पाँच वर्षको अवधिमा सप्तरीमा भएका घटनाका प्रतिनिधिमूलक घटना मात्र हुन्। सप्तरीमा मात्र बर्सेनि दर्जनौं घटनामा बोक्सीको आरोपमा महिलाहरूमाथि दुर्व्यवहार गर्ने गरिएको छ। तर, बोक्सीका नाममा महिलामाथि हुने हिंसाका घटनाहरू जारी रहे पनि विगत पाँच वर्षको अवधिमा यस्ता २९ ओटा घटना मात्र सार्वजनिक भएका छन्। यस वर्षको सुरुको आठ महिनामा मात्र सप्तरीमा पाँच घटनामा छ महिला पीडित भएका छन्। तर पनि पितृसत्तात्मक सोच तथा गाउँले परिवेशका कारण यस्ता धेरै घटनाहरू प्रकाशमा आउने गरेका छैनन्। देशमा ठूलठूला परिवर्तन भएर देश लोकतान्त्रिक गणतन्त्र भइसकेको अवस्थामा समेत बोक्सीको आरोपमा महिलामाथि हुने हिंसाका घटनामा भने कमी आएका छैनन्। यस्ता घटनाका पीडितले पनि न्याय नै पाउँदैनन्, पीडकलाई पनि कारबाही हुँदैनन्। त्यसै भएर धेरै घटना त सार्वजनिक नै हुँदैनन्। २१औं शताब्दीमा आधुनिक विज्ञानले जतिसुकै फड्को मारे पनि गरिबी, अशिक्षा, अभाव, अन्धविश्वास र कमजोर कानुनी व्यवस्थाका कारण मध्ययुगीन बर्बरतालाई बिर्साउने यस्ता घटनाहरू दोहोरिने गरेका छन्।



*मानवअधिकारका लागि एकल महिला समूह सप्तरीद्वारा ०६५ मङ्सिर १० गते अयोजित क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हिंसापीडित महिलाहरू*

**कानुनको अभाव**

बोक्सीको आरोपमा हुने गरेका ज्यादतीका घटना दोहोरिनुमा दण्डहीनता नै प्रमुख कारण रहेको पाइन्छ। बोक्सीको आरोपमा हुने गरेका घटना नियन्त्रण गर्न कुनै कानुन बनेको छैन। यस्तो जघन्य सामाजिक अपराध नियन्त्रण गर्न छुट्टै कानुन नबन्दा घटनामा पनि कमी आउन सकेको छैन। छुट्टै कानुन नहुँदा यस्ता सामाजिक अपराध गर्नेविरुद्ध ०२७ सालमा बनेको पञ्चायतकालीन कानुन, केही सार्वजनिक अपराध तथा सजाय ऐन-२०२७ अन्तर्गत कारबाही हुने गरेको छ। जुन कानुन अनुसार सार्वजनिक अपराध प्रमाणित भएमा प्रमुख जिल्ला अधिकारीले दुई वर्ष कैद र १० हजार जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ। तर, आवश्यक प्रमाण पीडित स्वयम्ले जुटाउनुपर्ने व्यवस्था भएकाले कमजोर अवस्थाका पीडितले प्रमाण जुटाउन नसक्ने र पीडकको प्रभावका कारण प्रहरीले सम्झौता गराउन दबाव दिने भएकाले पीडितले पनि न्याय पाउँदैनन्, पीडकलाई पनि कुनै कारबाही हुँदैन। जसले गर्दा यस्ता अपराध नियन्त्रण हुन सकेका छैनन्।

**निष्कर्ष**

आधुनिक चिकित्सा विज्ञानले यत्रो फड्को मारिरहँदा हामी भने अशिक्षा, पछौटेपन र अन्धविश्वासका कारण मानव सभ्यतालाई उपहास गर्ने दास युगीन बोक्सी प्रथाको अन्धविश्वासमा रुमल्लिइरहेका छौं। देशमा क्रमश: भइरहेको परिवर्तनले पनि यसलाई छुन सकेको छैन। दण्डहीनता र कमजोर कानुन व्यवस्थाका कारण पनि बोक्सी प्रथाले समाजमा प्रश्रय पाइरहेको अवस्था छ। यस्तो कुप्रथाका विरुद्ध राज्यले प्रभावकारी कानुन निर्माण गर्न नसक्नु र अन्धविश्वासविरुद्धको विशेष अभियान सञ्चालन गर्न नसक्नुले महिलाहरूले २१औं शताब्दीमा पनि पाशविक जीवन बाँच्न बाध्य हुनुपरेको छ। जबसम्म बोक्सी प्रथालाई कानुनी रूपबाट सामाजिक कलङ्कका रूपमा परिभाषित गरिँदैन र यस्तो अपराधमा संलग्नहरूलाई कडा दण्डको व्यवस्था हुँदैन, तबसम्म न महिलाले कुनै परिवर्तनको अनुभूति गर्न सक्छन्, न त नारकीय जीवनबाटै मुक्ति पाउन सक्छन् र यो प्रथाले सिङ्गो मानवअधिकार आन्दोलनको उपहास गरिरहने छ। त्यसले यो प्रथा उन्मूलनका लागि सरकारले तत्कालै छुट्टै कानुन निर्माण गरी प्रभावकारी कदम चाल्नु जरुरी छ। यसको उन्मूलन सरकारी, गैरसरकारीलगायत समाजका हरेक क्षेत्रको सामूहिक प्रयासले मात्र सम्भव हुनसक्छ।

# महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि के गर्नु पर्दछ ?

**राज्यको सबै ठाउँमा महिलाको उपस्थिति नहुँदा राज्य, सरकार, देश हाम्रो हो भन्ने हुँदैन। राज्यका हरेक तहमा महिलाको अर्थपूर्ण भूमिका हुनुपर्छ। महिला बलात्कारका घटनाबाट पीडित छन्। महिला हिंसाका कारण महिलाहरू घर-बेघर भएका धेरै घटनाहरू छन्।**

**दुर्गा सोव**
**अध्यक्ष, दलित महिला सङ्घ**

नेपालमा महिलामाथि हुने हिंसा बढेर गएको छ। महिलामाथि हुने हिंसाका कारणहरू मुख्यतः सामाजिक विभेद, जातीय विभेद, पितृसत्तात्मक सत्ता, गरिबी, लैङ्गिक विभेद नै हुन्। समाज लैङ्गिक सवालमा संवेदनशील छैन। देशमा बनेका महिलाविरुद्धका कानुनको अन्त्यका लागि कार्यान्वियन प्रभावकारी हुँदैन। महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि हामीभित्र रहेको विभेदहरूको अन्त्य हुनुपर्छ। महिलामध्ये पनि दलित, पछाडि पारिएका समुदायका महिला नै महिला हिंसाका सिकार हुने गरेका छन्। जातीय विभेदको अन्त्य नभएसम्म महिलाविरुद्ध हिंसा अन्त्य हुन सक्दैन। पितृसत्तात्मक अवस्थाको अन्त्य हुनुका साथै महिलामाथि हुने हिंसाविरुद्धका कानुन कार्यान्यवन हुनुपर्छ। यसमा सम्बन्धित निकाय नै संवेदनशील हुनुपर्छ। महिला प्रतिनिधित्वको समान सुनिश्चितताले नै महिला हिंसाको अन्त्य सम्भव छ। महिलाका सवालहरूलाई प्राथमिकताका साथ छलफलमा ल्याइनु पर्छ। महिला आन्दोलन सशक्त हुन नसकेका कारण महिलामाथिको हिंसा बढेर गएकाले महिला आन्दोलनलाई सशक्त बनाएर अगाडि बढाउनु जरुरी छ। राजनीतिक पार्टीमा महिलाको समान सहभागिता अहिलेको अपरिहार्यता हो।

**शर्मिला कार्की**
**सचिव, गैरसरकारी संस्था महासङ्घ**

महिलाविरुद्ध हुने हिंसा लामो समयदेखि देशमा व्याप्त छ। महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि एउटा मात्र क्षेत्रमा काम गरेर हुँदैन। महिला हिंसाविरुद्धको अभियानलाई सशक्त रूपमा देशव्यापी बनाउन सबै क्षेत्रमा काम गर्नुपर्छ। महिलामाथि हिंसा हुँदै आएको छ। महिलामाथि हुने हिंसा हरेक क्षेत्रमा विद्यमान छ। महिला हिंसा अन्त्यका लागि सबै क्षेत्रको सहयोग अनिवार्य हुनुपर्छ। आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारमा महिलाको समान सहभागिता हुनु जरुरी छ। समग्र रूपमा मानवअधिकारको प्रत्याभूति महिलाले पाउनुपर्छ। महिलाभित्र पनि पछाडि पारिएका महिला, जनजाति, दलित महिला, आमा भएका महिला, बूढी आमालाई हेर्नु जरुरी छ। आमाले पाउनुपर्ने सबै अधिकारबाट उनीहरू वञ्चित भएको अवस्था छ। अधिकांश महिला पुरुषप्रधान देशमा हेपाइको सिकार भइरहेका छन्। महिलाको वास्तविक पहिचान छैन। सम्पत्तिमाथि महिलाको अधिकार छैन। महिलालाई आर्थिक रूपमा सम्पन्न गरिनु पर्छ। देशमा महिलामुखी नीति हुनुपर्छ। राज्यको सबै ठाउँमा महिलाको उपस्थिति नहुँदा राज्य, सरकार, देश हाम्रो हो भन्ने हुँदैन। राज्यका हरेक तहमा महिलाको अर्थपूर्ण भूमिका हुनुपर्छ। महिला बलात्कारका घटनाबाट पीडित छन्। महिला हिंसाका कारण महिलाहरू घर-बेघर भएका धेरै घटनाहरू छन्। महिलामाथि जघन्य अपराधका घटना हुन्छन्, नि:सहाय, सोझा, सीधा महिलामाथि बोक्सीको आरोप लगाई समाजमा अपमानित गरिन्छ। महिलालाई राजनीतिक मूलधारमा ल्याई सबै महिलाको समान सहभागिता गराउनु जरुरी छ। महिलामुखी मात्र नभई सबै क्षेत्रका महिलालाई समान सहभागी गराउनु पर्छ। महिलाले आफ्नो खुट्टामा उभिएर आफ्नो पहिचान खोज्नु पर्छ। दण्डहीनताको अन्त्य हुनु पर्छ। राज्यमा कानुनी शासनको प्रत्याभूति हुनु पर्छ। पछाडि पारिएका महिला समुदायमा महिलामाथिको हिंसा बढी हुने गरेको छ। महिलाको सुरक्षा र पहिचानसहितको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारको प्रत्याभूतिको सुनिश्चितता नै महिलाविरुद्ध हुने हिंसाको अन्त्य हो।

**प्रस्तुतिः राजु पासवान**
**इन्सेक प्रतिनिधि, काठमाडौँ**

**मीना गुरुङ**
**उप-प्राध्यापक एवम् संयोजक, नागरिक समाज विकास परिषद्, कास्की**

महिलाविरुद्ध हुने हिंसा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, अनुबन्ध र महासन्धि गर्दै र कानुन बनाउँदैमा अन्त्य हुन सक्ने देखिँदैन। महिलाविरुद्धको हिंसालाई निजी वा व्यक्तिगत समस्याका रूपमा र सामान्य अर्थ लगाउने संस्कृति र मूल्य-मान्यताको कडा आलोचना र विरोध हरेक क्षेत्रबाट निरन्तर गरिनु पर्दछ।

महिलाप्रति गरिने परम्परागत व्यवहारको समूल नष्ट व्यवहारबाटै गर्न सक्नुपर्छ, औपचारिकतामा मात्र होइन। त्यस्तै महिलाविरुद्धको हिंसाको सारभूत अन्त्यका निम्ति राज्यले लैङ्गिक समानताका नीतिहरू अगाडि ल्याउन हरेक क्षेत्रबाट कडा दबाब आवश्यक छ र राजनीतिक इच्छाशक्ति प्रवल र मजबुत

बनाइनु पर्ने देखिन्छ। स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयासका लागि व्यापक सहकार्य बढाउनु पर्ने देखिन्छ।

संविधानसभामा महिलामाथि हुने हिंसा अन्त्यका लागि अझ कडाभन्दा कडा नीति-नियम तथा कानुन बनाउनु र त्यसको व्यावहारिक प्रयोजनका निम्ति स्थानीयस्तरबाट दबाब दिने कार्यक्रम यथाशीघ्र सञ्चालन गर्नुपर्ने देखिन्छ। कानुनको प्रभावकारी कार्यान्वयनबाट मात्रै महिलामाथि हुने हिंसा अन्त्य हुनसक्छ।

**अस्मिता श्रेष्ठ**
**अधिवक्ता, पोखरा**

महिलाविरुद्ध हुने हिंसा मानवताविरुद्धको एक जघन्य अपराध हो। हाम्रो समाजमा विभिन्न किसिमका हिंसाबाट महिलाहरू पीडित भइरहेका छन्। महिलाहरूको समान विकास र समग्र समाजको विकासका लागि पनि यी हिंसाहरूको अन्त्य हुनु आवश्यक छ। महिलाविरुद्धको हिंसा हुनुको कारण पितृसत्तात्मक सोच, विभेदकारी कानुनी कुरीति, कुसंस्कार र व्यापक रूपमा रहेको अशिक्षा नै हो। त्यसैले यसको अन्त्य गर्नका लागि पनि सर्वप्रथम त लैङ्गिक संवेदनशील समाजको सिर्जना हुन आवश्यक छ।

यसका लागि लैङ्गिक संवेदनशीलता अभिवृद्धि र जेन्डरम्बन्धी विभिन्न कार्यक्रमहरूको आयोजना गरिनुपर्छ। साथै, हाम्रो समाजमा व्याप्त रहेको कुरीति, कुसंस्कारलाई हटाउन सरकारी स्तरबाटै प्रयासहरू हुन आवश्यक छ। महिलाविरुद्ध हुने हिंसालाई सम्बोधन गर्न र अन्त्य गर्न एउटा छुट्टै ऐनको व्यवस्था हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा यससम्बन्धी छुट्टै ऐनको आवश्यकता छ। हुन त अहिले पनि विभिन्न ऐनका विभिन्न व्यवस्थाहरूमा यससम्बन्धी उल्लेख भएको छ तर यो पर्याप्त छैन। महिलाविरुद्धको हिंसामा छिटोछरितो रूपमा न्याय प्राप्त गर्न सकोस् भन्ने दृष्टिले यस्ता सङ्क्षिप्त विषयलाई विविध ऐन अन्तर्गत हेरिने व्यवस्था हुनुपर्छ। अदालतले पनि यस्तो मुद्दालाई विशेष प्राथमिकतासाथ हेरी छिटोछरितो रूपमा र पीडितलाई राहतमुखी अवधारणाका आधारमा हेरिनु पर्छ।

**प्रस्तुति : टङ्क खनाल**
**इन्सेक प्रतिनिधि, कास्की**

**पार्वती पाण्डे**
**सञ्चारकर्मी, कपिलवस्तु**

वर्तमान अवस्थामा समेत महिलाहरू घरेलु हिंसा, राजनीतिक, सामाजिक तथा सांस्कृतिक हिंसाबाट पीडित छन्। हरेक क्षेत्रमा लैङ्गिक विभेद र अपहेलना जारी छ। यो क्रम राज्यको चौथो अङ्ग मानिने सञ्चार जगत्मा पनि रहेको छ। महिलामाथि हुने सबै प्रकारका हिंसा तथा लैङ्गिक भेदभाव अन्त्यका लागि नयाँ नेपालको संविधानले सुनिश्चित रूपमा बलियो कानुन निर्माण गर्नुपर्छ। महिला र पुरुष समविकास नहुँदासम्म कुनै न कुनै रूपमा भेदभाव कायमै रहने हुँदा राज्यका हरेक अङ्ग, निकाय र अवसरमा महिलाहरूलाई पुरुषसरहको स्थितिमा पुऱ्याउन अविलम्ब कदम चालिनुपर्छ। सचेत नागरिक समाजले यस कार्यको निरन्तर अनुगमन गर्नुपर्छ।

**सरस्वती पौडेल**
**महिला मानवअधिकारकर्मी**

महिलाविरुद्ध हुने घरेलु हिंसालाई अन्त्य गर्न सर्वप्रथम राज्यले प्रभावकारी कानुन बनाउन जरुरी छ। अर्कोतर्फ, महिलाहरूको शिक्षा, रोजगारी र चेतनामा वृद्धि गर्नुपर्छ, सासु र बुहारीको व्यवहार अन्त्य हुनुपर्छ। परम्परावादी सोच, रुढीवादी, पितृसत्तात्मक सोचको अन्त्य र दाइजो प्रथा, बालविवाह, बहुविवाह गर्नेमाथि कडा कारबाही गर्नुका साथै महिलालाई रोजगारलगायतका हरेक क्षेत्रमा समावेसीका आधारमा प्रतिनिधित्व गराउनुपर्छ। सम्पत्तिमा समान अधिकार भएमा महिला हिंसामा कमी आउने छ।

**प्रस्तुति : नन्दराम पौडेल**
**इन्सेक प्रतिनिधि, कपिलवस्तु**

**कुलमणि ज्ञवाली**
**पत्रकार तथा अध्यक्ष, प्रेस चौतारी नेपाल, लुम्बिनी**

महिलाहरू यो वा त्यो बहानामा हिंसामा बाँच्न बाध्य छन्। पहिले त्यस खालका हिंसाका कारणहरू खोज्नुपर्छ। हिंसाका कारणहरूबाट समाधानका उपायहरू आउँछन् र त्यसै अनुरूप योजना बनाउन सजिलो हुन्छ। महिलाअधिकारलाई अझ सशक्त बनाइनुपर्छ। महिला हिंसा गर्ने पीडकलाई कानुनी कारबाही हुनुपर्छ। सम्झौतामा पीडकलाई उन्मुक्ति दिइँदै आएको छ। यस्तो परिपाटीले समाजमा महिलाविरुद्धको हिंसा बढेको छ। महिलाहरूलाई चेतनास्तर बढाउने खालका कार्यक्रमहरू गरिनुपर्छ। महिलालाई सशक्त बनाउन राज्यले बृहत्तर योजना निर्माण गरी त्यसै अनुरूपका कार्यक्रमहरू ल्याउन जरुरी छ।

**सिद्धिचरण भट्टराई**
**अध्यक्ष, गैसस महासङ्घ** (रूपन्देही)

महिला हिंसाको अन्त्यका लागि महिलालाई अझ जागरुक बनाउनुपर्छ। जनचेतना अभिवृद्धि हुने खालका कार्यक्रमहरू राज्यले ल्याउनुपर्छ र प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्छ। सबैको जोड समतामूलक समाज स्थापनाका लागि हुनुपर्छ। समतामूलक समाज स्थापना भएपछि हिंसाका घटनाहरू स्वत: कम हुन्छन्। महिलालाई आर्थिक र सामाजिक हिसाबले सशक्त बनाउनुपर्छ। हिंसाका पछाडि आर्थिक कारण जोडिएको हुन्छ। जबसम्म महिलाको हैसियत बढ्ने र आर्थिक स्थिति मजबुत हुने खालका कार्यक्रमहरू राज्यले ल्याउँदैन, तबसम्म समतामूलक समाज निर्माण हुन गाह्रो छ।

**बाबुराम पाण्डे**
**पूर्वअध्यक्ष, पुनरावेदन बार एसोसिएसन (रूपन्देही)**

महिलाविरुद्ध हुने हिंसाका कारणहरू खोजेर राज्यले त्यसै अनुरूपका कार्यक्रमहरू ल्याउनुपर्छ। समतामूलक

समाज स्थापनाका लागि सबै क्षेत्रबाट पहल हुनुपर्छ। सामाजिक र आर्थिक हिसाबले महिलालाई सशक्त बनाउनुपर्छ। महिलाको चेतनास्तर बढाउनुपर्छ। चेतना र शिक्षा बढेपछि हिंसा स्वाभाविक रूपले घट्छ। राज्यले अहिलेसम्मका अस्पष्ट र अव्यावहारिक नीतिहरू हटाउनुपर्छ। शिक्षालाई सर्वसुलभ बनाउनेतर्फ राज्य गम्भीर भएको छैन। कोरा कल्पनाका आधारमा बनाइएका नीति-नियमहरूले अब मुलुक चल्दैन। असहाय र गरिबको पहुँचको शिक्षा हुनुपर्छ। शिक्षा र चेतनास्तर बढेपछि हिंसाका घटनाहरू स्वत: घट्छन्।

**अमृता अनमोल**
**सचिव, महिला सञ्चार मञ्च, रूपन्देही**

महिला हिंसाका तथ्य खोज्दै जाँदा धेरैजसो महिला हिंसा परनिर्भरता र अशिक्षाले निम्त्याएको छ। महिला शिक्षित र आत्मनिर्भर छ भने त्यहाँ महिला हिंसा कम हुन्छ। तसर्थ, सर्वप्रथम त महिला हिंसा हटाउन महिला शिक्षा र आत्मनिर्भरतामा जोड दिनुपर्छ। हाम्रो समाजमा मान्दै आएका धर्म र संस्कारले पनि महिला हिंसा बढाउन सहयोग गरेका छन्। यस्ता प्रथा तथा संस्कार कानुनद्वारा नै अन्त्य गरिनु पर्छ र व्यवहारमा अन्त्य भए/नभएको अनुगमन गरी सजायको व्यवस्था हुनुपर्छ। पुरुषका तुलनाका महिला दोब्बर काममा खट्ने भए पनि उनीहरूको बढी समय अनुत्पादक काममा बित्छ भने पुरुष उत्पादक र सामुदायिक काममा खटेको हुन्छ। राज्यले महिला र पुरुष दुवैलाई समान रूपमा अनुत्पादक, उत्पादक र सामुदायिक काममा खट्ने वातावरण मिलाएमा पनि महिला हिंसा कम हुन्छ। पछिल्लो समयमा सरकारी र गैरसरकारी सङ्घसंस्थाले महिला हिंसाका लागि विभिन्न पैरवी कक्षा सञ्चालन गर्ने गरेका छन्। ती तालिममा महिला-पुरुष दुवैलाई सहभागी हुने र महिलाका समस्याबारे पुरुषलाई र पुरुषका समस्याबारे महिलालाई बुझ्ने र समाधान गर्ने अवसर जुटाइदिएमा पनि महिला हिंसा धेरै हदसम्म कम हुनेछ।

**नर्बु लामा, अध्यक्ष**
**उपभोक्ता हित संरक्षण मञ्च, रूपन्देही**

सर्वप्रथम महिलालाई शिक्षाको अवसरबाट वञ्चित गराइनु हुन्न। महिला र पुरुषको अधिकार बराबर हुन्छ भन्ने तथ्यको प्रत्याभूति सरकारले गरे तापनि त्यसको अनुभूति महिला वर्गले शिक्षाको माध्यमबाट मात्र थाहा पाउने गर्छन्। शिक्षामा महिलाको पहुँच कम भएकै कारण सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन र महिला सशक्तीकरणका निम्ति काम गर्ने त्यतिका संस्थाहरू परिचालन हुँदा पनि महिलामाथि गरिने दुर्व्यवहार र यौन शोषणको अन्त्य हुन नसक्नु पनि त्यही कारण हो। महिलालाई ३३ र ५० प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्छ भन्ने माग राख्ने हरेकजसो राजनीतिक दलहरूले नै महिलालाई पुरुषसरह शिक्षित, स्वस्थकर र दक्ष जनशक्तिको रूपमा सुविधा र अवसर दिन हिचकिचाएको देखिन्छ। अत: महिलाविरुद्ध हिंसाको अन्त्य तब मात्र सम्भव हुन सक्छ, जब महिलाले समाजमा आफ्नो मान्यता, सम्मान र हैसियतको मूल्याङ्कन गर्ने शिक्षा प्राप्त गर्न सक्छन्।

**डा. गितु गिरी**
**उप-प्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस**

महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि समुदायमा जनचेतना अभिवृद्धि गर्नुपर्छ। महिलालाई आर्थिक अधिकार दिनुपर्छ। महिलाहरूलाई स्वरोजगार तालिमका साथै रोजगारको अवसर दिनुपर्छ। समाजमा लोभलालचले द्वन्द्व बढाएको हो। जबसम्म रोजगारको अवसर र आर्थिक अधिकार महिलाहरूले पाउँदैनन्, तबसम्म समुदायमा द्वन्द्व यथावतै रहन्छ। धेरै महिलाहरू स्वरोजगार नहुँदा हिंसामा पिल्सिन पनि बाध्य भएका छन्। शिक्षालाई सर्वसुलभ, व्यावहारिक र अनिवार्य बनाएमा समतामूलक समाज निर्माणमा सजिलो हुन्छ। समुदायका हरेक काममा समावेशी सहभागिता अनिवार्य गरिनुपर्छ। अधिकारका कुरा नारामा मात्र सीमित छन्। त्यसलाई कार्यान्वयन तहमा पुऱ्याउनु पर्छ। महिला अधिकारका पक्षमा आएका नाराहरू आकर्षक छन् तर कार्यान्वयन तहमा पुगेको पाइँदैन। भएका कामको पनि अनुगमन हुनुपर्छ। योजनाबद्ध लक्ष्य, लक्ष्य अनुसारको कार्यान्वयन, लक्ष्य कति पूरा भयो/भएन-अनुगमन गर्नुपर्छ र त्यसबाट पाठ सिक्दै अर्को योजनाबद्ध काम थाल्नुपर्छ। राज्यले शिक्षा र चेतनास्तर बढ्ने खालका कार्यक्रमहरू ल्याउन जरुरी छ।

**गीता के.सी. (थापा)**
**घरेलु हिंसापीडित महिला, शङ्करनगर**

समाज अझै पनि विभेदमुक्त छैन। महिला र पुरुषबीचका असमानताहरू जरा गाडेको अवस्थामा छन्। महिलालाई हेर्ने दृष्टिकोण अझै पनि पुरानै खालको छ। शिक्षा र चेतनाका हिसाबले पनि पुरुषको तुलनामा महिलाहरू पछाडि छन्। किनभने, त्यतिबेलाको समाजले महिलालाई शिक्षा दिन जरुरी ठानेको थिएन। राज्यले पनि त्यस अनुरूपका कार्यक्रम ल्याउन सकेन। महिलालाई हिंसामा बाँच्न बाध्य पार्नेमा पुरुषसँगै स्वयम् महिला पनि छन्। सासूले बुहारीलाई गर्ने हिंसा होस् या बुहारीले सासूलाई गर्ने हिंसा, यस्तो खालका हिंसाले महिलाहरू अझ बढी पीडामा बाँच्न बाध्य छन्। महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि समतामूलक समाज निर्माण जरुरी छ। समतामूलक समाज निर्माणका लागि चेतना अभिवृद्धि गरिनुपर्छ। महिलालाई शिक्षा र चेतना बढ्ने खालका कार्यक्रमहरू राज्य निकायबाटै योजनाबद्ध ढङ्गले अगाडि सार्नुपर्छ। महिलालाई आर्थिक, सामाजिक र अधिकार उपलब्ध हुनुपर्छ। अनि, महिलालाई नै चेतना अभिवृद्धि अभियानमा सहभागी गराउनुपर्छ।

**सावित्रा अर्याल**
**महिला अधिकारकर्मी**

महिलाहरूमा चेतनास्तर बढाएमा हिंसा स्वत: कम हुँदै जान्छ। अझै पनि धेरै महिलाहरू आफू हिंसामा परेको चालै पाउँदैनन्। हिंसामा बाँच्न बाध्य महिलाहरू पनि हिंसामा परेको थाहा पाउँदैनन्। तसर्थ, जबसम्म महिलामा चेतनास्तर बढाउने



आफ्नै भतिजाहरूद्वारा अपहरणपछि हत्या गरिएकी बालुवा गाविस-८ काभ्रेकी भोलाकुमारी आचार्य




# अधिकार



दाइजो नल्याएको निहुँमा कुटपिट गरिएकी भवानीपुर कालाबंजार-२, सिरहाकि २० वर्षीया रन्जना साह




महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध विभिन्न माग राख्दै काठमाडौंको माइतीघर मण्डलामा रिले अनसनमा बसेका महिला मानवअधिकार रक्षकहरू

विगतमा जस्तै यस वर्षको २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म १६ दिने लैङ्गिक हिंसाविरुद्धको अभियान नेपाललगायत विभिन्न देशहरूमा स समाजले एक प्रतिवेदन सार्वजनिक गर्दै नेपालमा २०६४ साउनदेखि ०६५ असारसम्ममा महिलाविरुद्ध हिंसाका ७ हजार २ सय ३६ ओटा घट गरेको, २१ प्रतिशत महिला छिमेकीबाट पीडित भएको र करिब ५२ प्रतिशत पीडित महिलामा कुनै न कुनै स्वास्थ्य समस्या रहेको उल्लेख पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसैगरी इन्सेकले पनि सन् २००८ जनवरीदेखि अक्टोबर महिनासम्म प्राप्त गरेको बलात्कारका घ अनलाइनमा सङ्ग्रहित भएको जनाएको छ। इन्सेकले ती घटनामा १ सय ३६ जना बालिका तथा महिलाहरू पीडित भएको समेत उल्लेख गरे

यस प्रकारका महिलामाथि हुने हिंसा आज चुनौतीको विषय बन्न पुगेको छ। यसका लागि नागरिक स्तरबाट विभिन्न दबाबमूलक कार्यक्र कार्यान्वय गर्न सकेमा अवश्य नेपालमा महिला हिंसासम्बन्धी यस्ता घटनाहरूको न्यूनीकरण गर्न सकिने कुरामा दुईमत नहोला।






बोक्सीको आरोपमा कुटपिट गरिएकी सिमरदहि गाविस-१, महोत्तरीकि मरिनी देवी

# का पक्षमा



कैलाली जिल्ला चम्पापुरकि महिला मानवअधिकारकर्मी लक्ष्मी बोहराको हत्याको निष्पक्ष छानबिन गर्न माग गर्दै महिला मानवअधिकार रक्षकहरू



आफ्नै छोराद्वारा घाइते तुल्याइएकी सिरहा असनपुर गाविसकी मूर्तिदेवी महतो

ालन गरियो । यस अभियानलाई सेतो रिबन अभियान पनि भन्ने गरिन्छ । यसै सन्दर्भमा ओरेक नेपाल, शक्ति समूह र शक्ति मिलन भएको तथ्य प्रकाशमा ल्याएको थियो । उक्त प्रतिवेदनमा हिंसाबाट पीडित महिलाहरूमा ६६ प्रतिशत हिंसा विवाहित महिलामाथि हुने एको छ । यसरी पीडित हुने महिलाहरूमा सबैभन्दा बढी आदिवासी जनजाति महिलाहरू, त्यसपछि क्रमशः बाहुन, क्षेत्री, दलित रहेको ाहरूको विश्लेषण गरी सार्वजनिक गरेको प्रतिवेदनमा उक्त अवधिमा १ सय ३४ वटा बलात्कार र बलात्कार प्रयासका घटना इन्सेक थियो ।

ई निरन्तरता दिदै राज्यको ध्यानाकर्षण र जनचेतनामा वृद्धि गराउनु पर्छ भने राज्यले उपयुक्त कानुन निर्माण गरी इमानदारीपूर्वक

कार्यक्रमहरू ल्याइँदैन, तबसम्म हिंसामा परेका महिलाहरूले न्याय पाउँदैनन्। पीडकलाई सम्झौतामा उन्मुक्ति दिइनु हुन्न। कानुनी कारबाही गर्नुपर्छ। राजनीतिक दलहरूले पनि महिलालाई सशक्त बनाउँदै चेतना अभिवृद्धि हुने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। धेरैजसो महिलाहरू घरेलु हिंसामा पिल्सिएका छन्। घरेलु हिंसा अन्त्यका लागि पनि महिलामा चेतना अभिवृद्धि गर्न आवश्यक छ। समतामूलक समाज निर्माणतर्फ राज्यले योजनाबद्ध कार्यक्रम ल्याउनुपर्छ।

**प्रस्तुति : अमृत गिरी**
**इन्सेक प्रतिनिधि, रूपन्देही**

**सीता भुसाल**
**अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, गुल्मी**

महिला हिंसाको मूल कारण पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरूलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारबाट वञ्चित गरिनु हो। हाम्रो समाजमा महिलामाथि हुने हिंसाका विभिन्न स्वरूपहरू प्रशस्त देख्न सकिन्छ। निम्नवर्गीय महिलादेखि उच्चवर्गका महिलासम्म कुनै न कुनै रूपमा हिंसाका सिकार बनिरहेका छन्।

महिला हिंसालाई आजको भोलि अन्त्य गर्न त धेरै कठिन कार्य हो तर व्यक्ति, समाज र सिङ्गो राष्ट्र एकजुट भएर महिला हिंसाविरुद्धको अभियानमा जुट्ने हो भने न्यूनीकरण गर्न भने सहजै सकिन्छ। हाम्रो समाजमा सदियौँदेखि लैङ्गिक विभेदका जराहरू जसरी गाडिएका छन्, त्यही रूपमा नै महिला हिंसा पनि झाङ्गिएको देखिन्छ। यस्ता घटनाबाट मुक्ति दिलाउन छलफल, पैरवी चलाउनु, दबाब सिर्जना गर्नु आमसचेत नागरिकको कर्तव्य नै हो। महिला हिंसा पूर्ण अन्त्य हाम्रो लक्ष्य भए पनि सो लक्ष्य परिपूर्ति गर्न निम्न कदमहरू उठाएमा केही सकारात्मक फड्को मार्न सकिन्छ। त्यसैगरी, महिला हिंसाको अन्त्यका लागि सत्ता, शक्ति र स्रोतहरूमा महिला र पुरुषको समान सहभागिता वृद्धि गर्नुपर्ने, महिला हिंसा अन्त्यका लागि कडा कानुनको निर्माणका साथै प्रभावकारी रूपमा कार्यान्यनको व्यवस्था गर्नुपर्ने, लैङ्गिक विभेद अन्त्यका लागि चेतनामूलक कार्यक्रमलाई समुदायस्तरमा लैजानुपर्ने, महिला हिंसाका घटनाहरूको अभिलेखीकरण र हिंसाबाट पीडित महिलाहरूको पुन:स्थापनाको व्यवस्था हुनुपर्छ।

**माधव ज्ञवाली**
**समाजसेवी, गुल्मी**

महिला हिंसाको अन्त्यका लागि निम्नलिखित कुराहरू गरिनुपर्दछ :

- कानुनको प्रभावकारी कार्यान्वयन : महिला र पुरुषबीच भएका असमानतालाई हटाउन हालसम्म बनेका कानुनहरू जस्तै आमाको नामबाट छोराछोरीको नागरिकता दिनेजस्ता कानुन तथा नियमहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्छ।
- विदेशी संस्कृतिको प्रभावलाई न्यूनीकरण गर्दै जानुपर्ने : भारतीय संस्कृतिले नेपालमा भित्र्याएको महिलाप्रति गरिने खराब व्यवहार हटाउन स्थानीयस्तरदेखि राष्ट्रियस्तरमा बहस, अन्तरक्रिया, वादविवादजस्ता कार्यक्रमहरू सञ्चालन गरी महिला हिंसाविरुद्ध चेतनाको विकास गराउने।
- अभियान सञ्चालन : शिक्षित महिलाहरूबाट मात्र परिवार शिक्षित हुन्छ। शिक्षित परिवारले मात्र महिला हिंसा नियन्त्रण गर्न सक्छ भन्ने अभियान सञ्चालन गर्ने।
- पारिवारिक ढाँचाको निर्माण : पितृसत्तात्मक पारिवारिक ढाँचाले महिला हिंसाको सुरुवात गरेको हुँदा मातृसत्तात्मक पारिवारिक ढाँचाको व्यवस्था हुनुपर्ने।
- माध्यमिक तहको पाठ्यक्रममा महिला सशक्तीकरणसँग सम्बन्धित विषयवस्तु समावेश गर्ने।
- महिला प्रौढ कक्षा सञ्चालन गर्दा महिलालाई चेतना जगाउने विषयवस्तु समावेश गर्ने।
- समाजमा सञ्चालन गरिने हरेक किसिमका कार्यक्रममध्ये एकतिहाइ कार्यक्रमहरू महिलाको नेतृत्वमा सञ्चालन गरिनुपर्ने र ३३ प्रतिशत महिला अनिवार्य सहभागी गराउनुपर्ने।
- महिलाहरूको आर्थिक पहुँचमा वृद्धि गर्ने।
- महिलाहरूलाई नि:शुल्क कानुनी शिक्षाको व्यवस्था गरिनुपर्छ।
- राज्यका कानुनी सेवाहरूलाई विकेन्द्रित गरिनुपर्छ।
- महिला हिंसासम्बन्धी घटनाको निष्पक्ष छानबिन गरिनुपर्छ।
- पीडित महिलाहरूका लागि राज्यले पुन:स्थापना केन्द्रको व्यवस्था गर्नुपर्छ।
- हरेक जिल्लामा हिंसापीडित महिलाहरूका लागि राहत कोषको व्यवस्था गरिनुपर्छ।

समग्रमा नेपालभित्र विद्यमान महिला हिंसालाई कम गर्न आमनेपाली नागरिकको पनि उत्तिकै महत्व छ। मुख्य रूपमा समाजमा जनचेतनाको कमीले पनि यस्ता घटनाहरू दिनानुदिन बढ्दो अवस्थामा देखिएका छन्। यसका लागि हामी सबै सचेत नागरिकले आ-आफ्नो टोल, समुदायबाटै सचेतनाको अभियान सुरुवात गर्नुपर्छ। यसबाहेक राज्यले पनि महिला हिंसाको घटनालाई राष्ट्रिय सवालका रूपमा लिई कडाइका साथ लागिपरेमा यसको न्यूनीकरणमा सघाउ पुग्ने छ। अन्यथा महिला हिंसालाई रोक्ने चर्चा गर्नु गफमा मात्रै सीमित बन्नेछ।

**अधिवक्ता, गोपाल खनाल**
**जिल्ला अदालत, बार एकाइ, गुल्मी**

महिलाअधिकारसम्बन्धी पर्याप्त कानुनी व्यवस्था गरिएको भए तापनि कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेका कारणबाट महिला हिंसामा कमी आउन

नसकेको हो। नेपाली सामाजिक एवम् पारिवारिक संरचनामा महिलाप्रतिको दृष्टिकोणमा जबसम्म आमूल परिवर्तन हुँदैन, तबसम्म राज्यको मात्रै प्रयासबाट केही हुन सक्दैन भन्ने कुरामा हामी सबैले बुझिसकेका छौँ। महिला हिंसाको अन्त्य गर्न राज्यपक्षको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी देखिन्छ। राज्यबाट हुने गरेका महिला हिंसासम्बन्धी अनुसन्धानका नाममा पीडितलाई दुःखकष्ट दिई अन्त्यमा पीडक सजिलै मुक्त हुने गरेको पनि देखिन्छ। तसर्थ, अबका दिनमा स्थानीयस्तरमै कानुनी सेवा उपलब्ध गराई कडाइका साथ लागू गरेमा तल्लो पीडित वर्गले वास्तविक न्याय पाउने देखिन्छ।

**प्रस्तुति : हीरा कुँवर**
**इन्सेक प्रतिनिधि, गुल्मी**

**टङ्कमाया लिम्बू**
**मानवअधिकार तथा सामाजिक न्याय मञ्च, जिल्ला कार्यसमिति, तेह्रथुम**

महिला हिंसा मानवअधिकारविरुद्धको क्रियाकलाप हो। विभिन्न अन्तर्राष्ट्रिय घोषणापत्र र महासन्धिले महिला हिंसा अन्त्य गर्ने प्रतिबद्धता जनाइसकेका छन्। नेपालले पनि त्यसलाई हस्ताक्षरद्वारा प्रतिबद्धता जनाइसकेको भए पनि महिला विभेद र हिंसा अपेक्षाकृत कम हुन सकेको छैन। महिला हिंसा राज्यको विभेदपूर्ण कानुन र सामाजिक संरचनाको उपज हो। राज्यका हरेक तहमा बन्ने नीति-नियमहरू विभेदपूर्ण सामाजिक संरचना र व्यवहारले प्रभावित छन्। आजको अवस्थामा आइपुग्दा महिला मानवअधिकार रक्षकहरूको दबाबका कारण केही कानुन र नीतिहरू परिमार्जन भएका छन्। नीतिगत दबाबका कारण महिलाहरूको भौतिक रूपमा उपस्थिति हुन थालेको छ तर अर्थपूर्ण सहभागिता छैन। महिलाको विभिन्न स्रोतसाधनमाथि पहुँच र नियन्त्रण नगन्य छ, पुनःउत्पादक भूमिकामा बढी योगदान छ तर त्यसको मूल्याङ्कन गर्ने राज्यको नीति छैन। महिलाहरू जहाँ संलग्न छन्, त्यहाँ उनीहरूको अस्तित्व र भूमिकालाई पितृसत्तात्मक सोचले प्रभावित सामाजिक संरचनाले स्वीकार्न सकेको छैन। महिला हिंसा अन्त्य गर्नका लागि निम्न कदम चाल्नुपर्छ।

- राज्यले महिला हिंसा अन्त्य गर्न प्रभावकारी कानुन निर्माण र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ।
- प्रभावकारी कानुन कार्यान्वयनका लागि केन्द्रदेखि स्थानीय स्तरसम्म अनुगमन गर्न स्थायी संरचना निर्माण गर्नुपर्छ। जसले अनौपचारिक क्षेत्रको महिला हिंसाको घटना र व्यवस्थापनको पनि अनुगमन गर्न पाउने जिम्मेवारी पाउनुपर्छ।
- राज्यले निर्माण भएको कानुन कार्यन्वयन प्रक्रिया र यसको मर्मका बारेमा सम्पूर्ण नागरिक र कानुन कार्यान्वयनकर्ताहरूलाई अभिमुखीकरण गर्नुपर्छ।
- महिलाहरूका सबै अधिकारहरूको संरक्षण गरी सहभागिता, क्षमता अभिवृद्धि, आर्थिक विकास, आत्मनिर्भरताका लागि आवश्यक सहयोगी कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।
- हिंसामा परेका महिलाहरूको मुद्दा छानबिन, व्यवस्थापन र पुनःस्थापनाका लागि राज्यले उचित नीति तयार गरी व्यवस्था गर्नुपर्छ।
- नागरिक समाजका सदस्यहरूले पनि महिलाहरूप्रतिको दृष्टिकोण, सोचमा आमूल परिवर्तन गरी वास्तविक प्रोत्साहन र प्रेरणाको भावनाले व्यवहार गर्ने र उनीहरूको शारीरिक भिन्नताको स्वीकार र सम्मान गर्नुपर्छ।

**लोगसरी कुँवर**
**प्रकाशक तथा सम्पादक, मोर्निङ् वेल दैनिक, धनगढी**

नेपालमा महिलाका पक्षमा बनेका कानुनको कार्यान्वयन गरिनुपर्छ। महिला अधिकारको संरक्षणका लागि आवश्यक रहेका कानुनहरूको निर्माण गरिनुपर्छ। महिलामाथि हुने हिंसाको अन्त्य गर्नका लागि राष्ट्रिय कानुनका साथै पारिवारिक र सामाजिक कानुन बनाउनुपर्छ।

कानुन निर्माण गर्नु सकारात्मक पक्ष हो। यसका साथै महिलाहरूको चेतनामा समेत वृद्धि गर्नका लागि राज्यले महिलाहरूका लागि ठोस योजना र कार्यक्रमहरू बनाउन आवश्यक छ। अब बन्ने नयाँ संविधानमा नै महिला अधिकार र हिंसाका बारेमा स्पष्ट उल्लेख गरिनुपर्छ। साथै, महिला सहभागिता र सुरक्षाको ग्यारेन्टीसमेत राज्यले गर्नुपर्छ।

**बालाराम भट्टराई**
**सचिव, जिल्ला बार, कैलाली**

कानुनी र राजनीतिक परिवर्तनले मात्र सामाजिक परिवर्तन सम्भव छैन। महिलाहरूमाथि हुने हिंसा सामाजिक समस्या भएकाले यसका लागि सामाजिक परिवर्तन हुन जरुरी छ। राज्य, समाज र स्वयम् महिलाहरूले आफ्नो दायित्व पूरा गर्नुपर्छ। प्रचलित कानुनलाई कार्यान्वयन गर्नुपर्छ। राज्यले महिलाविरुद्ध हुने हिंसालाई समस्याका रूपमा लिएको छैन। महिला हिंसालाई राज्यले समस्याका रूपमा लिनुपर्छ र आफ्नो निति, योजना र घोषणापत्रहरूमा उल्लेख गर्नुपर्छ। यसका लागि भावनात्मक परिवर्तन अनिवार्य मानिन्छ।

**जीवन्ती पौडेल**
**अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, कैलाली**

२१औँ शताब्दीमा पनि हाम्रो मुलुकमा महिलामाथिको हिंसा निरन्तर रूपमा भई नै रहेको छ। यो सबैका लागि दुर्भाग्य हो। यस समस्यालाई आमनेपाली सचेत वर्गले आफ्नो समस्याका रूपमा लिनुपर्छ र महिलाहरूलाई सबै क्षेत्र शिक्षा, रोजगार, सामाजिक सुरक्षा र आत्मसुरक्षाको ग्यारेन्टीसहित उनीहरूलाई सशक्त नबनाएसम्म कानुन र ऐन नियमले मात्र समस्या समाधान गर्न सक्दैन। महिलामाथि हुने हिंसाका घटनाहरूको निर्मूल गर्नका लागि महिलाहरू नै अगाडि आउनुपर्छ। आफूमाथि भएका हिंसाका

घटनाहरू अहिले पनि महिलाहरूले लुकाउने गरेका छन्। महिलाहरूको सामाजिक सुरक्षा नै छैन, जसका कारण महिलाहरू आफूमाथि भएका हिंसाका घटनाहरू लुकाउन बाध्य छन्। यो वातावरणको सिर्जना गरिनुपर्छ।

यसका लागि वर्तमान कानुनले महिलाहरूको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न सकेको छैन। महिलाहरूको सामाजिक सुरक्षा र दोषीलाई कडा कारबाही हुने खालको व्यवस्था संविधानमा नै उल्लेख गरिनुपर्छ र महिलामाथि हुने हिंसाका घटनाहरूको छानबिनका लागि स्वतन्त्र संयन्त्रको निर्माण गरिनुपर्छ।

**विष्णु दाहाल (लिम्बू)**
**अध्यक्ष, महिला जागरण सङ्घ, इलाम**

महिलामाथि हुने लिङ्गमा आधारित हिंसा, जसको परिणाम शारीरिक, मानसिक र यौनिक हुन्छ, यसका अतिरिक्त विभिन्न डर, धम्की, जबरजस्ती करणी वा स्वतन्त्रताबाट वञ्चित गराउनु, जसले गर्दा महिलालाई नकारात्मक असर परेको पाइन्छ। यस्ता विविध हिंसाहरूलाई न्यूनीकरण गर्दै अन्त्यमा निराकरण गर्नुपर्ने आजको अवस्था छ। यस्ता हिंसाहरूको निराकरण गर्नलाई नागरिक समाज, सामाजिक सङ्घसंस्था र राज्य पक्षबाट पहल गर्नु आवश्यक छ।

महिलाविरुद्ध हुने हिंसा निराकरणका लागि यी उपायहरू अपनाउनु उपयुक्त हुन्छ :

- परम्परागत कुसंस्कार र पितृसत्तात्मक सोचको अन्त्य गर्नुपर्ने।
- शिक्षामा जोड दिनुपर्ने।
- महिलाको पक्षमा अब बन्ने कानुनहरूमा स्पष्ट रूपमा हिंसा र यस विरुद्धका सवालहरू उठाउनु पर्ने।
- धार्मिक अन्धविश्वास र धर्मको आडमा भएको शोषणको अन्त्य गर्नुपर्ने।
- देशका हरेक राजनीतिक, निजामती र निर्णायक पदहरूमा महिलाहरूको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने।
- समाजमा चलेको बालविवाह, बहुविवाह, अनमेल विवाहका सम्बन्धमा प्रचलित कानुनमा परिवर्तन गरी समयानुकूल बनाउनुपर्ने।

अन्त्यमा महिलाहरूको राजनीतिक, सामाजिक, धार्मिक तथा आर्थिक पक्षमा समान सहभागिता गराउनुपर्छ भन्ने बहस सबै तहका महिलाहरूले उठाउनुपर्छ र मात्र महिला हिंसाको अन्त्यतिर पुग्न सम्भव छ।

**वीरबहादुर खड्का**
**कानुन व्यवसायी, इलाम**

सम्पूर्ण मानिसले शान्तिपूर्ण र स्वतन्त्र रूपमा बाँच्न पाउनु मानवअधिकार हो। तर, मानिसहरू विकास र सभ्यताको पक्षमा लम्के पनि विभिन्न हिंसाबाट मानव समुदाय अझै मुक्त हुनसकेको छैन। नेपाललगायत विश्वका महिलाहरू हिंसाको चपेटामा परेका छन्। घरायसी एवम् बाह्य हिंसाका कारण आधा पृथ्वी ढाक्ने महिलाहरूको अवस्था निकै कठिन, दयनीय र जर्जर अवस्थाबाट गुज्रिरहेको छ। वास्तवमा महिला हिंसा भनेको आधारभूत मानवअधिकारको उल्लङ्घन हो। हिंसा वास्तवमा विकास, शान्ति र समानताको बाधक तत्व हो।

महिला हिंसा अन्त्य गर्नका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा विभिन्न पहल र प्रयास हुँदै आइरहेको छ भने बेइजिङ् सम्मेलनपछि नेपालमा महिलाविरुद्ध हिंसालाई अन्त्य गर्न सरकारी एवम् गैरसरकारी तहबाट विभिन्न कार्यहरू भइरहेको भए तापनि नेपाली समाजमा हुने गरेका महिला हिंसा अन्त्य गर्नका लागि निम्न कार्यहरू गर्नु वाञ्छनीय छ :

- महिलाविरुद्ध हुने हिंसासँग सम्बन्धित वर्तमान कानुनको पुनरावलोकन हुन नितान्त जरुरी छ। साथै, अन्तर्राष्ट्रिय महासन्धिहरूका आधारमा कानुन तर्जुमा एवम् संशोधन हुनुपर्ने।
- जोखिममा रहेका महिलाहरूको तथ्य लिई त्यस्ता महिलाहरूलाई सोबारे जागरुक बनाउनुपर्ने।
- महिलाविरुद्ध हुने हिंसाको क्षेत्रमा सरकारले उच्च प्राथमिकताका साथ काम गर्नुपर्ने र सबै राजनीतिक दलहरूबाट यस विषयमा ठोस सहयोग लिनुपर्ने।
- महिलाविरुद्ध हुने हिंसाका बारेमा केन्द्रदेखि ग्रामीण तहसम्म जनजागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पीडितहरूका लागि छिटो न्याय दिलाउन देशका विभिन्न भागमा पारिवारिक अदालत तुरुन्त स्थापना गर्नुपर्ने।
- महिलाविरुद्ध हुने हिंसाको जानकारी महिलाहरूले नै गोप्य रूपमा दिन सक्ने व्यवस्थाका लागि प्रभावकारी संस्थागत संरचनाको स्थापना देशका विभिन्न भागमा गरिनुपर्ने।
- राज्यको नीति निर्माण तह, प्रशासनिक निकायलगायत हरेक निकायमा समानुपातिक लैङ्गिक समावेशी सिद्धान्तमा जोड दिनुपर्ने।
- हिंसात्मक गतिविधिका कारण पीडित हुन पुगेका महिलाहरूलाई आय आर्जनका सीपमूलक तालिम सञ्चालन गरी सरकारी स्तरबाटै प्रभावकारी ढङ्गबाट स्वरोजगार उन्मुख बनाउनुपर्ने।
- महिला अधिकारसँग सम्बन्धित कानुनका बारेमा जनचेतना कार्यक्रमलाई तीव्रता दिनुपर्ने र महिला हिंसा अन्त्य गर्न मौजुदा कानुनलाई कडाइका साथ कार्यान्वयन गरिनुपर्ने।

**कोपिला कार्की**
**महिला अधिकारकर्मी, इलाम**

नेपालले मानवअधिकारसम्बन्धी विभिन्न सन्धि-अभिसन्धि पूर्णरूपमा लागू गर्ने प्रतिबद्धतासहित पक्षराष्ट्र भई हस्ताक्षर गरिसकेको दुई दशक हुन लागेको छ। यसैगरी, यहाँका विभिन्न राजनीतिक पार्टीहरूले पार्टी सन्धि-अभिसन्धिमा भएको कुरालाई संवैधानिक व्यवस्थाका लागि र व्यवहारमा लागू गर्नका लागि आफ्ना घोषणापत्रहरूमा प्रतिबद्धता जाहेर गरिसकेका छन्। तर पनि नेपाली महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक,

सांस्कृतिकलगायत विविध क्षेत्रमा विभेदजन्य व्यवहारको कारणले विभिन्न क्षेत्र ( घरपरिवार, समाज, सामाजिक प्रतिष्ठान, सरकारी निकाय, सार्वजनिक स्थल)मा शारीरिक तथा मानसिक रूपले हिंसाको सिकार भइराखेका छन्। सामाजिक सुरक्षाको ग्यारेन्टी राज्यले गरेको छैन, जसले गर्दा दिनदिनै हत्या, बलात्कार, बेचबिखनजस्ता घटनाहरू बढिरहेका छन्। राज्यले प्रतिबद्धता जनाई उल्लिखित कुरालाई कानुनी रूपमा लागू गर्ने कुरालाई व्यवहारमा प्रभावकारी ढङ्गबाट लागू गर्न सकिराखेको स्थिति छैन।

यस अवस्थामा नेपालमा महिला हिंसा अन्त्य गर्नका लागि महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि र त्यसमा उल्लेख गरिएका अधिकारहरूको स्थापना गर्ने दृष्टिकोणबाट संविधान बन्नु अति आवश्यक छ। महिलाको विशेष अवस्थालाई सम्बोधन गर्न राज्यले हिचकिचाउनु हुँदैन। महासन्धिमा व्यवस्था भएको निश्चित अधिकारको ग्यारेन्टी संविधानमा हुनुपर्छ। घरपरिवार, समाज, सामाजिक प्रतिष्ठान, राजनीतिक पार्टीहरूमा हिंसा अपराध हो भन्ने मान्यताका लागि हिंसामा संलग्न व्यक्ति वा निकायलाई उत्तरदायी बनाउनु पर्छ। राज्यतर्फबाट सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनुपर्छ। जस्तोसुकै हिंसा गर्ने व्यक्ति वा निकायलाई क्षतिपूर्तिसहित दण्डनीय व्यवस्था गर्न जरुरी छ। यसैगरी, पारिवारिक अदालतको व्यवस्था राज्यले गर्नुपर्छ। संविधान र कानुनमा उल्लेख भएका कुरा व्यवहारमा लागू भए/नभएको मूल्याङ्कन तथा अनुगमन सरकारी तथा निजी क्षेत्रका तर्फबाट गर्ने व्यवस्था हुनु जरुरी छ। तब मात्र महिला हिंसा अन्त्य गर्न सकिन्छ।

**सटेन्द्र जबेगू**

**अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम शाखा**

नेपाली समाजमा विद्यमान महिला हिंसा रोकेर आजको २१औं शताब्दीको सुसंस्कृत समाज निर्माण गर्नु आजको आवश्यकता हो। नेपाली समाजमा कुनै न कुनै रूपमा वर्ग, समुदाय र क्षेत्रहरूमा व्याप्त महिलामाथि हुने हिंसाका कारण समाज विकासलाई प्रत्यक्ष प्रभाव पारिरहेको छ। त्यसैले महिलामाथि हुने हिंसा रोक्न आवश्यक छ।

महिलामाथिको हिंसाको अन्त्य गर्न सर्वप्रथम त महिलालाई नै सक्षम बनाउनुपर्ने हुन्छ। महिलालाई आर्थिक अधिकारबाट बञ्चित गराउनु हुँदैन। शैक्षिक र सामाजिक रूपमा उसलाई सक्षम र सबल बनाउन आवश्यक छ। महिलालाई आन्तरिक रूपमा सक्षम र सबल बनाउन सकिएन भने जस्तासुकै कानुन र कार्यक्रम निर्माण गरे पनि तिनको प्रभावकारिता नहुन सक्छ। त्यसैले महिलालाई सक्षम बनाउनु नै महिला हिंसा अन्त्यको उत्तम विकल्प हो। साथसाथै, समाजमा व्याप्त पितृसत्तात्मक सोचको पनि अन्त्य हुनुपर्छ। जसले गर्दा महिलालाई सधैं दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने दृष्टिकोण अन्त्य हुन्छ। महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने गरिएकाले पनि महिलामाथिको हिंसा भइरहेको प्रस्टै देखिँदै आएको छ। त्यसैले महिलालाई हेर्ने पुरुष दृष्टिकोण र व्यवहार परिवर्तन गर्न आवश्यक छ।

महिला हिंसा कम गर्न सरकारले पनि आवश्यक नीति-नियमहरू ल्याउनु पर्छ। र, ल्याइएका नीति नियमहरूलाई व्यवहारमा कार्यान्यन गर्नु पर्छ। त्यसरी नै गैससहरूले महिला हिंसाविरुद्ध जनचेतना अभिवृद्धि, आवश्यक कानुन र बनेका कानुनहरूको प्रभावकारी कार्यान्यनका लागि सरकारलाई दबाब सिर्जना गर्न नागरिकलाई उत्प्रेरित र सक्षम बनाउनु पर्छ।

नेपाली समाजमा महिला हिंसा अन्त्यका लागि मानवअधिकारकर्मी, सञ्चारकर्मी, प्रहरी प्रशासन, राज्य र गैरराज्य पक्ष सबै एकजुट भएर अपराधीहरूलाई कारबाही गरी निरुत्साहित पार्नुपर्छ। समाजका भाइरसका रूपमा देखापरेका बलात्कारी, अत्याचारी र यातनालगायतका क्षेत्रमा हात हाल्ने र अपराधीलाई संरक्षण गर्ने सबैलाई कानुनी कठघरामा उभ्याई कारबाही गरे महिला हिंसा कम हुन सक्ने थियो कि ?

**देवकृष्ण यादव**

**कार्यवाहक अध्यक्ष, मिथिला असल शासन क्लब, बबिया-४, सुनसरी**

नयाँ नेपालमा महिला हिंसा अन्त्य गरी न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न सबैको हातेमालो अत्यन्त आवश्यक छ।

**कमला राई**

**ओरेक, जिल्ला कार्यक्रम संयोजक, मोरङ**

आमा रोइरहेको घर कहाँ खुसी हुन सक्छ ? तसर्थ, हिंसा न्यूनीकरणका लागि परिवार, समाज र राष्ट्र सबै तहमा आँधीबेहरी सिर्जना गर्न सक्नुपर्छ। हिंसा न्यूनीकरण हाम्रो साझा सवाल हो। राज्यलाई नागरिक समाजले सहयोग गर्दै जिम्मेवार बनाउनु पर्छ भने अन्ततोगत्वा हिंसा न्यूनीकरण राज्यको दायित्व हो। महिला हिंसाको विभिन्न घटनाविरुद्ध पुरुषहरूको योगदानको क्रम हेर्दा पुरुषको समर्थन र सहानुभूति भए तापनि महिलाहरूले नै खबरदारी र आन्दोलन गर्नु पर्छ भन्ने मान्यता राखेको अनुभूति गर्न सकिन्छ। महिलाहरूको अधिकारका लागि महिला मात्र सडकमा उत्रनुपर्ने घटनाले कतै महिलाको सवाल मात्र महिलाको पेवा मात्र त होइन भन्ने जस्तो पनि देखिन्छ। महिला हिंसा महिलाको मात्र नभएर सामाजिक अपराध हो। महिलाहरूले हिंसाविरुद्धको अभियानमा अगुवाइ गरे पनि महिलाको सवाल सबैको साझा सवाल बन्न सक्नु पर्छ न कि महिलाको मात्र। महिला हिंसा अन्त्यका लागि सामाजिक न्यायको सुनिश्चित र कानुनी शासन लागू हुनु पर्छ।

*सङ्कलन : दीपेन नेउपाने*
*इन्सेक प्रतिनिधि, मोरङ*

# सेना समायोजनको बहस र नेपालको शान्ति प्रक्रिया

देवेन्द्रप्रसाद अधिकारी

माओवादी लडाकूहरूको समायोजनको महत्व सैनिक दृष्टिकोणले र राष्ट्रको नयाँ इतिहास निर्माणको दृष्टिकोणले महत्वपूर्ण विषय हो। माओवादी लडाकूहरू सशस्त्र समूहको रूपबाट राष्ट्रिय सुरक्षा फौजमा समायोजन हुने कुरा र राष्ट्रिय सेनाको समग्र लोकतान्त्रीकरण प्रक्रियाको पूर्णता, साँच्चै नेपालको इतिहासमा कोसेढुङ्गा सावित हुँदैछ। १० वर्षको सशस्त्र सङ्घर्षले निम्त्याएको समस्याको समाधानका लागि राजनीतिक तथा नागरिक आन्दोलनले स्थापित गरेको मूल्य, मान्यता र दबाबका कारण सुरक्षा क्षेत्रको सुधारमा काम हुँदैछ। सुरक्षा क्षेत्रको सुधारका कामलाई अगाडि बढाउनु भनेको राष्ट्रिय सेनालाई एकीकृत राख्नु र यसका पुरातन गलत अभ्यासहरूलाई छोड्दै जानु हो। तर, जब सेना समायोजनको कुरा आउँछ, तव सर्वत्र मतभेदहरू देखा पर्छन्। सेना समायोजनको विषय कसैको माग, डर र पूर्वाग्रहका रूपमा देखा पर्छ, यसका पछाडि राज्यको स्रोत, साधन र शक्तिमाथि कसको कति पहुँच वृद्धि गर्ने वा वृद्धि गर्न नदिने भन्ने विषयले भित्री रूपमा अर्थ राखेको हुन्छ। तर, यो सतहमा ल्याउन द्वन्द्वरत पक्षहरू चाहन्नन्। तर पनि सबै सरोकारवालाहरूको चासो के छ भने नयाँ नेपालमा सेना परम्परागत तरिकाबाट चल्न सक्दैन र हुँदैन। तसर्थ, यिनीहरूको लोकतान्त्रीकरण, व्यावसायीकरण र समावेशीकरण हुनुपर्छ। यही नै सेना समायोजनको आधारभूत कुरा हो र यसलाई नै आधारभूमि बनाएर सेना समायोजनको विषयलाई अगाडि बढाउन सके यस विषयले पार पाउने छ।

हुन त यस विषयमा आ-आफ्नो दृष्टिकोण र बुझाइका आधारमा तर्कहरू अगाडि बढाउन सकिन्छ तर तथ्यलाई मनन नगरी गरिएका तर्कले विवाद निम्त्याउने र केवल समयको बर्बादी मात्र हुने कुरा बुझ्नु जरुरी छ। नेपालको सामन्ती संरचनाका पक्षमा र राजपरिवारको साँघुरो र अपारदर्शी घेराभित्रबाट सञ्चालन गरिएको विगतको सत्ताले समाजको अग्रगामी निकास सम्भव थिएन, जसको कारण नेपाल सशस्त्र द्वन्द्वमा र जनआन्दोलनमा होमिनुपरेको कुरा घामझैं छलङ्ग छ। तसर्थ, नेपाली सेनाको संरचनागत स्वरूप, मानव संशाधनको सहभागिता र व्यवस्थापन समावेशी गर्नुपर्ने स्वाभाविक हो।

नेपालको इतिहासमा मनमोहन अधिकारीले नेतृत्व गरेको अल्पमतको सरकारपछिको अति गरिबमुखी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने र अधिकांश नेपालीले आशा र भरोशा गरेको सरकार हो यो। तर, वर्तमान सरकारको कामकारबाही पनि जनताको चाहनाबमोजिम हुन सक्दैन कि भन्ने शङ्का उब्जिन थालेको छ। यसो हुनुमा वर्तमान सरकारको कार्यशैली नै हो। यस विषयमा जनतालाई आश्वस्त पार्नका लागि सामान्यत सत्तासाझेदार राजनीतिक दलहरू र मूलत: सत्ताको नेतृत्व गर्ने नेकपा (माओवादी)ले सचेततापूर्वक लिनु जरुरी छ। त्यसमा पनि सेना समायोजनको विषयमा जुन किसिमले विषयहरूको उठान भएको छ, त्यो नेपाली राजनीतिमा दूरगामी असर राख्ने खालको छ। सेनाको समायोजन, पुन:स्थापना, रेखदेख तथा व्यवस्थापन गर्नका लागि गरिएको विगतका सम्झौताहरूलाई केन्द्रविन्दुमा राख्न सकेमा यस विषयले सहज निकास पाउन सक्छ।

**माओवादी लडाकूहरूको सवाल**

नेपाली राजनीति जल्दोबल्दो विषयका रूपमा माओवादी लडाकूहरूको राष्ट्रिय सेनामा समायोजन गर्न हुने वा नहुने विषयमा केन्द्रित छ र यो स्वाभाविक पनि हो। किनभने, विद्रोही पार्टीका लडाकूहरू समायोजनको विषय युद्धोत्तर शान्ति प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहेको हुन्छ। यसको पुष्टि नेपालका सात राजनीतिक दलहरूले गरेका सहमति, सम्झौता र समझदारीहरूमा नेपाली सेना तथा माओवादी लडाकूहरूको विषयमा उल्लेख गरिएका बुँदाहरूले नै प्रस्ट्याउँछन्। माओवादी लडाकूहरूको नेपाली सेनामा समायोजन अवलम्बन गरिने प्रक्रिया, उनीहरूको सहभागिता, अपनत्व र गरिएका निर्णयहरूमा उनीहरूको सन्तुष्टिको स्तरको आधारमा नै नेपालको शान्ति प्रक्रिया दिगो हुने वा नहुने कुराको छिनोफानो हुन्छ। तसर्थ, यस विषयमा व्यापक बहसको जरुरी छ र सबैले सकारात्मक र जिम्मेवारीपूर्वक यस विषयको छलफललाई टुङ्गोमा पुर्‍याउनु पर्छ। उनीहरूको कर्मको प्रतिफल प्राप्त गर्ने यस बहसमा माओवादी लडाकूहरू, नेपाली सेनामा समायोजन वा समाजमा पुन:स्थापना वा अन्य कुनै निकायमा व्यवस्थापनको बहसमा सजिलै सरिक हुन पाओस्। यसबाट माओवादी लडाकूहरूसम्बन्धी राजनीतिक पार्टीहरूको दृष्टिकोण, सरकारको सेनाप्रतिको दृष्टिकोण, अन्तर्राष्ट्रिय निकायका सुझाव, विगतका सशस्त्र द्वन्द्वबाट गुज्रिएका देश र त्यहाँको अन्तर्राष्ट्रिय अनुभव, प्रावधान र अभ्यासहरू माओवादी लडाकूहरूले पनि थाहा पाउने छन् र सबैभन्दा उत्तम निर्णय गर्न सरकारलाई वाध्य पार्ने छन्। यसो भएमा सरकारको निर्णय स्वीकार गर्न माओवादी लडाकूहरूलाई कुनै अप्ठ्यारो पर्ने छैन। अन्यथा उनीहरूलाई सदैव गुमराहमा राख्ने, के भइरहेको छ भन्ने सूचना नदिने, राजनीतिक आरोप र प्रत्यारोपका समाचारहरू मात्र सम्प्रेषण गरिरहने हो भने उनीहरूप्रति न्याय हुने छैन। आन्दोलनमा होमिएका सबै लडाकूहरू राजनीतिक सुझबुझका साथ युद्धमा होमिएका थिएनन् तर उनीहरूले आफ्नो बुझाइलाई व्यवहारमा उतारे र समाज परिवर्तनको नेतृत्व गरे। जसको कारण नेपाली समाजमा रहेको शदियौंदेखिको विभेद, अज्ञानता, शोषण, दमन, सामाजिक कुरीतिमा कमी आएको छ, जुन कमी ल्याउनका लागि विकासे तथा अधिकारमुखी सङ्घसंस्थाहरूका लागि अर्बौं रकम खर्च गर्नुपर्थ्यो र पनि यति छोटो समयावधिमा त्यो सम्भव थिएन। यद्यपि,

**माओवादी लडाकूहरू राजनीतिक विचारधारले प्रशिक्षित भएको हुँदा उसलाई नेपाली सेनामा समायोजन गर्दा त्यहाँ विद्रोह हुने वा नेपाली सेना राजनीतिमा तानिने चिन्ता सबैसँग रहेको छ। यसलाई अन्यथा भन्न मिल्दैन। तर, यहाँ बुझ्नु पर्ने कुरा के हो भने राजनीतिमा संलग्न हुन चाहने ब्यक्तिहरू राजनीतिक सङ्गठनमा गइसकेको अवस्था देखिन्छ। अस्थायी शिविरहरूमा रहेका लडाकूहरू कुनै न कुनै रूपमा सरकारी सेवामा प्रवेश गरी राष्ट्रलाई योगदान दिन चाहन्छन्।**

---

उनीहरूले युद्धको समयमा नेपाली जनताप्रति गरेका कतिपय मानवताविरोधी अपराधका रूपमा पर्नसक्ने क्रियाकलापहरूको उचित छानबिन र अपराधीहरूलाई कारबाही गर्नपर्ने काम राज्यको काँधमा रहेको छ। यति हुँदाहुँदै पनि माओवादी लडाकूहरूका सवालमा सबै स्पष्ट हुनुपर्ने विषय भनेको उनीहरूको त्याग, बलिदान र समाज बदल्न पुऱ्याएको योगदान हो। यस्तो सङ्क्रमणकालीन अवस्थामा तथ्यलाई छाडेर आग्रह र पूर्वाग्रहमा लागियो भने देश अग्रगमनतर्फ नजान सक्छ। तसर्थ, माओवादी लडाकूभित्र रहेको समावेश चरित्र (जसमा महिलाहरूको सहभागिताको कुराले विशेष अर्थ राख्छ)लाई ध्यानमा राखेर राष्ट्रिय सेनाको चरित्रलाई समावेशी बनाउनु जरुरी छ।

माओवादी लडाकूहरू राजनीतिक विचारधारले प्रशिक्षित भएको हुँदा उसलाई नेपाली सेनामा समायोजन गर्दा त्यहाँ विद्रोह हुने वा नेपाली सेना राजनीतिमा तानिने चिन्ता सबैसँग रहेको छ। यसलाई अन्यथा भन्न मिल्दैन। तर, यहाँ बुझ्नु पर्ने कुरा के हो भने राजनीतिमा संलग्न हुन चाहने व्यक्तिहरू राजनीतिक सङ्गठनमा गइसकेको अवस्था देखिन्छ। अस्थायी शिविरहरूमा रहेका लडाकूहरू कुनै न कुनै रूपमा सरकारी सेवामा प्रवेश गरी राष्ट्रलाई योगदान दिन चाहन्छन्। उनीहरूमा सामान्य नागरिकभन्दा तुलनात्मक रूपमा राजनीतिक सुझबुझ बढी होला तर त्यहाँभित्र गएर फेरि राजनीति गर्न थाल्छन् भन्नु त्यति बुद्धिमानी होइन। सेनाभित्रका नियम, विनियम र निर्देशिकाहरूको पालन गर्नु कुनै पनि सैनिकको दायित्व हुन्छ। तसर्थ, उनीहरू यसलाई नमान्लान भन्ने तर्क शङ्काकै भरमा गर्नु उपयुक्त हुँदैन। यदि राजनीति गर्न चाहने लडाकूहरू अझै अस्थायी शिविरहरूमा छन् भने राजनीतिक सङ्गठनतर्फ लाग्दा हुन्छ। अस्थायी शिविरमा बसिरहनु पर्ने कुनै बाध्यता छैन। नेपाली जनताको सेवा जागिरे भएर भन्दा बाहिर बसेर नै बढी गर्न सकिन्छ। नेपाली सेना वा अन्य सुरक्षा निकायमा समावेश हुने भनेको त्यहाँ सेवा गरेबापत राज्यसँग तलब लिएर विशुद्ध राष्ट्रसेवक सिपाहीका रूपमा काम गर्ने हो। यसका अलावा यहाँभित्रबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषणका आधारमा आफ्ना धारणा कार्यान्वयन गर्न पाइन्न। मन परे पनि नपरे पनि सैनिक नियम-कानुनभित्र बसेर सेवा गर्नु एक मात्र विकल्प यहाँ हुनेछ।

**नेपाली सेनाको सवाल**

नेपाली सेनाको व्यावसायिक दक्षताका सम्बन्धमा अन्तर्राष्ट्रिय जगत्ले नै प्रशंसा गरेको विषय हो। यो नितान्त व्यवसायी कौशलतामा निर्भर हुने भएको हुनाले यसले नेपालको आन्तरिक सैनिक अवस्था र सम्बन्धसँग विशेष अर्थ राख्यो र पनि नेपालको आन्तरिक राजनीतिमा नेपाली सेनाको भूमिकालाई अत्यन्त सङ्कुचित बनाइयो र राजपरिवारको पेवाका रूपमा स्थापित गर्न खोजियो, जुन नेपाली जनताको चाहना थिएन। नेपाली सेनाको व्यावसायिक दक्षता हुँदाहुँदै पनि जन्मजात परमाधिपतिको गुणगान गाउने संस्कृतिको विकास गरिएकाले नेपाली सेनाको साङ्गठनिक जवाफदेहिता र उनीहरूको कार्यशैलीजन्य जटिलता नकारात्मक रूपमा जनसमक्ष उजागर भयो। राज्यसत्ताको परिवर्तनलाई केन्द्रविन्दुमा राख्दा राजनीतिक पार्टीहरूले जुन नारा सेनाका विरुद्धमा जनतासमक्ष पुऱ्याए, त्यसलाई सुधार गर्न राजनीतिक पार्टीहरूका लागि जटिल कार्य भएको छ। नेपाली सेनामा सबै वर्गको प्रतिनिधित्व नगराउनु, महिलाहरूले सेनामा आफ्नो योगदान दिन नपाउनु, मधेसी समुदायलाई सेनामा समावेश नगर्ने विभेदकारी नीति आन्तरिक रूपमा लागू गर्नु, कुल-घरानिया, भाइभारदारका र विशेष जाति तथा समुदायमा जन्मेकै आधारमा सेनामा भर्ति हुन पाउने आपारदर्शी र हुकुमी अवैज्ञानिक नियुक्ति प्रथाले नेपाली सेनाको छविलाई धुमिल बनायो। नेपाली सेनालाई जनताको सेनाका रूपमा विकास गर्दै जनता र राष्ट्रप्रति वफादार बनाउनु पर्नेमा राजपरिवारप्रति वफादार बनाउनु, उनीहरूकै गुणगानका लागि तयार पार्नुले नेपाली सेना वास्तवमा नेपाली सेना हुन सकेन। मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा लाग्नु पर्ने नेपाली सेना कतिपय अवस्थामा मानवताविरोधी अपराध गर्नमा लाग्नुले यसको साख गिरेको थियो। यस कुराको सम्बोधन नयाँ परिस्थितिअनुसार राज्यले गर्नु जरुरी छ।

नेपाली सेनाप्रतिको आमधारणा परिवर्तन गर्नका लागि उनीहरूको लोकतान्त्रीकरणको प्रक्रियालाई अगाडि बढाउनु जरुरी छ र यो कार्य सेनामा सबै वर्गको सहभागिताले मात्र सम्भव छ। सीमित वर्ग, क्षेत्र तथा जातजातिको नेतृत्वमा नेपाली सेनाको लोकतान्त्रीकरणको प्रक्रिया र बदलिँदो

परिस्थितिअनुसारको व्यवसायीकरणको प्रक्रिया पनि असम्भव छ। राज्यले सुरक्षा क्षेत्र सुधारको नीति अवलम्बन गर्दा सबैभन्दा पहिला सेनालाई प्राथमिकतामा राख्नु जरुरी छ। यसका लागि नेपाली सेनालाई समावेशी बनाउनु जरुरी छ। तल्लो वर्ग तथा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि तत्कालीन र दीर्घकालीन नीतिहरू तय गरिनुपर्छ र जे जति हुन्छ, माओवादी लडाकूहरूमा रहेका उत्पीडित, दलित, महिला, जनजाति र मधेसीहरूलाई पहिलो प्राथमिकतामा राखी समायोजनको प्रक्रिया थाल्नुपर्छ र सेनालाई समावेशी आकार दिन सुरुवात गरिनुपर्छ।

**राजनीतिक पार्टीहरूको सवाल**

सिद्धान्ततः राजनीतिक पार्टीहरू नेपाली सेनाको लोकतान्त्रीकरण र माओवादी लडाकूहरूको व्यावसायीकरणमा सहमत छन्। यो विषयमा उनीहरूले पटकपटक प्रतिबद्धतासमेत व्यक्त गरिसकेका छन् र सहमतिमा हस्ताक्षर पनि गरिसकेको विषय हो तर फेरि राजनीतिक पार्टीहरू यी विषयमा दोहोऱ्याएर बहसमा उत्रिएको पाइन्छ। यसले कसैको पनि भलो गर्दैन। गरिएका सहमति, सम्झौता र समझदारीहरूको कार्यान्वयन गर्नमा नै सबै राजनीतिक पार्टीहरू लाग्नु जरुरी छ। सत्तामा रहँदा तिनै सहमतिहरूको फेहरिस्त प्रस्तुत गरेर सहकार्यका लागि तयार रहने तर सत्ताबाहिर रहँदा फेरि ती सबैलाई कुल्चिएर र बिर्सिएर अड्को थाप्ने काम नगर्नु नै जाति हुन्छ। राजनीतिक पार्टीहरू नै आफ्ना प्रतिबद्धताहरूमा अडिग नरहने र मौसमी बन्ने काम गरेमा देशमा अराजकताको स्थिति पैदा हुन्छ, जुन नेपाली जनताको चाहना होइन।

देशलाई अगाडि बढाउनका लागि समयको मागबमोजिम केही राजनीतिक पार्टीलाई सत्तामा र केहीलाई प्रतिपक्षमा जनताले सम्मान गर्नु स्वाभाविक हो र यसलाई राजनीतिक पार्टीहरूले नस्वीकारी धरै छैन। जनताले दिएको स्थानमा बसेर सिर्जनशील हुनसकेमा नेपाली जनताप्रति राजनीतिक दलहरू बफादार रहेको ठहर्छ। अन्यथा, नेपाली जनताको अपमान हुनेछ र त्यो अपमान गर्नेहरूका लागि नेपाली जनताले उपचार गर्नु स्वाभाविक हुन्छ। तसर्थ, देशको प्रमुख नीति बनाउन लाग्ने राजनीतिक दलहरूले जनताको इच्छाबमोजिम काम गर्नु जरुरी छ। राजनीतिक पार्टीहरूले विगतमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयन र संविधानसभाको चुनावी घोषणापत्रमा नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पार्टीले खेल्ने भूमिकाका बारेमा जुन कुरा उल्लेख छ, त्यसलाई पूरा गर्न लाग्नु नै वर्तमान समयको यथार्थ हो। यसका अलावा सुरक्षा क्षेत्रको सुधारको अत्यन्त महत्वपूर्ण अङ्गका रूपमा रहेको लडाकूहरूको निःशस्त्रीकरण, अपरिचालन र पुनःएकीकरणको विषयमा राजनीतिक दलहरूको ध्यान जानु जरुरी छ। सतही रूपमा सेनाको समायोजनको कुरा मात्र पर्याप्त हुँदैन। अस्थायी शिविरमा रहेका लडाकूहरूतर्फ मात्र ध्यान केन्द्रित गरेर हुँदैन। विद्रोही लडाकूहरू सुरक्षा फौजमा समायोजन भई सकेपछि विगतका लडाकूहरू कुनै पनि हतियारसहित बाहिर छैनन् र राज्यको सेनाभन्दा बाहिर कुनै पनि किसिमको हतियार नभएको र भएमा राज्यले निःशस्त्रीकरण गर्न सक्ने कानुनी प्रावधान जरुरी छ। सुरक्षा निकायमा समायोजन हुन असक्षम लडाकूहरूलाई समाजमा एकीकरण गरिसकिएपछि उनीहरू सैनिकको रूपमा अपरिचालन हुने कुराको सुनिश्चितता राजनीतिक पार्टीहरूले नेपाली जनतालाई दिनु जरुरी छ। यसो गर्न नसकिएमा फेरि देशमा सशस्त्र समूहले अशान्ति मच्चाउन सक्ने सम्भावना रहन्छ, जसको कारण राज्य कमजोर हुन्छ र नयाँ नेपाल निर्माणको लक्ष्य पर सर्न जान्छ।

**शान्ति प्रक्रियाको अवस्था**

नेपालको शान्ति प्रक्रिया अहिले पनि सङ्क्रमणको अवस्थामा छ। सेना समायोजनको विषय निष्कर्षमा पुगेन भने यसले खासै आकार ग्रहण गर्न सक्दैन। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामान्य पूर्वाधारहरू निर्माण हुने क्रममा छन् तर ती बनेका पूर्वाधारहरूलाई पनि बेलाबेलामा भत्काउने प्रयासहरू भएको देखिन्छ। हुन त नेपालका राजनीतिक दलहरू शान्ति प्रक्रियाले एउटा मोड लिइसकेको कुरा बताउन थालेका छन् तर गहिरिएर हेर्ने हो भने त्यस्तो अवस्था देखिँदैन। केही उपरी संरचनाहरूमा फेरबदल भएको छ। त्यसमा पनि राजनीतिक पार्टीहरूको आकार र नेतृत्वको फेरबदल नै प्रमुख हो। त्यसका अलावा राज्य सञ्चालनका निकाय र उनीहरूको कार्यशैलीमा परिवर्तन जनताले अनुभूति गर्न सक्ने गरी भएको छैन। राज्यले आफ्ना संयन्त्रहरूलाई परिवर्तित समयअनुसार आफ्नो भूमिका जनमुखी बनाउन सकेको छैन।

जनताको दैनिक जीवनमा प्रभाव पार्ने विषयवस्तुहरूको उपलब्धताको स्तर र तरिका विगतको भन्दा फरक पाइन्न। तसर्थ, शान्ति प्रक्रिया कसरी अगाडि बढ्छ भन्ने विषयलाई सूक्ष्म रूपमा हेर्ने हो भने जनताका दैनिक आवश्यकताहरूलाई कसरी र कुन हदसम्म सम्बोधन गर्दै गइएको छ भन्ने विषयले महत्व राख्छ। राजनीतिक सहमति र सम्झौताले नेतृत्व वर्गलाई त बाँध्न सक्ला तर न्यूनतम चाहनाहरू पूरा नभएका र विगतमा भोगेका समस्याहरूको सम्बोधन नभएका तल्लो वर्गले ती सहमति र सम्झौताका दाम्लो-किलो चुँडाल्छन् र उखाल्छन्। किनभने, युद्धकालीन अवस्थामा जनताका आकाङ्क्षाहरू बढाइएको छ र त्यही युद्धको नेतृत्व गर्ने राजनीतिक दलको नेतृत्वमा सरकार छ। युद्धोत्तर अवस्थामा ती युद्धकालीन अपेक्षित आकाङ्क्षाहरू पूरा हुने आशा जनताले लिएका हुन्छन्। तर, राज्य संयन्त्रमा जनमुखी र जनपक्षीय दक्ष व्यक्तिहरूको उपस्थिति नहुँदा त्यो आशातित रूपमा अप्राप्य हुने अवस्था देखिन्छ।

सबैले बुझेको कुरा के हो भने सीमान्तकृत वर्गलाई राजनीतिक जोडघटाउले खासै फरक पार्दैन। सीमान्तकृत जनताको चासो र सरोकारको विषय राजनीतिभन्दा सामाजिक र आर्थिक मुद्दाहरू बन्ने गरेको पाइन्छ। तसर्थ, यसको सम्बोधनमा सबैले ध्यान दिनु जरुरी छ।

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने प्रमुख आधार भनेको राजनीतिक पार्टीहरूबीचको आपसी विश्वास र उनीहरूको शान्तिप्रतिको लगाव हो। यसमा सशस्त्र द्वन्द्वपीडितहरूको हित र उनीहरूको व्यवस्थापनको सवाललाई सँगसँगै लिएर जानुपर्छ। त्यसमा पनि शान्ति प्रक्रियाको अत्यन्त महत्वपूर्ण पाटो सेनाको समायोजन र व्यवस्थापनको सवाल अत्यन्त संवेदनशील हो। यसो गर्न सकिएमा नेपालको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सकिन्छ।

**निष्कर्ष**

नेपालमा माओवादी लडाकूको नेपाली सेनामा समायोजन गर्ने कुरा, नेपाली सेनामा समायोजन हुन नसक्नेहरूका लागि अन्य सुरक्षा निकायमा समायोजनको कुरा र बाँकी रहेकालाई उपयुक्त प्याकेजको व्यवस्था गरेर स्थानीय स्तरमा पुनःस्थापना गरी माओवादी लडाकूहरूको व्यवस्थापन र नेपाली सेनाको लोकतान्त्रीकरण गर्नु जरुरी छ। शान्ति प्रक्रियाको महत्वपूर्ण अङ्गका रूपमा सदैव विद्राही लडाकूहरू रहने कुरा सशस्त्र द्वन्द्वबाट गुज्रिएका देशहरूको इतिहासले पनि बताउँछन्। त्यसका साथै, नेपाली सेना व्यावसायिक रूपमा कुशल भएर पनि उसको जनतासँगको सम्बन्ध सुमधुर छैन। यसको अन्त्यका लागि राज्यले विशेष नीति बनाई लागू गर्नुपर्छ। किनभने, यस्तो अवस्था लामो समयसम्म रहन दिनु हुन्न। सेना र जनताबीचको सुमधुर सम्बन्धले नै राष्ट्रलाई बलियो बनाउन सकिन्छ। राष्ट्र बलियो हुनका लागि सेना समावेशी चरित्रको र लोकतान्त्रिक हुन जरुरी छ। यसको सुरुवात माओवादी लडाकूहरूलाई नेपाली सुरक्षा फौजमा समायोजन गर्ने प्रक्रियाले मूर्तरूप दिन सक्छ। तसर्थ, यसमा सबैले गम्भीर भएर सोच्नु आवश्यक छ। नेपाली सेना तथा अन्य सुरक्षा निकाय समावेशी चरित्रको हुनुपर्छ भन्ने अनि समावेशीकरणको प्रक्रिया सुरु गर्दा वादविवाद गर्ने परम्पराले समाधान दिँदैन।

राजनीतिक दलहरूले विगतमा गरेका सहमति, समझदारी र सम्झौताका पाना पल्टाउने हो भने सेना समायोजनको राजनीतिक विषय समाप्त भएको छ र अब यो राजनीतिक बहसको विषय हुन सक्दैन। तसर्थ, यसलाई प्राविधिक समितिको जिम्मा लगाउनु बेस हुन्छ। सेनाको समायोजन, पुनःस्थापना र व्यवस्थापन तथा लोकतान्त्रीकरणका लागि अधिकारसम्पन्न प्राविधिक समिति गठन गर्ने र त्यस समितिको निष्कर्षका आधारमा सेनासम्बन्धी विषयलाई टुङ्ग्याउनु नै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने एक मात्र वास्तविक आधार हो। माओवादी लडाकू नेपाली सेनामा पनि समायोजन हुनसक्ने सङ्केत र यसको वैधताको झलक संयुक्त राष्ट्रसङ्घका महासचिव वान की मुनले पनि दिइसकेका छन्। युद्धकालीन अवस्थामा नेपाली सेना र माओवादी लडाकूहरूले खेलेका भूमिकामा सुधार गर्न बाँकी थुप्रै नीतिगत र व्यावहारिक कुराहरू हुँदाहुँदै पनि र सेना समायोजनको विषयमा अपर्याप्त गृहकार्य र अस्पष्टताका बाबजुद पूर्ण समावेशी र लोकतान्त्रिक चरित्रको नेपाली सेना निर्माणमा अल्पसङ्ख्यक र पछाडि पारिएको वर्ग तथा क्षेत्रका मानिसहरूको सहभागिता गराई राष्ट्रिय सेनाको सफल सञ्चालन र व्यवस्थापनको कुनै विकल्प छैन। तसर्थ, नेपालको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई नेपाली जनताले सोचेको अर्को नयाँ नेपाल निर्माण गर्नका लागि सेनासम्बन्धी विषयलाई पारदर्शी र इमानदारीपूर्वक टुङ्ग्याउनु जरुरी छ।


मानवअधिकारका विविध सवालहरू समेटेर तयार पारिएको
मानवअधिकार शिक्षा कार्यक्रम रेडियो नेपालबाट हरेक शनिबार बिहान ८:२५ बजे
०६४ साल साउन १३ गतेदेखि मानवअधिकार शिक्षा कार्यक्रम
स्थानीय एफ एम हरूमा पनि

कोशी एफ एम, इटहरी
रेडियो जनकपुर, जनकपुरधाम
नारायणी एफ एम, वीरगञ्ज
प्रतिध्वनी एफ एम, पालुङ
उज्यालो एफ एम, काठमाडौं
पोखरा एफ एम, पोखरा
रेडियो मदन पोखरा एफ एम, पाल्पा
रेडियो लुम्बिनी, रुपन्देही
रेडियो स्वर्गद्वारी एफ एम, घोराही दाङ
बुलबुले एफ एम, सुर्खेत
रेडियो मध्यपश्चिम, धाङ र
घोडाघोडी एफ एम, कैलाली



हरेक आइतवार बिहान ७.३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रसारण हुँदैछ ।
सुन्न नभुल्नु होला !

मानवअधिकार तथा सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार, कलंकी, काठमाडौं
पो.ब.नं. २७२६, फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१ इमेल : insec@insec.org.np वेबसाइट : www.inseconline.org

# महिलामाथि हुने हिंसाको अवस्था : एक चर्चा

भोजराज तिमल्सिना

घरमा खाना र लाउनको अभाव थियो। तीन बच्चासहित पाँच जनाको परिवार पाल्न एउटा दलित परिवारका लागि साहूको घरमा काम गर्नु रहर थिएन। साँगाचोककी शारदा विश्वकर्मा (नाम-थर परिवर्तन) स्थानीय साहूको घरमा काम गर्थिन्। उनका पति कामका लागि विदेश गएका थिए। अभाव नै अभावका बीचमा बच्चाहरूका आवश्यकताहरू दिनानुदिन बढिरहन्थे। शारदाका लागि साहूले जे भन्छ, त्यही मान्नुबाहेक विकल्प थिएन। कहिले ५० त कहिले १ सय रुपियाँ दिएर गाउँका साहूजी दुर्गाबहादुर शारदासँग यौनसम्बन्ध राख्थे। कहिले वनजङ्गल, कहिले गोठमा दुर्गाबहादुर शारदालाई बोलाउँथे। यही क्रममा शारदाको गर्भ बस्यो। गर्भ निरोध गर्ने प्रक्रियाका बारेमा शारदाले दुर्गाबहादुरलाई नभनेकी होइनन् तर गाउँको साहूजी भएकाले दुर्गाबहादुरले ध्यानै दिएनन्।

२०६५ साउन ३२ गते बिहान शारदालाई स्थानीय महिलाहरूले घरबाहिर बोलाए। शारदा बाहिर निस्किन सकिनन्। उनको शरीरबाट रगत बगिरहेको थियो। शारदाको गर्भबाट जन्मिएको बच्चालाई पिँडालुको पातमा पोको पारी चौरमा फ्याँकिएको थियो। त्यो बच्चा कसको रहेछ भनेर पत्ता लगाउन महिलाहरू जम्मा भएका थिए। गाउँका महिला गोठभित्रै पसेर शारदालाई पाताकसी बाहिर ल्याए। उनीसँग बयान लिइयो। गाउँका साहूजीको नाम लिन शारदालाई निकै गाह्रो भयो। प्रहरी आयो, शारदालाई पक्रियो। बच्चाको पनि त्यहीबेला मृत्यु भयो। शरीरबाट रगत बगिरहेको अवस्थामा शारदा प्रहरीको भ्यानमा चढेर हिरासतमा पुगिन्। साना छोराछोरीको बिजोग त छँदैछ, आखाँभरि आँसु पारेर शारदा अहिले पनि चौतारा कारागारमा पुर्पक्षका लागि थुनामा छिन्। शारदालाई यो अवस्थामा पुऱ्याउने दुर्गाबहादुर भने धरौटीमा छुटे, गाउँमा उनको बेग्लै सान छ।

महिला अधिकार र प्रजनन स्वास्थ्यको अधिकारबाट पीडित महिलाहरूको अवस्था अध्ययनसम्बन्धी जानकारी दिन इन्सेकले विभिन्न जिल्लाका आफ्ना प्रतिनिधिहरूलाई धुलिखेलमा बोलायो। महिला स्वास्थ्य परियोजनाको योजना बैठकका क्रममा सिन्धुपाल्चोकबाट आएका इन्सेक प्रतिनिधि नातिबाबु धितालले रिपोर्टिङ्‌ गरेको एउटा घटना हो यो। इन्सेकले सुनसरी, उदयपुर, मकवानपुर, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, रोल्पा, दाङ, कञ्चनपुर र डोटीसमेत गरी १० जिल्लामा २० ओटा घटनाको अध्ययन गरी संविधानसभाका सदस्यहरूसम्म पुऱ्याउँदैछ। ०६५ कात्तिक ३० गतेदेखि एक महिनाभित्र यस्ताखाले घटनाहरूको अध्ययन हुनेछ।

दिनभर अर्काको खेतबारीमा काम गरेर थकित भएकी अञ्जु नेपाली (नाम-थर परिवर्तन) घरको आँगनमा आएर बस्न पनि पाइनन्। एक्कासि जम्मा भएका सयभन्दा बढी गाउँलेले 'तँलाई बोक्सी' भन्दै दिशापिसाब कोच्चाउँदै गाउँ निकाला गरे। लेखनाथ नपास्थित एउटा गाउँमा रहेकी अञ्जुलाई छिमेकी एक महिलालाई भेदेर बिरामी पारेको भन्दै यो व्यवहार गरिएको थियो। पीडित महिलाको छोरालाई समेत 'तेरी आमा बोक्सी भएकाले तलाई खान्छे' भन्दै गाउँलेले यस्तो कार्य गरेका थिए। घरको मुख्य व्यक्ति भएकाले अन्जु गाउँ छोडेर अन्यत्र जान सकिनन्। निकै रोइकराई गरिन्। स्थानीयहरूले 'म बोक्सी हुँ, मैले भेदेर उनी बिरामी भएको हो, माफ पाऊँ' भन्ने कागजमा सहिछाप गराएर घरभित्र पस्न दिए। घटनामा प्रहरीको खासै भूमिका देखिएन। अहिले अञ्जुलाई गाउँका साना बच्चाले समेत बोक्सी आई भनेर भन्ने गर्छन्। अञ्जुमा यस घटनाका शारीरिक र मानसिक असरहरू देखिएका छन्।

कास्की जिल्लाका इन्सेक प्रतिनिधि टङ्क खनालका अनुसार, यस जिल्लामा जागिरको प्रलोभनमा परेर एक महिला पत्रकारसमेत बलात्कृत भएको घटना छ। धामीझाँक्री भनिने महिलाले अन्य महिलाहरूलाई बोक्सी भनेर पन्यू तताएर डामेका उदाहरण पनि छन्। छोरी जन्माएको, दाइजो कम ल्याएको भनेर आफ्नै लोग्नेबाट यातना पाएर स्वास्थ्यमा प्रतिकूल असर पुगेका महिलाहरू पनि यस जिल्लामा भेटिन्छन्। नारी सेवा केन्द्र कास्कीकी अध्यक्ष उषा बरुवालको भनाइमा पश्चिमाञ्चलमा महिला हिंसाका घटनामा बढोत्तरी छ। यस क्षेत्रमा घरेलु हिंसाबाट पीडित महिलाहरूको स्वास्थ्यमा प्रतिकूल असर देखापरेको छ। पारिवारिक हिंसाका मुद्दाहरूमा प्रहरीले दुवै पक्षलाई राखेर छलफल गराई आइन्दा झगडा नगर्ने सर्तमा छोड्छ तर पारिवारिक हिंसाले बिरक्तिएका महिलाहरू अन्ततः आत्महत्या गर्छन् वा पागल नै हुन्छन्। घरेलु हिंसाबाट पीडित भई विष खाएर, पासो लगाएर र आफैंले आगो लगाएर मर्ने महिलाहरूका दुःखदायी घटनाहरू पनि पाइन्छन्।

मकवानपुर जिल्लाका चेपाङहरूका बारेमा निकै कुरा सुनिन्छ। चेपाङ बस्तीका महिलाहरू नचाहेर पनि धेरै बच्चाहरू जन्माउँछन्। कमजोर आर्थिक अवस्थाका यो जातिका स्वास्नीमानिसहरूको इच्छाविपरीत बच्चा जन्माउनु बाध्यता हो। यस्तै पीडाबाट पीडित छन् सरिता चेपाङ। १८ वर्षकै उमेरमा उनका पाँच ओटा बच्चा भएका छन्। एकातिर आर्थिक अवस्था कमजोर, अर्कोतिर पाँचओटा बच्चाहरूको लालनपालनमा सरिताले निकै समस्या भोग्नुपरेको छ। उनको शारीरिक र मानसिक अवस्था कमजोर बन्दै गएको छ। मकवानपुरका इन्सेक प्रतिनिधि प्रताप विष्टको भनाइमा, बहुविवाहको कानुन कडा छ तर पनि महिलाहरू आफूमाथि परेको भारलाई बेहोर्छन्। उनको भनाइमा पीडालाई बेहोर्नु महिलाहरूको रहर होइन, आत्मनिर्भरता नहुनु नै यसको कारण हो। एचआईभी सङ्क्रमित महिलाको समस्या पनि यस जिल्लामा देखिएको छ। सर्कसमा

लगिने बालबालिकाहरूका बारेमा ध्यान दिनु पनि उत्तिकै जरुरी देखिन्छ।

नेपालमा बर्सेनि महिलामाथि हुने हिंसाका घटनाहरूमा बढोत्तरी छ। हुनेखाने सहरिया दिदीबहिनीहरूको तुलनामा सर्वसाधारण केटीहरूले बाल्यावस्था र प्रौढावस्थाबीचको तरुणावस्था निर्धक्क भएर बिताउन पाएको देखिन्न। महिलाहरू सानै उमेरदेखि घरायसी भारबाट थिचिन्छन्। महिलाविरुद्ध हुने हिंसात्मक घटनाको वृत्तान्त हत्तपत्त घरका झ्याल, ढोका र पर्खालबाहिर आउँदैनन्। जति आएका छन्, ती महिलामाथि भएका हिंसाका केही अंश मात्र हुन्। बाहिर आएका घटनाका दोषीहरूलाई पनि कारबाही भएको पाइन्न। सामाजिक संस्कार, परम्परागत मूल्य र मान्यता, सतही राजनीतिक परिवर्तन हुँदैमा एकाएक महिलामाथि हुने हिंसाका घटनामा कमी आउँदैन। समाजको मूल्य, मान्यता र संस्कार परिवर्तनको आधारशीला भनेको समाजको आर्थिक र सामाजिक बनावटमा परिवर्तन नै हो। समाजमा हुने होचो-अर्घेलो र अप्ठ्याराहरूको अन्त्यबिना समाजमा हिंसा अन्त्य हुँदैन।

कास्कीमा भएका समस्या जस्तै कपिलवस्तु जिल्लामा पनि देखिएका छन्। हुर्सेक कपिलवस्तुका सचिव भेषराज पाण्डेको भनाइमा, थारु समुदायमा एउटा बच्चा बिरामी भएको भनी बोक्सीको आरोपमा स्थानीय महिलालाई निकै कुटियो। पीडकलाई प्रहरीले समात्यो तर राजनीतिक दलहरूको दबाबमा तत्काल छोडियो। यस जिल्लाको दलादला बस्तीमा बालविवाहका घटना बढी देखिन्छन्। सानै उमेरमा घर सम्हाल्ने र बालबच्चा भएका कारण यहाँका महिलाहरूमा स्वास्थ्य समस्या देखिएको छ। लोग्नेबाट यातना पाएका महिलाहरू यहाँ निकै भेटिन्छन्। इन्सेक प्रतिनिधि नन्दराम पौडेल कपिलवस्तु जिल्लाका महिलाहरूमा पाठेघर खस्ने समस्या र एचआईभी सङ्क्रमितको समस्यालाई मुख्य समस्या ठान्छन्। यस जिल्लामा एचआईभी सङ्क्रमणका घटनाबाट एउटै गाउँमा २२ जनासम्म मरेका घटना छन्। लोग्नेमानिसहरू कामका लागि मुम्बई जाने र त्यहीँबाट एचआईभी सङ्क्रमण सँगै ल्याउने गरेका कारण यहाँका महिलाहरू पीडित छन्। महिलाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा नराम्रो असर देखिएको छ।

महिलाहरूको स्वास्थ्यअधिकारको अवस्था विश्लेषणका लागि यी जिल्लाहरू छनोट गरिएको इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमको धारणा छ। प्रजनन स्वास्थ्यसम्बन्धी घटनाहरूलाई पनि मानवअधिकारकै विषयवस्तुका रूपमा हेरिनु पर्ने भनाइ उहाँको रहेको छ। राजनीतिक दलका कार्यकर्ताहरू जसले द्वन्द्वात्मक भौतिकवादको वकालत गर्छन्, उनीहरू नै बोक्साबोक्सीको आरोपका घटनामा मुछिएका छन्। यस्ता घटनाहरूको डकुमेन्टेसनका लागि इन्सेक प्रतिनिधि र सहकर्मी संस्थासँग समन्वय गरिएको छ। इन्सेकको यस परियोजनाका विषयमा जानकारी दिँदै पोषराज अधिकारी थप्छन्, “जिल्लाबाट आएका प्रतिनिधिमूलक घटनाबाट समस्याको आकलन हुन्छ। स्थानीय तहमा गरिने अन्तरक्रिया र छलफलबाट सूचनालाई अझै मजबुत बनाउँछ।”

## अनुत्तरित प्रश्न

एक छोरा र एक छोरीकी आमा तीर्था विवाह भएको ८-१० वर्षमै पतिको निधन भएपछि बेसहारा त भएकी थिइन् नै। सशस्त्र प्रहरीले उनको बास नै उठाइदिएपछि उनको बिल्लिबाठ पनि भयो।

लालमटीया गाविस-३ भालुबाङकी ४० वर्षीया तीर्था ज्ञवाली राज्यपक्षले विस्थापित बनाएपछि घर न घाटकी मात्र भइनन्। अहिले मानसिक सन्तुलन नै गमाउन पुगेकी छिन्। सम्पतिको नाममा केही जग्गा र एउटा सानो भएको घर पनि सशस्त्र प्रहरी तालीम केन्द्र, भालुवाङले ०५९ बैशाख २१ गते डोजर लगाएर भत्काइदिएपछि उनी विक्षिप्त भइन्। आमा हुँदाहुँदै पनि उनका छोराछोरी अनाथ सरह भएका छन्।

मजदुरी गरेर खाने तिर्थाको दुबै सन्तान अहिले आमाको काख छाडेर बुटबलमा आफन्त कहाँ बसेको छिमेकीले बताएका छन्। ०५९ बैशाख २१ गते सुरक्षाको नाममा ६० घर परिवारका १ सय ४५ महिला, १ सय ६९ पुरुष गरी ३ सय ४ जनालाई सो समयमा त्यहाँबाट हटाइएको थियो। त्यसै समयदेखि साना छोराछोरी काखिमा च्यापेर तीर्थाले जीवनलाई एउटा गोरेटोमा डोर्‍याउन हरसम्भव प्रयास नगरेको पनि होइन। तर कतै र कसैबाट सहयोग नपाएपछि जीवन साथीका दुई चिन्हको उचित स्याहार सम्भार गर्न नसकेर उनी विक्षिप्त बन्न पुगेकी हुन्। उहिले उनी कहिले घोराही, कहिले लमही त कहिले भारतको बढनीसम्म भौंतारिरहन्छिन्।

उपचार पाएमा स्वस्थ हन सक्ने भए पनि यसबारे कसैलाई मतलब छैन। उनका छोराछोरी पढछन् कि पढदैनन् कसैको सरोकारको विषय बनेको छैन। कुनै पनि सङ्घ संस्थाहरुले समेत उनलाई सहयोग नगरेको छिमेकीहरु बताउँछन्।

नौ नौ महिना आफ्नो शरीरभित्र रहेर जीवन पाएका छोरा छोरीलाई देखे भने चिन्न सक्छिन् कि सक्दिनन् त्यो पनि भन्न गाह्रो छ। उनका छोरा छोरीले आफ्नी आमा कुनै दिन भेट्न सक्लान् ?

(यो प्रश्नको उत्तर तत्कालिन द्वन्द्वरत पक्षले दिन सक्लान् ?)

**विमलकुमार अधिकारी**

# मानवअधिकारको विश्वव्यापी घोषणापत्र र महिलाका सवालहरू

सुशील चौधरी

मानव सभ्यताको विकासको विगत धेरै पीडादायी अनुभूतिले भरिएको छ। जीवन र जगत्सँग पौठेजोरी खेल्दै ज्ञान र सीप हासिल गर्दै जाने क्रममा मानिसले मानव संस्कृतिको निर्माण गऱ्यो, जसको सहारामा मानव समुदाय एक्काइसौँ शताब्दीमा पाइला टेक्न सफल भएको छ। पृथ्वीको उत्पत्ति र विकासको अर्बौं वर्षको इतिहासमा अनगिन्ती जीवजीवात्माहरू जन्मे, हुर्के र समयक्रमसँगै प्रकृतिको परिवर्तनको शाश्वत नियमसँग एकाकार हुन नसक्दा विलोप भएर गए। कविला परिवारको समतामूलक सभ्यताबाट बर्बर दासता र सामन्तवादी चिन्तन संस्कारहरू छिचोल्दै उन्नाइसौँ शताब्दीसम्म आइपुग्दा समानता, स्वतन्त्रता र भ्रातृत्व झल्कने सार्वभौम रूपमा स्वीकार्य सभ्यताको पङ्ख लगाएर हामी यहाँसम्म आइपुग्यौँ।

मानवअधिकार विश्वव्यापी घोषणापत्र-१९४८ को छ दशकको गरिमामय यात्राको स्मरण गर्दा राष्ट्रसङ्घको स्थापनाको परिवेश र दोस्रो विश्वयुद्धको घाउले दिएको पीडा सम्झाइदिन्छ। १ सेप्टेम्बर १९३९ का दिन एडोल्फ हिटलरको नेतृत्वमा रहेको जर्मनीको सैनिकले पोल्याण्डमा आक्रमणपछि सुरु भएको दोस्रो विश्वयुद्धमा मारिनेहरूको यकिन तथ्याङ्क नभए पनि करिब २ करोडभन्दा बढी व्यक्तिले ज्यान गुमाएको र खर्बौंको भौतिक सम्पत्ति विनाश भएको अनुमान गरिएको छ। त्यसैबेला अमेरिकाका फ्राङ्कलीन डी. रुजबेल्ट, बेलायतका विस्टन चर्चिल, तत्कालीन रुसी महासङ्घका जोसेफ स्टालिनजस्ता तत्कालीन विश्व राजनेताहरूको अगुवाइमा विश्व शान्ति र भ्रातृत्वका लागि एक सर्वमान्य साझा सङ्गठनको आवश्यकता महसुस गरी सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना गरियो। यस सङ्गठनले युद्धको अन्त्य मात्र गरेन, मानव गरिमा, समानता र स्वतन्त्रताको सम्मानका लागि राष्ट्र, राज्यहरूलाई जिम्मेवार बनाउन विश्व संरचना पनि तयार गऱ्यो। राष्ट्रसङ्घकै वडापत्रको प्रावधानबमोजिम मानवअधिकारको विश्वव्यापी घोषणापत्र निर्माण गरियो। त्यसपछि नागरिकका अधिकार सुनिश्चित गर्न जेजति घोषणा, प्रतिज्ञापत्र, सन्धि, अभिसन्धिहरू र निर्देशक सिद्धान्तहरू आएका छन्, ती सबैको आधारभूमि मानवअधिकारको विश्वव्यापी घोषणापत्र नै हो।

नेपालले आजभन्दा ५३ वर्षपहिले सन् १९५५ मा राष्ट्रसङ्घको सदस्य बन्दा नेपालमा राणा शासन ढलेर प्रजातन्त्र आएको पाँच वर्ष बितिसकेको थियो। त्यसबेलाको राजनीतिक अवस्था अत्यन्त तरल अवस्थामा थियो। त्यस्तै गरी हामी अहिले सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेका छौँ। छ दशकबीचको अन्तरालमा रहेको राजनीतिक सङ्क्रमणको क्रमले पक्कै पनि नेपालमा परिवर्तनको सुस्तता जनाउँछ। त्यसबेलाको जनताको माग वास्तविक प्रजातन्त्र र यसपटकको लोकतान्त्रिक गणतन्त्रको नारा सामान्यत राजनीतिक स्वतन्त्रता, समानता र बहुलवादकै वरिपरि घुमिरहेको प्रस्ट देखिन्छ। राष्ट्रसङ्घको सदस्य राष्ट्रका लागि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा सूचीकृत गरिएका मानवअधिकारहरू राज्यले सम्मान, संरक्षण र परिपूर्ति गर्ने नैतिक जिम्मेवारी हुन्छ। त्यसैअनुरूप नेपाल सरकारले पनि मानवअधिकारको अवस्थामा देशको क्षमता अनुरूप व्यवस्था गर्दै जानुपर्नेमा तत्कालीन राजा महेन्द्रले प्रजातन्त्रको हरण गरी जनताका स्वतन्त्रता छिन्ने धृष्टता गरे। सन् १९६६ मा अनुमोदन भई १० वर्षपछि सम्मिलनका लागि खुला गरिएका दुई महत्वपूर्ण मानवअधिकारसम्बन्धी दस्तावेजहरू नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा हस्ताक्षर गर्न १४ वर्ष पर्खनु पऱ्यो, ०४६ को एतिहासिक जनआन्दोलनपछि गठित अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सन् १९९१ मा यसमा हस्ताक्षर गरेका थिए।

नेपालमा सन् २००६ देखि संयुक्त राष्ट्रसङ्घको मानवअधिकारको उच्चायुक्तको कार्यालय र सन् २००७ नेपालको शान्ति प्रक्रियालाई सघाउने क्षेत्राधिकार लिएर अनमिन पनि कार्यरत छ। संयुक्त राष्ट्रसङ्घको प्रत्यक्ष उपस्थिति भनेको मुलुकको मानवअधिकारको अवस्था

**निश्चय नै १० वर्षको माओवादी सशस्त्र विद्रोहका क्रममा भएका मानवअधिकार ज्यादती र त्यसको नियन्त्रण गर्ने नाउँमा राज्यद्वारा गम्भीर मानवअधिकार उल्लङ्घन भयो। १३ हजार व्यक्तिहरूले ज्यान गुमाए, लाखौँलाख व्यक्तिहरू प्रत्यक्ष पीडा भोग्न बाध्य भए। सशस्त्र द्वन्द्वमा कुनै जाति, वर्ग र समुदाय अछुतो रहेन, त्यसमा पनि महिलाहरू सबैभन्दा बढी प्रभावित भए। नेपालको आर्थिक, समाजिक, सांस्कृतिक परिवेश पितृसत्तात्मक संरचना रहेकाले नेपाली महिलाहरूले सम्मानपूर्ण जीवन जीउन सकिरहेका छैनन्।**

सन्तोषजनक नरहेको सङ्केतका रूपमा बुझिन्छ। निश्चय नै १० वर्षको माओवादी सशस्त्र विद्रोहका क्रममा भएका मानवअधिकार ज्यादती र त्यसको नियन्त्रण गर्ने नाउँमा राज्यद्वारा गम्भीर मानवअधिकार उल्लङ्घन भयो। १३ हजार व्यक्तिहरूले ज्यान गुमाए, लाखौंलाख व्यक्तिहरू प्रत्यक्ष पीडा भोग्न बाध्य भए। सशस्त्र द्वन्द्वमा कुनै जाति, वर्ग र समुदाय अछुतो रहेन, त्यसमा पनि महिलाहरू सबैभन्दा बढी प्रभावित भए। नेपालको आर्थिक, समाजिक, सांस्कृतिक परिवेश पितृसत्तात्मक संरचना रहेकाले नेपाली महिलाहरूले सम्मानपूर्ण जीवन जीउन सकिरहेका छैनन्। स्वतन्त्रता, समानता र मानव गरिमा मानवअधिकारका तीन तत्व हुन्। यिनको समान समायोजनबिना व्यक्तिले मानवोचित जीवन व्यतित गर्न सक्दैन। यस आलेखमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रले महिला अधिकारबारेमा गरेको विशेष व्यवस्था र नेपालका महिलाहरूको प्राथमिक सवालहरूबारेमा समीक्षात्मक टिप्पणी गर्ने प्रयास गरिएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको पहिलो धारामा भनिएको छ, "मानिस जन्मजात स्वतन्त्र छ र मानव सम्मान र अधिकारका लागि समान हकदार छन्।" कसैलाई पनि जाति, लिङ्ग, वर्ण, भाषा, धर्म, राजनीतिक आस्था वा जन्मका आधारमा कुनै भदभाव गर्न नहुने कुरा धारा २ मा व्यवस्था गरिएको छ। घोषणापत्रका सबैजसो प्रावधानहरू विभेदविरुद्ध रहेका छन्। यसैगरी धारा ३ ले जीवनको अधिकारलाई सुनिश्चित गरेको छ। सबैलाई गोपनीयताको हक पनि धारा १२ मा राखिएको छ। उमेर पुगेपछि महिला वा पुरुष दुवैले राजीखुसी विवाह गरी घर बसाउन पाउने अधिकार घोषणापत्रको धारा १६ मा किटानी गरिएको छ। धारा १९ मा अभिव्यक्ति स्वतन्त्रता र धारा २२ मा सामाजिक सुरक्षाको अधिकार उल्लेख गरिएको छ। कामको अधिकारबारेमा धारा २३ ले बोलेको छ भने स्वास्थ्यको अधिकार धारा २५ मा राखिएको छ। शिक्षाको अधिकार घोषणापत्रको धारा २६ ले किटानी गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि-१९७९ को पनि नेपाल पक्ष राष्ट्र भइसकेको छ। यो अभिसन्धि महिलाअधिकारका क्षेत्रमा महत्वपूर्ण दस्तावेज हो। लैङ्गिक समानताको गुरुमन्त्रका रूपमा रहेको यो दस्तावेजमा घोषणापत्रका सबै प्रावधानहरूलाई सूत्रीकृत गरिएको छ। सन्धि ऐन-२०४९ अनुसार नेपाल कानुनसँग बाझिएको हदसम्म राष्ट्रिय कानुनसरह लागू हुने व्यवस्था भएकाले महिला अधिकारका लागि बलियो औजार भएको छ। अन्तर्राष्ट्रिय स्तरमा बेइजिङ् घोषणापत्र र कार्ययोजना १९९५ पनि महिलाअधिकारको प्राप्तिको अभियानका लागि उपयोगी प्रयास हो।

नेपालको अन्तरिम संविधान-२०६३ को प्रस्तावनामा राज्यको पुन:संरचनाको एक आधारका रूपमा लैङ्गिक सवाललाई पहिचान गरिएको छ। नागरिकता सम्बन्धमा आमाको नामबाट समेत नागरिकता दिन सकिने व्यवस्था रहेको छ। विदेशीसँग विवाह गरेकी महिलाबाट जन्मेका व्यक्तिको हकमा नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताका आधारमा नागरिकता लिएको अवस्था नरहेमा निजलाई अङ्गीकृत नागरिकता दिनसकिने संवैधानिक व्यवस्था भएको छ। रोजगार तथा सामाजिक सुरक्षाका सम्बन्धमा महिलालाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने प्रत्याभूति पनि गरिएको छ। यसैगरी अन्तरिम संविधान-२०६३ ले महिलाको हकसम्बन्धी पहिलोपटक मौलिक हकको व्यवस्था गरेको छ। महिला भएकै कारणले कसैलाई भेदभाव नगरिने, प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक, महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न प्रतिबन्ध लगाई सो कार्यको कानुनद्वारा दण्डनीय हुने व्यवस्था गरिएको छ। यसपटक संविधानको मौलिक हकमा नै पैतृक सम्पत्तिमा छोरा र छोरीको समान हक लाग्ने व्यवस्थासमेत गरिएको छ। समानताको हकमा कानुनका अगाडि सबै जना समान हुने स्थापित मान्यतालाई आत्मसात् गरिएको छ। समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाई हरेक क्षेत्रमा सहभागी गराइने कुरा संवैधानिक रूपमा ग्यारेन्टी गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगको आयुक्तमा महिला प्रतिनिधित्वको व्यवस्था पनि ग्यारेन्टी गरिएको छ। राजनीतिक दलहरूले महिलाहरूको उम्मेदवारी एकतिहाइ नघटाई दिनुपर्ने बाध्यात्मक व्यवस्था पनि संविधानमा गरिएको छ। राज्यका नीति तथा निर्देशक सिद्धान्तमा महिलाहरूलाई प्राथमिकतामा राखी सरकारका नीति तथा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि उल्लेख छ।

समयक्रमसँगै लैङ्गिक समानताको क्षेत्रमा कानुनी प्रावधानहरूमा प्रगतिशील सुधार हुने क्रम बढिरहेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ को अनुमोदनपछि नेपाल सरकारको हुन आउने दायित्व निर्वाह गर्ने क्रममा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन-२०६३ र अन्य ऐन र अदालतका फैसलाहरूले महिलाअधिकारका क्षेत्रमा धेरै उपलब्धिहरू भएको महसुस पनि गरिएको छ। लोकतान्त्रिक आन्दोलनको प्रभावले धारणामा आएको तीव्र परिवर्तनलाई ऐनमा समायोजन गरिनु सुखद कुरा हो। यस अवधिमा महिलाको स्वतन्त्र पहिचानलाई मान्यता प्रदान गरिएको छ। अदालतबाट जारी हुने समाह्वान, इतलायनामा, म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति फेला नपरे स्वास्नीमानिसले पनि बुझिलिन सक्ने व्यवस्था मुलुकी ऐनको अदालती बन्दोवस्तको महलमा गरिएको छ।

मुद्दा सुनुवाइमा विधवा महिलालाई प्राथमिकता, केही अपमानजनक शब्दको खारेजी, विवाह भएको १० वर्षभित्र स्वास्नी मानिसका कारण सन्तान नभएमा सम्बन्ध विच्छेद गर्न पाउने मुलुकी ऐनको लोग्नेस्वास्नीको महल १ नं. खारेज भएको छ। यस प्रावधानले निश्चितै रूपमा महिलाको गरिमालाई बढाएको छ। यस्तै गरी पाँच वर्षमुनिको बच्चाको संरक्षणको पहिलो अधिकार आमालाई दिने व्यवस्था गरिएको छ। मुलुकी ऐन अंशबन्डाको १६ नं. मा विवाहपछि पनि पैतृक सम्पत्तिमा छोरीको पूर्ण अधिकार स्थापित गरिएको छ। यो अधिकार नेपाली महिलाहरूका लागि ठूलो विजय मान्नुपर्छ। छोरीलाई अंश होइन, शिक्षा दिनुपर्छ भन्ने बहस चलिरहेका बेला नेपाली महिलाले आर्थिक

अधिकार पाएका छन्। महान् साहित्यकार लुसुन भन्छन्, "जबसम्म महिलालाई समाजमा पुरुषले पाएसरह आर्थिक अधिकार प्राप्त हुँदैन, तबसम्म महिला मुक्तिका यावत् कुरा अर्थहीन गन्थन मात्र हुने गर्छन्।" कानुनी रूपमा प्राप्त यो अधिकारको व्यावहारिक कार्यान्वयन कसरी हुन्छ, त्यो हेर्न बाँकी छ। महिलालाई हकवाला पनि स्वीकार गरिनुका साथै घरमुलीका रूपमा पनि मान्यता प्रदान गरिएको छ। लिङ्ग पहिचान गरी गर्भपतन गराउने कुरालाई अपराधको परिभाषाभित्र पारिएको छ भने यौन दुर्व्यवहार पनि अपराध मानिएको छ। जबरजस्ती करणीको परिभाषालाई व्यापक बनाई यस्ता घटनालाई न्यूनीकरणमा ध्यान दिएको देखिन्छ। यहाँसम्म कि वैवाहिक बलात्कारविरुद्धको अधिकारसमेत यस कानुनले दिएको छ। भूमिसम्बन्धी ऐन-२०२१ मा मोहीको हकमा छोरीलाई पनि पूर्ण अंशियार बनाइएको छ। विवाहसम्बन्धी उमेरको फरकलाई खारेज गरी विवाह दर्ता ऐन-२०२८ को दफा ४ (३)मा महिला-पुरुष दुवैको उमेर २० वर्ष कायम गरिएको छ। निजामती सेवा प्रवेशको उमेर पुरुषलाई ३५ वर्ष छ भने महिलाको उमेर हद ४० वर्ष तोकी महिलाई आरक्षण गरिएको छ। बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्था, बोक्सीसम्बन्धी मुद्दा सरकारवादी मुद्दा हुने, सैनिक ऐन-२०६३ ले महिला पनि पुरुषसरह सैनिक सेवामा भर्ति हुनसक्ने व्यवस्थासमेत गरेको छ। प्रहरी नियमावली-२०४९ को बाह्रौं संशोधनमा प्रहरी सेवामा भर्ना गर्दा २० प्रतिशत सिट महिलाका लागि छुट्याउनु पर्ने व्यवस्था गरेको छ। निजामती सेवा ऐन-२०४९को संशोधनमा महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ।

अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय रूपमा संविधान, ऐनकानुनहरूमा मानवअधिकारको लिखित प्रतिबद्धताहरू एकहदसम्म सैद्धान्तिक रूपमा सकारात्मक पक्ष हो। तर, त्यसको व्यावहारिक कार्यन्वयन चुस्त र व्यवस्थित संयन्त्रको अभाव, सरकार सञ्चालन गर्ने नेतृत्व तहको प्रतिबद्धता र दृढ इच्छाशक्ति नहुँदा नेपाली महिलाहरूले वास्तविक मुक्तिको सास फेर्न र परिवर्तनको अनुभूति गर्न पाएका छैनन्। नेपालको जनसङ्ख्याको ५०.१ प्रतिशत महिलाहरूले ओगटेका छन्। तैपनि, नेपाली महिलाविरुद्धको भेदभाव कायमै छ। महिला र पुरुषबीच समानता कायम गराउन उपयुक्त नीति तथा कार्यक्रमहरूको अभाव छ। पितृसत्तात्मक संरचनामा आधारित भेदभावमा अधिकांश महिलाहरू आत्मसम्मान, स्वाभिमान र विश्वासको वातावरणबाट बञ्चित छन्।

समानताको सिद्धान्त विभेदविरुद्धको मान्यता हो। हरेक मानिसलाई समानताका आधारमा सुविधा र अवसरहरू प्रदान गरिने वैधानिक प्रतिबद्धतालाई कसैले नकार्न सकेको अवस्था छैन। त्यसमा नेपाल पनि अग्रस्थानमा रहेको छ। तर, वास्तविक समानताको खोजी गर्दा अवस्था निराशाजनक छ। स्वतन्त्रता मानव गरिमाको सम्मान र व्यक्तित्व विकासको आधारका रूपमा स्वीकार गरिएको छ। तर, पितृसत्तात्मक समाज व्यवस्थाका कारण महिलाहरूलाई पूर्ण रूपमा न त हिँडडुल गर्ने स्वतन्त्रता प्राप्त छ, न विचारको स्वतन्त्रता नै छ। श्रीमान्ले कुन राजनीतिक विचार वा आस्थामा विश्वास गर्छन्, जानीनजानी वा चाहीनचाही त्यही विचार र सिद्धान्तलाई शिरोधार्य गर्नुपर्ने अवस्था रहेको छ। दाम्पत्य जीवन दुई विविधतायुक्त व्यक्तित्वबीचको एक साझा सामाजिक सङ्गठनको एकाइ हो। जरुरी छैन कि एकले अर्काको विचारलाई जबरजस्ती मान्न परोस्। सवाल के मात्र हो भने एकले अर्काको विचारको सहर्ष सम्मान गर्दा त्यो परिवारले निरन्तरता पाउन सक्छ। तर, पतिको निर्णय, चाहना र वासनालाई नतमस्तक भएर शिरोधार्य नगर्दा असङ्ख्य आदर्श मानिएका परिवारहरू खण्डित भएका छन् भने आफ्नो भावना, चाहना र संवेदनालाई पाइतलाले कुल्ची सबैका सामु असल महिला वा बुहारीको परिचय दिन आँसुको घुट्का पिएर हाँस्न बाध्य महिलाहरूको सङ्ख्या कति छ ? यो प्रश्नको उत्तर यहाँ भनिरहन आवश्यक छैन। किनभने, नेपालको सन्दर्भमा केही नगन्य सङ्ख्याबाहेक सबैको हालत र नियति यही हो।

व्यक्तिगत स्वतन्त्रताको अधिकारको प्रसङ्ग उठाउँदा उमेर पुगपछि राजीखुसी आफूले रोजेको व्यक्तिसँग परिवार बसाल्न पाइने कुरा नेपालको सामाजिक र सांस्कृतिक परिवेशका कारण जटिल अवस्थामा रहेको छ। अन्तरजातीय विवाहलाई कानुनले कहीं पनि बन्देज गरेको छैन तर अन्तरजातीय विवाह गरेका कारण घरपरिवारबाट तिरस्कृत हुने, गाउँ निकाला गरिने घटनाहरू निरन्तर बढिरहेको छ। त्यति मात्र होइन, जीवनसाथी छान्न पाउनेजस्तो नैसर्गिक अधिकारसमेत पूर्ण रूपमा पाउन सकेको छैन। अभिभावकले मन पराएको व्यक्तिसँग विवाह गर्नुपर्ने सामाजिक र सांस्कृतिक बाध्यता अझै पनि नेपाली समाजमा अधिक छ। महिला शिक्षालाई आजसम्म पनि रोजगार पाउनका लागि भन्दा पनि घरव्यवहार चलाउन र राम्रो पति पाउनका लागि भन्ने मान्यताभन्दा माथि उठ्न सकेको अवस्था छैन। किनभने, विवाहपछि विवाहित महिलाले घरको काम गर्ने कि नोकरी वा अन्य केही पेसा गर्ने भन्ने निर्णय गर्ने सर्वाधिकार लोग्नेमा अन्तरनिहित हुन्छ। अत्यधिक शिक्षित भनिएका विवाहित पुरुषहरू पढेलेखेकै श्रीमती भए पनि घरभन्दा बाहिर काममा पठाउन अनकनाउँछन्। महिलालाई हेर्ने पुरुषप्रधान समाजको मनोदशा वा प्रवृत्तिले यसका लागि काम गर्छ, त्यो एउटा कुरा हो, महिलाहरूको आश्रित हुन चाहने प्रवृत्ति पनि जिम्मेवार छ।

महिलाहरूले भोग्नु परेको अर्को ठूलो समस्या घरेलु हिंसा र बेचबिखन पनि हो। यी दुई समस्याहरू नेपाली महिलाहरूका लागि पहाडसरी उभिएका छन्। दाइजो नल्याएको, बोक्सीको आरोप, बच्चा नपाएको वा छोरा नपाएको, यौन सन्तुष्टि दिन नसकेको, मीठो खाना नपकाएको, नसोधी हिँडेको, परपुरुषसँग बोलेको आदि कारण अथवा पुरुषलाई जुनसुकै कारण रिस उठेमा त्यसको सिकार महिला हुनुपर्ने नेपाली महिलाहरूको नियति भएको छ। दाइजो नल्याएको वा पर्याप्त दाइजो नपाउँदा केटा पक्षले विवाह अस्वीकार गरेका घटना त सुनिँदै आएको कुरा थियो तर अब त दाइजो नलिएका कारण केटी पक्षले विवाह रद्ध गरेको घटना पनि सञ्चारमाध्यमबाट बाहिर

आएको छ, यसलाई कसरी लिने ? सामाजिक सुधार ऐनले भन्छ- तडकभडकपूर्ण विवाह नगर्ने तर विश्वमा अति गरिब मुलुकमा गनिने नेपालकै राजधानीमा जहाज चार्टर गरेर बरियात आउँछन्, स्टार होटलमा भव्य पार्टी हुन्छ, उच्चस्तरका नेता र सरकारी व्यक्तिहरूको उपस्थितिमा विवाह सम्पन्न हुन्छ। यसबाट स्पष्ट हुन्छ, हामी कस्तो संस्कार बनाउँदैछौं भावी पुस्ताका लागि ?

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले महिलाहरूलाई काम पाउने अधिकार र स्वास्थ्यको अधिकार पनि सुनिश्चित गरेको छ। तर, नेपाली समाजमा महिलाले काम गर्नुपर्छ भन्ने बुझाइ नै बन्न सकिरहेको छैन। त्यसैले रोजगारमा नेपाली महिलाहरू विभेदको सिकार भएका छन्। महिलाले गर्ने घरेलु कामलाई काम नै नठान्ने चिन्तन हटिसक्यो भन्न सकिने अवस्था छैन। महिलाको प्रजनन स्वास्थ्यमा उपलब्धता, पहुँच पनि निराशाजनक छ। पोषणयुक्त खाना र सुरक्षित मातृत्वको कुरा कर्णाली र सुदूरपश्चिमका पहाडी जिल्लाका महिलाहरूका लागि 'आकाशको फल आँखा तरी मर' को अवस्था छ। महिलाको पाठेघर खस्ने समस्या र रजस्वला हुँदा छाउपडीका रूपमा गोठमा बस्ने संस्कारका कारण धेरैले ज्यान गुमाइरहेका छन्। एचआईभी/एड्स पनि नेपाली महिलाहरूका लागि अर्को महाशत्रुका रूपमा देखा परेको छ।

जनआन्दोलन ०६२/६३ पछि बनेको नेपालको अन्तरिम संविधान-२०६३ मूल उद्देश्यलाई निर्दिष्ट गर्दै प्रस्तावनामा भनिएको छ, "हामी सार्वभौमसत्ता र राजकीय सत्तासम्पन्न नेपाली जनता, नेपाली जनताले ००७ सालपहिलेदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष, जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुन:संरचना गर्ने सङ्कल्प गर्दै ...आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान-२०६३ जारी भएको घोषणा गर्दछौं। "

भनाइ छ, भाग्य छ भन्दैमा डोकामा दूध दुहेर अडिँदैन। त्यसैले महिलाविरुद्ध हुने सबै किसिममा भेदभाव उन्मूलनका लागि व्यवस्था भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानुनहरू आफैंले केही गर्दैनन्। त्यसको व्यावहारिक प्रयोगका लागि राज्य जिम्मेवार, सरकार संवेदनशील र व्यावहारिक नीति तथा कार्यक्रम, सरल संयन्त्र, नागरिक समाजको खरो खबरदारी र जनताको सचेतना जरुरी छ। काग कराउँदै जान्छ, पिना सुक्दै गर्छ र हात्ती लम्कँदै गर्छ जस्तो गैरजिम्मेवार व्यवहारको अन्त्य आजको आवश्यकता हो। समतामूलक न्यायपूर्ण समाज सिर्जना गर्न लैङ्गिक समानता आधारभूत तत्व हो। मानिस-मानिसबीच यदि विभाजन वा फरक देखाउन सकिन्छ भने त्यो हो जैविक भिन्नता। त्यसपछि समाज विकासक्रममा लिङ्गका आधारमा सामाजिक विभेद भए ती सबै मानिस निर्मित कुरा हुन्। विश्व विख्यात फ्रान्सेली लेखिकाले आफ्नो 'द सेकेन्ड सेक्स' मा स्त्रीप्रतिको भौतिकवादी व्याख्या गर्ने क्रममा लेख्छिन्, "व्यक्तिगत सम्पत्तिको लोभले पुरुषमा स्वामित्वको भावना विकसित भयो। ऊ त्यसबेला जमिनको मालिक थियो, दासहरूको मालिक थियो, त्यसपछि स्त्रीको पनि मालिक बन्यो। यहींबाट महिलाहरूको दासताको दिन सुरुवात भयो।" यस तत्थ्यले महिला-पुरुषबीचमा कोरिएका रेखाहरू बनावटी हुन् भन्ने यथार्थ उजागर गर्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको महिमाको चर्चा र महिला सवालको प्रसङ्ग कोट्याउँदा एउटा सम्झँदा न्याय नै हुन्छ कि मानव सभ्यताको इतिहासमा अहिलेसम्मको अनुपम कृति मानिएको 'मानवअधिकारको घोषणापत्र' को लेखनको नेतृत्व गर्ने व्यक्तित्व महिला हुनुहुन्थ्यो भनेर। फेङ्कलिन डी रुजवेल्टकी धर्मपत्नी इलेनोर रुजवेल्टले नै यस कार्यको अगुवाइ गर्नुभएको थियो।

अन्त्यमा, विद्वान् मार्क टोइन मानवअधिकार क्षेत्रको तीतो यथार्थ यसरी पोख्छन् "मानवअधिकारका बारेमा कुराहरू त धेरैले गर्छन् तर वास्तविक रूपमा काम कमले मात्र गर्दछन्।" यसबाट बुझिन्छ कि सिद्धान्त र व्यवहारमा कति फरक छ भन्ने कुरा। मानवअधिकारको विश्वव्यापी घोषणापत्र- १९४८ ले आत्मसात् गरेको समानता, स्वतन्त्रता र मानव गरिमाको सही उपभोग र अनुभूतिका लागि उचित वातावरण बनाउन सक्दा मानवअधिकार संस्कृति संस्थागत हुन सक्छ। आमसूचना, प्रविधि र वैज्ञानिक विकासका कारण विश्व खुम्चिसकेको छ। न्युयोर्कमा मर्निङ् वाक गरेर वासिङ्टनमा ब्रेकफास्ट सकी जेनेभामा लन्च सकेर फैङ्कफर्टमको मिटिङ् भ्याएर काठमाडौंमा डिनर पार्टीमा सहभागी हुने दिन कुर्न अब धेरै कुर्नु पर्नेछैन। विश्वग्रामको अवधारणा विश्वव्यापी हुँदैछ। धनी र गरिब, पूर्वीय र पश्चिमी, पुस्तागत मानवअधिकारका कुरा अब पुराना हुन थालिसके। विश्वभरि भूगोल, वर्ग, जाति, धर्म, देशका आधारमा सबै ठाउँ पाउन सकिने विभेद भनेको लैङ्गिक विभेद हो। विश्वभरिका मानिसहरूको सपनाको संसार मानिएको देश अमेरिकामा भर्खरै भएको राष्ट्रपतिको निर्वाचनमा डेमोक्रेटिक पार्टीको राष्ट्रपति पदको उम्मेदवारको आन्तरिक प्रतिस्पर्धामा राजनीतिक सुझबुझ र पहुँच भएकी पूर्व प्रथम महिला एवम् सिनेटर हिलारी क्लिन्टनले भोग्नु परेको नियतिबाट बुझ्न सकिन्छ महिला नेतृत्व स्थापित हुन कति कठिन छ भनेर। तर, बर्बर युगबाट आजको सभ्यतासम्म आइपुग्न अथक् प्रयास, बलिदानी र वीरगाथाका इतिहास कोरिएको छ। ६० वर्षपहिले मानव मात्रका लागि गरिएको मानवअधिकार सँगालो घोषणा समग्र मानव समुदायका लागि समान रूपमा हुन नसकेकैले होला यस वर्षको दिवसका लागि नारामा भनिएको छ, "सबैका लागि मानव गरिमा र न्याय।" त्यसैले, अब लोकतान्त्रिक संस्कृति शिरोधार्य गरी संवाद, सहमति र सहकार्यको माध्यमबाट कानुनको शासन, मानवअधिकारको ग्यारेन्टी, लैङ्गिक समतायुक्त समाज निर्माण गर्ने अभियानमा लामबद्ध हुन जरुरी छ।

# महिला हिंसा अन्त्यका लागि महिला सभासद्को भूमिका

**विन्दा पाण्डे**

आज विश्व ढुङ्गे युगबाट विकास हुँदै २१औं शताब्दीको वैज्ञानिक यन्त्र मानवको रूपमा प्रवेश गरिसक्यो। कैयौं उन्नति र प्रगति भएका छन् तैपनि महिला हिंसाको अन्त्य हालसम्म हुनसकेको छैन। जबसम्म नेपालमा जारी रहेको महिलामाथिको शोषण र हिंसा अन्त्य हुँदैन र नयाँ संविधानमा यी कुरालाई सम्बोधन गरिँदैन, नयाँ लोकतान्त्रिक नेपाल समावेशी, समतामूलक, सहभागितामूलक नयाँ संविधान भन्नुको कुनै औचित्य रहँदैन। जबसम्म महिलाअधिकारको सुनिश्चितता हुन्न र महिलामाथि हिंसा भइरहन्छ, तबसम्म नयाँ नेपाल निर्माणको बहसले सार्थकता पाउँदैन।

भन्न त आधा आकाश र आधा धर्ती ओगटेका महिलाहरूको सशक्तीकरणबिना राष्ट्र विकास असम्भव छ भनिन्छ। ३३ प्रतिशत आरक्षण छुट्याइएकै छ। जति अधिकार पुरुषलाई छ, त्यत्ति नै महिलालाई पनि छ। तर, महिलाहरूको घर-समाजभित्रको त्यो शारीरिक-मानसिक पीडा अनि सङ्घर्षलाई कसले बुझेका छन् ? भनिन्छ, सबैले देख्छन् खाएको र लगाएको। तर, कसले देख्छ-मनभित्र पीर भएको ? महिलाहरूको घरेलु हिंसाविरुद्धको अधिकारका बारेमा समेत त्यस्तै रहेको छ। बाहिर सञ्चारमाध्यम र सङ्घसंस्थाहरूले उनीहरूका अधिकारका बारेमा फुकेकै छन्, नीति-नियम बनेकै छ तर व्यवहारमा त्यस्तो छैन। मानवअधिकारको घोषणापत्र, सन्धि, अभिसन्धि तथा महासन्धिहरूमा महिला, पुरुष, जातजाति भनेर भेदभाव गर्न पाइँदैन भनिएको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन विषयक महासन्धि पारित भइसकेको छ र नेपालले समेत यसमा सहमति जनाई हस्ताक्षर गरिसकेको छ। यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा महिलाविरुद्ध हुने हिंसालाई निषेध गरे पनि नेपालमा यस प्रकारका क्रियाकलापहरू जारी रहेका छन्। वर्तमान संविधानसभामा महिलाहरूको उल्लेखनीय प्रतिनिधित्व भएको परिप्रेक्ष्यमा ती नियम तथा कानुनहरूको कार्यान्वयन गराउन तथा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि आवश्यक कानुनी संयन्त्रहरूको निर्माण गरी कार्यान्वयन गराउन महिला सभासद्हरूको भूमिका उल्लेखनीय रहन्छ।

आज पनि शिक्षित वा अशिक्षित सबै महिला दैनिक घरव्यवहारका क्रियाकलापमा अल्झिनु परिरहेको छ। उनीहरूले सामाजिक कार्यमा संलग्न हुने अवसर कम मात्र पाउने गरेका छन्। घरव्यवहारका सबै काम महिलाले मात्र गर्नुपर्छ भन्ने मान्यताका कारण महिलाहरू पछाडि परिरहेका छन्। महिलाहरू सामाजिक रूपमा समेत अगाडि बढ्न सके भने यसले महिला हिंसा न्यूनीकरणमा समेत सहयोग पुऱ्याउन सक्छ। तर, यसका लागि परिवारका सदस्यहरूको भूमिका उल्लेखनीय हुने गर्छ। महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरेर महिलाको समान सहभागिताको सुनिश्चितता नगरिएमा महिला सशक्तीकरणको बहसले कुनै सान्दर्भिकता पाउँदैन।

**जबसम्म घरेलु हिंसा अन्त्य, चेलीबेटी बेचबिखन रोकथाम तथा महिला श्रम शोषणको अन्त्य भई महिलाहरूलाई समान नागरिकको रूपमा स्वीकारिँदैन, तबसम्म महिलाअधिकार सुनिश्चित हुँदैन।**

नेपालमा गरिबी, अशिक्षा र बेरोजगारी समस्या व्याप्त रहेको छ, जसका कारण चेलीबेटी बेचबिखन, यौनशोषण, मानसिक तथा शारीरिक यातना, श्रम शोषण तथा बोक्सीको नाममा हुने शोषणबाट प्रताडित बन्दैछन्। त्यसैगरी, आफ्नो इच्छा नभए पनि छोरा जन्माउने निहुँमा दर्जनौं सन्तान जन्माउन महिलाहरू बाध्य छन् भने कतिपय रजस्वला तथा सुत्केरी भएको बेला गोठमा बस्नुपर्ने प्रचलनले गर्दा सर्पको टोकाइ तथा अन्य जङ्गली जनावरको आक्रमणबाट मर्ने गरेका छन्। आज देश नयाँ संविधान निर्माण गर्ने प्रक्रियामा जुटेको छ र महिला सशक्तीकरण आजको आवश्यकता हो तर महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएसम्म यो कुराले कुनै सार्थकता पाउने देखिँदैन। विगतमा भएका विभिन्न आन्दोलनको फलस्वरूप आज देशको भाग्य निर्माण गर्ने थलो संविधानसभामा महिलाहरूको उल्लेखनीय सहभागिता रहेको छ। महिला सभासद्हरूले महिलाका समस्याहरू नजिकबाट बुझ्ने मौका पाएका छन् र उनीहरूलाई महिलाहरूले भोग्नुपरेका पीडाहरूको बारेमा राम्रो ज्ञान छ। तसर्थ, उनीहरूले नयाँ बन्ने संविधानमा महिलाहरूका समस्या समाधानका लागि आवश्यक कानुनी संयन्त्रको निर्माणका क्रममा प्रभावकारी भूमिका खेल्न सक्नेछन्। महिला सभासद्हरूले सबै वर्ग, क्षेत्र, जाति, जनजाति तथा अन्य समुदायका महिलाहरूका समस्यालाई संविधानसभामा राखेर त्यसको समाधानको उपाय पहिल्याउन पहल गर्नेछन्।

जबसम्म घरेलु हिंसा अन्त्य, चेलीबेटी बेचबिखन रोकथाम तथा महिला श्रम शोषणको अन्त्य भई महिलाहरूलाई समान नागरिकको रूपमा स्वीकारिँदैन, तबसम्म महिलाअधिकार सुनिश्चित हुँदैन। त्यसैले यस्ता विषयमा आवाज उठाएर महिला हिंसाको अन्त्यका लागि महिला अधिकारमुखी समतामूलक समावेशी संविधान निर्माणका लागि पहल गर्नु महिला सभासद्हरूको कर्तव्य हो। साथै, महिला सभासद्हरूले सम्पूर्ण क्षेत्रमा महिला आरक्षण र कोटा छुट्याएर त्यसको कार्यान्वयनका लागि समेत पहल गर्नुपर्छ। महिला सभासद्हरूले महिला दिदीबहिनीहरूको जीवन भोगाइका क्रममा झेल्नुपरेको पीडालाई बाहिर ल्याएर त्यसको अन्त्यका लागि पहल गर्नुपर्छ। नयाँ बन्ने संविधानमा महिला हिंसा अन्त्य र महिला अधिकार सुनिश्चितताका लागि आवश्यक कुरालाई समावेश गर्न सकेमा मात्र यसले नयाँ नेपाल निर्माणको नारा साकार पार्न सक्नेछ।

# एक दशक लामो सशस्त्र द्वन्द्वको जीवन्त दस्तावेज : "मैना" चलचित्र

**जीवन्त वाग्ले**

माओवादीको एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य भएर देशमा लोकतान्त्रिक गणतन्त्र आइसके पनि सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारका गम्भीर उल्लङ्घनका घटनाहरूमा संलग्न पीडकहरूलाई भने कुनै कारबाही गरिएको छैन भने पीडितका परिवारलाई न्याय प्रदान गरिएको छैन। सिनेमेकर्स प्रालिले सशस्त्र द्वन्द्वका क्रममा भएको यस्तै कहालीलाग्दो घटनालाई उजागर गर्ने प्रयत्न गरेको छ, चलचित्र 'मैना' को निर्माण गरेर।

तत्कालीन शाही नेपाली सेनाले गरेको मानवअधिकार उल्लङ्घनको घटनामा आधारित चलचित्र हो, 'मैना'। ०६१ फागुन ५ गते काभ्रे जिल्लाको खरेलथोक निवासी 'मैना' सुनारलाई तत्कालीन शाही सेनाका जवानहरूले गिरफ्तार गरेर लगेपछि बलात्कारपश्चात् हत्या गरेका थिए। यो फिल्ममा मैनालाई सेनाका जवानहरूले गिरफ्तार गरेर लगेपछि उनको बलात्कारपश्चात् हत्या गरिएको र उनकी आमा देवी सुनारले छोरीको अवस्था पत्ता लगाउन गरेको सङ्घर्षलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। यो चलचित्रले मैनाको घटनालाई मात्र उजागर नगरेर माओवादी सशस्त्र विद्रोहका क्रममा माओवादीले एक घर एक मान्छे भन्दै जबरजस्ती मानिसहरूलाई छापामार र मिलिसिया बनाउने गरेको, निर्दोष जनताको घरमा गएर धम्काउँदै खाइदिने र सेनाको कारबाहीको सिकार बनाइदिने गरेको यथार्थलाई समेत उजागर गरेको छ। व्यावसायिक कलाकारले अभिनय नगरेको र कला तथा शैलीका दृष्टिले उत्कृष्ट नभए पनि यो चलचित्रले माओवादी सशस्त्र द्वन्द्वका क्रममा सर्वसाधारणले तत्कालीन विद्रोही पक्ष र सुरक्षाकर्मीबाट भोग्नुपरेको ज्यादतीलाई उद्घाटन गरेको छ। सशस्त्र द्वन्द्वको मार खपेका मानिसहरूलाई फिल्मका कतिपय दृश्यले आफैंले भोगेको पीडाको अनुभूति गराउन भने चलचित्र सफल भएको छ।

यो फिल्मले सशस्त्र द्वन्द्वका क्रममा सशस्त्र द्वन्द्वको प्रत्यक्ष पीडा भोग्न पुगेका हजारौं नेपालीको दुःखलाई पुन एकपटक सम्झाइदिएको छ। यसअघि सशस्त्र द्वन्द्वका क्रममा कालीकोट जिल्लाको कोटवाडामा विमानस्थल निर्माण कार्यमा संलग्न धादिङ जोगिमाराका मजदुरहरूको विषयमा वृत्तचित्रको निर्माण गरिए पनि 'मैना' चलचित्रले भने सशस्त्र द्वन्द्वका क्रममा आमनागरिकले भोग्नुपरेको पीडालाई अझ सशक्त रूपमा प्रस्तुत गरेको छ। यो चलचित्रले सशस्त्र द्वन्द्वका क्रममा आमनागरिकहरूले भोग्नुपरेको पीडालाई प्रस्तुत गर्दै मानवताविरोधी कार्यमा संलग्नहरूलाई कारबाही गर्न तथा पीडितहरूलाई कारबाही गर्नका लागि सधैं घच्घच्याइरहने छ। साथै, यो चलचित्रले अरु निर्माताहरूलाई समेत मानवअधिकार उल्लङ्घनका जघन्य घटनामा चलचित्र बनाउन प्रोत्साहन गर्नेछ, जसले भविष्यमा निर्माण हुने सत्य निरूपण तथा मेलमिलाप आयोगलाई समेत सत्य उत्खननका लागि प्रोत्साहन मिल्न सक्छ ।

एउटा मानवअधिकारकर्मीको भूमिकामा चलचित्रमा अभिनय गर्न पाउनु मेरा लागि उत्साहजनक कार्यसमेत थियो। कुनै काल्पनिक कथावस्तुमा नभएर सशस्त्र द्वन्द्वको समयमा हामी मानवअधिकारकर्मीले निर्वाह गरेको भूमिकालाई नै छायाङ्कन गर्नुपर्ने भएकाले कलाकारितालाई भन्दा द्वन्द्वकालमा सामना गर्नुपरेका घटनालाई यथार्थपरक रूपमा जनसमक्ष पुऱ्याउने कुरामा ध्यान केन्द्रित गर्नु स्वाभाविकै थियो। चलचित्रमा अभिनय गर्ने र चलचित्र हेर्ने क्रममा यो चलचित्रले सशस्त्र द्वन्द्वकालमा निर्वाह गरेको आफ्नै कर्तव्यलाई सम्झिन बाध्य बनायो। किनभने, हाम्रो काम आफ्नो अनुकूल भयो भने माओवादी ठीक छ भन्थ्यो भने सेनाचाहिँ सबै मानवअधिकारकर्मीहरू माओवादी हुन् भन्ने गर्दथ्यो। हामी मानवअधिकारकर्मी जो कठिन अवस्थामा आफ्नो भूमिकालाई मानवअधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य एवम् मान्यताका आधारमा परिचालित हुन्थ्यौं र कार्य सम्पन्न गर्थ्यौं, युद्धरत पक्षहरूको तारो बन्नु हाम्रा लागि नियति भएको थियो।

मानवअधिकारको दृष्टिले 'मैना' चलचित्रलाई नियाल्नु पर्दा, मानवअधिकारको क्षेत्रमा क्रियाशील हुन त्यति सहज नभएको यथार्थतालाई पनि चलचित्रले उतार्न खोजेको छ। जतिबेला 'मैना' का आमाबाबु मानवअधिकार रक्षकहरूसँग सहयोगको याचना गर्न आउँछन् र घटनाका बारेमा सहयोग गरिदिन आग्रह गर्छन्, त्यसपछि मानवअधिकार रक्षकहरूले घटनाको संवेदनशीलतालाई ख्याल गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्ने क्रममा तत्कालीन शाही सेनाबाट खाएको हप्कीदप्कीलाई पनि चलचित्रमा उतारिएको छ। जुन वास्तविक जीवनमा पनि मानवअधिकारकर्मीहरूले समेत भोग्नुपरेको थियो। आफू मानवअधिकारको क्षेत्रमा लामो समयदेखि सक्रिय हुँदै आइरहँदा 'मैना' चलचित्रमा पनि आफ्नो अनुभव अनुसारको केही भूमिका गर्न पाउँदा आनन्द लाग्नु एउटा पाटो हो भने 'मैना' आफैंमा अन्तर्राष्ट्रियकरण गरिएको सत्य घटना हो, जुन चलचित्रमा वास्तविक रूपमा सक्रिय मानवअधिकार रक्षकहरूको उपस्थिति गराई चलचित्रलाई बढी यथार्थपरक बनाउने प्रयत्न हुनु महत्वपूर्ण पक्ष हो। मूलतः चलचित्रले के इङ्गित गरेको छ भने, जबजब स्थिति असामान्य हुँदो रहेछ, त्यतित्यति बेला मानवअधिकार रक्षकको भूमिका झनै अहम् हुँदै जाँदोरहेछ।

आवाजविहीनहरूको आवाजलाई सम्बन्धित निकायसम्म पुऱ्याउने, न्याय सम्पादन कार्यमा दबाब दिएर सहजीकरण गर्ने र पीडितहरूको हकअधिकारको वकालत गर्ने उसको मूल कार्यदिशा भएको मानवअधिकारकर्मीहरूको भूमिकालाई यथार्थ चित्रण गर्न पनि चलचित्र अत्यन्तै सफल भएको छ।

**सन्दर्भ : महिला हिंसाविरुद्धको सोह्रदिने अभियान**

# महिला हिंसाको अवस्था

**२५ नोभेम्बरदेखि १० डिसेम्बर, २००८**

### पृष्ठभूमि

नेपालमा बढ्दो लैङ्गिक हिंसाका घटनाप्रति संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको नेपालस्थित कार्यालयलगायतका अन्तर्राष्ट्रिय समुदायले गम्भीर ध्यानाकर्षण व्यक्त गरिरहेका छन्। २४ जून २००८ मा उच्चायुक्तको कार्यालयले महिला अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्न र लैङ्गिक हिंसामा संलग्न पीडकलाई कारबाही गर्न नेपाल सरकारसमक्ष आग्रह गऱ्यो।

यस प्रतिवेदनमा इन्सेकद्वारा जनवरीदेखि अक्टोबर महिनासम्म प्राप्त बलात्कारका घटनाको विश्लेषण गरिएको छ। साथै, पीडक र पीडितका प्रकार, पीडितको न्यायमा पहुँचका साथै संरक्षण सबन्धमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको पनि चर्चा गरिएको छ।

इन्सेक अनलाइनका अनुसार यस वर्ष जनवरीदेखि अक्टोबर महिनासम्म १ सय ३४ ओटा बलात्कार र बलात्कार प्रयासका घटना प्रकाशमा आए। जसमा एक बालकसहित १ सय ३७ जना बालिका तथा महिलाहरू पीडित भएका छन्। पाँच घटनामा पीडितको बलात्कारपछि हत्या भयो। जसमध्ये एउटा घटनामा बलात्कार प्रयासको प्रतिकार गर्दा एक युवतीको हत्या गरियो। बलात्कारका घटनामा ३३ महिना उमेर समूहदेखि ६३ वर्ष उमेर समूहका वृद्धासमेत बलात्कृत भएका छन्। यसैगरी, यस अवधिमा २१ ओटा बलात्कार प्रयास र २६ ओटा सामूहिक बलात्कारका घटनाहरू भए।

सिन्धुपाल्चोक जिल्लामा ११, नवलपरासीमा १०, मोरङ र बर्दियामा नौ/नौ, झापा, रूपन्देही र मकवानपुरमा सात/सात, कास्की र कपिलवस्तुमा छ/छ, उदयपुरमा पाँच, रुकुम र सुर्खेतमा चार/चार, सप्तरी, भोजपुर, बाँके, ललितपुर, सुनसरी, पाँचथर, कैलालीमा तीन/तीन, दैलेख, गुल्मी, सङ्खुवासभा, दाङ र रामेछापमा दुई/दुई, सर्लाही, डडेल्धुरा, धनुषा, चितवन, सोलुखुम्बु, धादिङ, गोरखा, धनकुटा, कालीकोट, काभ्रे, जुम्ला, काठमाडौँ, ओखलढुङ्गा, तनहुँ, तेह्रथुम, सिराहा, बैतडी र सल्यानमा भएका एक/एकओटा गरी १ सय ३४ ओटा घटना जानकारीमा आए।

### पीडित

प्राप्त घटनाका पीडितको प्रकृति हेर्दा बहुसङ्ख्यक पीडितहरू १६ वर्षमुनिका बालिका रहेका छन्। तथ्याङ्क अनुसार ८६ जना बालिकाहरूको बलात्कार र बलात्कारको प्रयास भएको छ। उदाहरणका लागि उदयपुर त्रियुगा नपा- ९, दमौतीकी ३३ महिनाकी बालिकाको भदौ ७ मा ४५ वर्षीय भोटेबुर्जा मगरबाट बलात्कार भयो। कैलाली गेरा गाविस-३, जित्लपुर कमैया शिविरकी ११ वर्षीया बालिकाको जेठ १४ गते बलात्कार भएका कारण जेठ १५ गते बिहान ६:३० बजे मृत्यु भयो। जमुनिया गाविस-३, नवलपरासीकी आठ वर्षीया बालिकालाई फागुन २८ गते २३ वर्षीय दिनेश यादव र २६ वर्षीय विजय गौणले सामूहिक बलात्कार गरेको घटनामा आरोपी दुवै पुर्पक्षका लागि थुनामा रहेको भए तापनि पीडक परिवारले उजुरी फिर्ता लिन दबाब दिँदै पीडित र पीडितकी आमालाई ज्यान मार्ने धम्की दिएपछि घरमा बस्न नसक्ने अवस्था भएकाले भदौ २३ गते घर छाडेर अन्यत्र बस्न बाध्य भएका छन्।

यस अवधिमा सात वर्षीय एक बालक र ३० जना बालिका गरी कूल ३१ जना १० वर्षमुनिका बालकालिकाको बलात्कार भयो। जसमा पाँचओटा घटनामा बलात्कारको प्रयास भएको थियो। ५४ ओटा घटनामा १० वर्षमाथि र १६ वर्षमुनिका ५५ जना बालिकामाथि बलात्कार र बलात्कारको प्रयासका घटना भयो। त्यसैगरी, ५० ओटा घटनामा ५१ जना १६ वर्षमाथिका महिलाको बलात्कार र बलात्कारको प्रयासका घटना भयो। जसमा ११ वर्षीया एक बालिकासहित चार जनाको हत्या भएको छ भने एक आठ वर्षीया बालिकाले गाँउ छोड्नु पऱ्यो।

तथ्याङ्कअनुसार चार जना अपाङ्ग महिलाको बलात्कार भयो। जसमा मानसिक रूपमा असक्त दुई जना र बोल्न नसक्ने दुई जना छन्। कपिलवस्तु नपा- २ की मानसिक सन्तुलन गुमाएकी १९ वर्षीया एक युवतीको सोही स्थानका २४ वर्षीय राधेश्याम कहार र १७ वर्षीय बल्ली पठानले धर्मशालाबाहिर सुतिरहेको अवस्थामा माघ १९ गते राती ११ बजे बलात्कार गरे। भुटानी शरणार्थी शिविरभित्र पनि बलात्कारको प्रयास भयो, जसमा खुदुनावारी शिविरकी ३२ वर्षीया महिलामाथि शिविरकै ४६ वर्षीया टीकाराम गिरीद्वारा पुस २७ गते बिहान ६:३० बजे बलात्कारको प्रयास भयो।

### पीडक

बलात्कारका घटनाहरू आफ्नै घरभित्र तथा घरबाहिर अर्थात् आफ्नै घरनजिक भएका छन्। यसले महिला तथा बालिकाहरू आफ्नै घरभित्र र घर वरपरका छिमेकीहरूबाट नै धेरै असुरक्षित रहेको घटनाको अध्ययनबाट पाइएको छ। उदाहरणका लागि पथरी गाविस-१, मोरङकी ४ वर्षीया बालिकालाई उसका बाबु सैनिक जवान चेतबहादुर श्रेष्ठले १५ दिनअगाडिदेखि बलात्कार गर्दै आएको पुस ३० गते सार्वजनिक भयो। रामपुर गाविस-३ की तीन वर्षीया बालिकालाई हजुरबुबा नाता पर्ने ७९ वर्षीय पहलबहादुर श्रेष्ठले असार २९ गते घरमा कोही नभएको बेलामा बलात्कार गरेका थिए।

तथ्याङ्कअनुसार, १ सय ३४ ओटा घटनामा १३ देखि ७९ वर्ष उमेर समूहका करिब १ सय ७८ जना पीडकहरूको प्रत्यक्ष संलग्नतामा भयो। यस अवधिमा प्राप्त घटनामध्ये सातओटा घटनामा सेना र प्रहरीको संलग्नता पाइएको छ। जसमा एक बलात्कार (सैनिक जवानद्वारा आफ्नै

...को) र तीन बलात्कारका प्रयास ...नाबाट भयो भने चारओटा घटनामा प्रहरीद्वारा बलात्कारको प्रयास भयो। गणेशचोक दैलेखकी आठ वर्षीया एक बालिकालाई माघ २८ गते कैलाली घर भई हाल दैलेखस्थित भवानी बक्स गणमा कार्यरत सैनिक जवानले बलात्कारको प्रयास गरेका थिए।

यस अवधिमा २६ ओटा सामूहिक बलात्कारका घटना भए, जसमा १६ वर्षमुनिका सात जना बालिका रहेका छन्। उदाहरणका लागि कास्की लेखनाथ नपा-१२ गगनगौडा की १३ वर्षीया बालिकालाई वैशाख १७ गते चार जनाले बलात्कार गरेका थिए। सुनवल गाविस-८ नवलपरासीकी ६३ वर्षीया एक वृद्धालाई राती साढे ११ बजे उनैको घरमा सुतिरहेको अवस्थामा हतियारसहित आएका अज्ञात व्यक्तिहरूले वैशाख १८ गते बलात्कार गरेका थिए। यसरी सामूहिक रूपमा बलात्कार हुनेमा आठ वर्षका नाबालिकादेखि ६३ वर्षीया वृद्धासम्म रहेका छन्।

बलात्कारजस्तो गम्भीर अपराधमा संलग्न व्यक्तिहरूको प्रकृतिलाई विश्लेषण गर्दा १६ वर्षमुनिका बालक पनि प्रत्यक्ष रूपमा तीनओटा बलात्कारका घटनामा संलग्न भएको पाइएको छ। सिन्धुपाल्चोक जिल्ला सागाचोक गाविस-४ का १३ वर्षीय एक बालकले सोही गाविस-८ की एक नौ वर्षीया बालिकाको बलात्कार असोज ५ गते गरे भने सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-१० का १५ वर्षीय बालकले सोही स्थानमा बस्ने एकै घरका १० वर्षीया बालिका र ७ वर्षीया बालिकालाई असोज १७ गते बलात्कार गरेका थिए।

बलात्कारका घटनाका पीडकहरू विशेष गरेर आफ्नै नाताभित्रका व्यक्तिहरू बाबु, हजुरबुवा, ससुरा, देवर तथा छिमेकी, शिक्षकहरू एवम् सुरक्षाकर्मी रहेका छन्। यसै अवधिमा भारपा गाविस-२ पाँचथर का २६ वर्षीया महिलाको सोही ठाँउमा बस्ने वाईसीएल कार्यकर्ता दुर्गा घिमिरेले कात्तिक ९ मा बलात्कार गरे।

**न्याय**

नेपालको फौजदारी न्याय प्रणालीमा भएका कमजोरीका कारण लैङ्गिक हिंसाका प्राय:जसो पीडकहरू उम्कने गर्छन्। प्रहरी प्रतिवेदनको अभावमा चिकित्सकले जाँच गर्न इन्कार गरेको, चिकित्सकको प्रतिवेदनको अभावमा प्रहरीले प्रारम्भिक सूचना प्रतिवेदन दर्ता गर्न इन्कार गरेको, पीडित र पीडित परिवारलाई उजुरी फिर्ता लिन दबाब दिनेलगायतका कारणले गर्दा लैङ्गिक हिंसाका पीडितहरूले गम्भीर समस्या भोग्नुपरेको छ। उदाहरणका लागि उजुरी दर्ता गर्न लाग्ने दस्तुर दाखिला गर्न नसक्नाले मोरङ इलाका प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेको घटना पनि प्रकाशमा आएको छ। बलात्कारका धेरैजसो घटनामा अनुसन्धान प्रक्रिया सशक्त देखिँदैन। बलात्कारबाट पीडितहरूलाई उपचार तथा जाँचका लागि अस्पताल लगिए पनि उचित स्रोत र साधनको अभावमा बलात्कारका घटना भएको हो भन्ने प्रमाणित गर्न अस्पताल असक्षम देखिएको छ।

न्यायको खोजी गर्दै अगाडि बढ्ने महिलाले अप्ठ्यारो परिस्थितबाट गुज्रिन पर्ने अवस्था रहेको छ। केही घटनाहरूमा बलात्कारको अभियोग स्वीकार नगरिए तापनि प्राय:जसो घटनाहरू औपचारिक न्याय संयन्त्रको प्रयोग नगरी समुदायस्तरमा नै सुल्झाउने चलन रहेको छ। प्रहरीद्वारा अपराधीलाई सजाय गराउनेतर्फ भन्दा मिलापत्र गराउन बढी प्रोत्साहन गर्ने भएकाले पनि उपचार प्राप्त गर्ने सन्दर्भमा लैङ्गिक हिंसाका पीडितहरू ठूलो सङ्ख्यामा असफल हुने गरेको पाइन्छ। यसरी समुदायमा हुने मिलापत्रले गर्दा पीडित पक्षलाई न्यून आर्थिक क्षतिपूर्ति दिलाई पीडक उम्कने गरेका छन्। भोजपुर देउराली गाविस-५ की १७ वर्षीया किशोरीलाई भदौ २६ मा सामूहिक बलात्कार गर्ने सुरेश कार्की र भूपाल कार्कीविरुद्ध प्रहरीले कानुनी कारबाही नगरी पीडित पक्षलाई ५० हजार रुपियाँ दिन लगाई रिहा गरे। रामपुर गाविस रामेछापकी तीन वर्षीया बालिकालाई बलात्कार गर्ने ७९ वर्षीय (को ?) माथि कानुनी कारबाही नगरी ९० हजार रुपियाँ दिन लगाएर घटना सामसुम पारियो। असार ३० गते इलाका प्रहरी कार्यालय मोरङले दर्ता शुल्क २ हजार २ सय रुपियाँ लाग्छ भनी कदमहा गाविस-३ की ३५ वर्षीया बलात्कारपीडितको उजुरी दर्ता गर्न मानेन।

उजुरी लिए तापनि प्रहरी प्रशासनले पीडकलाई गिरफ्तार गर्न पहल गरेको छैन। त्यस्तै कतिपय घटनामा सूचना सम्प्रेषण गरेकामा बलात्कारपीडितलाई प्रहरीले धम्की दिने गरेको छ। वामीटक्सार गाविस-१, गुल्मीकी १२ वर्षीया बालिकालाई सोही गाविसका २६ वर्षीय राज रानाले साउन १८ गते घरनजिकै मकैबारीमा बलात्कार गरेको घटनाको सूचना सम्प्रेषण गरेको भन्दै वामी प्रहरीचौकीमा असई मोहनबहादुर धर्तीले पीडित पक्षलाई धम्की दिए।

केही घटनामा भने कारबाहीको प्रक्रिया अगाडि बढाई सजायसमेत गरिएको छ। माघ १ गते ९ वर्षीया बालिकालाई बलात्कार गर्ने ४४ वर्षीय साने दर्जीलाई असार २७ मा भोजपुर जिल्ला अदालतले मुलुकी ऐन जबरजस्ती करणीको महल नं. ३ अनुसार आठ वर्ष कैद र नं. १० अनुसार १० हजार रुपियाँ क्षतिपूर्तिको आदेश दियो।

यस्ता आपराधिक घटनामा संलग्न अधिकांश पीडकलाई प्रहरीले कारबाही प्रक्रिया अगाडि बढाएको पाइए पनि अनुसन्धान तथा न्यायप्रणालीमा देखिएको ढिलासुस्तीले पीडितले उचित न्याय पाउन सकेको देखिँदैन। अधिकांश घटनामा कारबाही प्रक्रिया अगाडि बढाइए पनि माथि उल्लिखितमध्ये जम्मा एक जनाले मात्र जेलसजाय पाएको देखिएको छ।

**विद्यमान कानुन**

प्रभावकारी कानुनी संरक्षण संयन्त्रको अभावले गर्दा लैङ्गिक हिंसा... घटना बढ्न गएका छ... बलात्कारपीडितको संरक्षणका ...र्ला... कानुनी संरचनामा उल्लेखनीय परिमार्जन र सुधार गर्न आवश्यक छ। मुलुकी ऐनको एघारौँ संशोधनले जबरजस्ती करणीको महलमा पनि संशोधन गरी पीडितको उमेर अनुसार पाँचदेखि १५ वर्ष कैद सजायको हद बढाएको छ। पहिले तीनदेखि १० वर्षको हद तोकिएको थियो। वर्तमान प्रावधानअनुसार सामूहिक बलात्कार,

गर्भवती महिला र अपाङ्ग भएका महिलालाई बलात्कार गरेमा थप पाँच वर्ष कैद सजाय हुने व्यवस्था गरी संशोधन गरेको भए तापनि यसले बलात्कारको अपूर्ण र ज्यादै सङ्कीर्ण परिभाषा गरेको छ। शान्ति प्रक्रियामा महिलाको सहभागिता र भूमिका सुनिश्चत गर्ने र महिलाको मानवअधिकार संरक्षण गर्ने विषयमा भएका महत्वपूर्ण निणर्यहरू र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विस्तृत परिभाषा गरिनु आवश्यक छ। त्यसैगरी, मुद्दाको कारबाहीका क्रममा यसले अन्तरिम राहतका बारेमा पनि कुनै व्यवस्था थप गरेको छैन।

घरेलु हिंसासम्बन्धी मस्यौदा विधेयकले लैङ्गिक हिंसालगायतका विभिन्न प्रकारका घरेलु हिंसाका बारेमा सम्बोधन गर्न चुकेको छ। मस्यौदाको प्रस्तावना र यसमा गरिएको परिभाषा परिमार्जन गर्न आवश्यक छ। किनभने, यसले हिंसाको क्षेत्रलाई सङ्कीर्ण रूपमा व्याख्या गरेको छ। यौन दुर्व्यवहार, बलात्कार, कुटपिट, हत्या, आगो लगाउनु, दैनिक घर व्यवहारमा भेदभाव गर्नु, संस्कार र परम्पराको नाउँमा अधिकारबाट वञ्चित गर्नु/गराउनु आदि महिला तथा बालिकाविरुद्धका हिंसा नै महिलाविरुद्धका हिंसा हुन् भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले बलात्कार र अन्य स्वरूपका यौन हिंसा मानवताविरुद्धको अपराधका कार्य हुने कुरालाई स्पष्ट पहिचान गरेको छ।

अन्तरिम संविधानको धारा २० अनुसार कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ। विस्तृत शान्ति सम्झौतामा महिला मानवअधिकारको संरक्षणका लागि विशेष प्रक्रियाद्वारा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसालाई रोक्ने प्रतिबद्धता व्यक्त गरिएको छ। अपराधको परिभाषा र पीडितको संरक्षणका लागि आवश्यक कार्यविधिसम्बन्धी कानुनी संरचनाहरू मानवअधिकारसँग मेल खाने हुनुपर्छ। बलात्कारपीडितलाई उचित र व्यापक संरक्षण प्रदान गर्ने कानुनमा लङ्गैगिक हिंसालाई अन्त्य गर्नुका साथै सामान्य रूपमा महिलाअधिकारको सुधार गर्ने महत्वपूर्ण कदम अघि सार्नु आवश्यक छ।

लैङ्गिक हिंसा महिलाविरुद्ध हुने भेदभावको प्रकारमध्ये एक हो र नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत पनि यसलाई निषेध गरिएको छ। विशेष गरेर महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २ अनुसार 'सन्धिको पक्ष राष्ट्र महिलाविरुद्ध हुने सबै भेदभावको भर्त्सना गर्छन् र महिलाविरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन गर्ने नीति अविलम्ब अपनाउन मञ्जुर गर्छन्।' महिलाविरुद्धको हिंसाको अन्त्य गर्नका लागि उल्लिखित प्रावधानलाई नेपालले राष्ट्रिय कानुनमा समायोजन गर्नुपर्छ।

**निष्कर्ष**

लैङ्गिक हिंसाका कारण महिला तथा बालिकाहरूको जीवनमा असर गरेको तथ्याङ्कले देखाउँछ। ३३ महिनाकी बालिकादेखि ६३ वर्षीया वृद्धा अनि मानसिक तथा शारीरिक रूपमा अपाङ्ग भएका महिलाहरू पनि बलात्कारको पीडा भोग्न बाध्य भए। लङ्गैगिक न्याय स्थापित गरी महिला तथा बालबालिकाविरुद्ध हुने हिंसाको अन्त्य सुनिश्चत गर्ने कदम चाल्नु आवश्यक छ। सरकारद्वारा महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्ने कानुन, नीति तथा कार्यक्रम बनाएको भए तापनि लैङ्गिक हिंसालाई पर्याप्त सम्बोधन भने गर्न सकेको छैन।

नेपालका सन्दर्भमा महिलाविरुद्धको हिंसालाई सम्बोधन गर्न कानुनी समस्याको रूपमा मात्र नभई सामाजिक र मनोवैज्ञानिक समस्याका रूपमा पनि हेरिनु आवश्यक छ। त्यसकारणले गर्दा सामाजिक प्रणालीका साथै महिलाप्रति पुरुषको दृष्टिकोण र व्यवहारमा पनि सकारात्मक परिवर्तन ल्याउन आवश्यक छ। सामाजिक विकृतिका रूपमा बढ्दै गएको लैङ्गिक हिंसाका घटनालाई नियन्त्रण गर्न कानुनमा व्यवस्था गरिएको सजायले मात्र सक्दैन। यसका लागि नागरिक सचेत हुनु जरुरी छ। समाजका व्याप्त हिंसाको अनुगमन गर्न र कानुनको प्रभावकारी कार्यान्वयनका लागि सरकारले गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्छ।

कुनै पनि प्रजातान्त्रिक समाजको विकासका लागि लैङ्गिक समानता र समान सहभागिताको सिद्धान्तको अनुसरण महत्वपूर्ण भएजस्तै सम्मानित भएर बाँच्ने अवस्थाको सुनिश्चित गरिनुपर्छ। सामाजिक विकृति र जघन्य अपराधको रूपमा रहेको बलात्कारजस्तो मानवताविरोधी अपराध नियन्त्रण गर्न सरकारले निम्नलिखित कार्य गर्नु आवश्यक छ :

- महिलाविरुद्धको घरेलु हिंसासम्बन्धी विधेयक पूर्ण मस्यौदा गरी महिलाविरुद्धको हिंसाका साथै लैङ्गिक हिंसाको विस्तृत परिभाषा गरी पारित गर्ने।
- बलात्कारका घटनालाई मिलापत्र गर्न उक्साउने, दबाब दिने, लोभलालचमा पार्ने र पार्न लगाउने व्यक्तिहरूलगायत अनुसन्धानमा लापरबाही देखाउने सम्बन्धित अधिकारीलाई कारबाहीको दायरामा ल्याउने।
- महिला हिंसाविरुद्ध कानुनी संचेतना कार्यक्रम गाउँगाउँमा पुऱ्याउने, प्रत्येक जिल्ला प्रहरी कार्यालय वा इलाका प्रहरी कार्यालयमा महिला सेलको व्यवस्था गर्ने, मावि र उच्चमावि तहका पाठ्यक्रममा महिला हिंसाविरुद्ध अभियान सम्बन्धमा पाठ्यसामग्री समावेश गर्ने।
- महिलाविरुद्धको हिंसाका घटना हेर्न प्रत्येक जिल्लामा पारिवारिक अदालतको स्थापना गर्ने।
- बलात्कारका पीडकलाई कारबाही गर्न गम्भीर प्रकृतिको सजाय भएको सशक्त कानुन बनाइ लागू गर्ने।
- बलात्कारपीडितलाई मर्यादित जीवन निर्वाह गर्नसक्ने वातावरणको सिर्जना गर्ने।
- पूर्ण कार्यदिशासहित महिला आयोगलाई अधिकारसम्पन्न र प्रभावकारी बनाउने।













# इन्सेकका केही प्रकाशनहरु















# www.inseconline.org

# नेपालको पहिलो

# मानवअधिकार समाचार अनलाइन




# नेपाली र अङ्ग्रेजी भाषामा

**मानवअधिकारसम्बन्धी विविध समाचारहरु समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।**